सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ वैशाख २०८०, आइतबार (16 April 2023, Sunday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

काठमाडौं उपत्यकामा ट्राफिक जामले वार्षिक एक खर्ब १६ अर्ब ४९ करोड आर्थिक क्षति

जामका कारण इन्धन खपत बढ्ने मात्रै होइन, सवारीसाधनको आयु घट्नेदेखि ट्राफिक व्यवस्थापनसम्ममा अतिरिक्त खर्च

- उपत्यकामा धेरै जाम हुने काठमाडौंको कोटेश्वर, थापाथली, रत्नपार्क, माइतीघर, सुन्धारा, चाबहिल, कलंकी, त्रिपुरेश्वर, नयाँ बसपार्क, ललितपुरको एकान्तकुना, लगनखेल, सातदोबाटो तथा भक्तपुरको जगातीलगायतका सडक क्षेत्रको अध्ययन गरेर तयार गरिएको प्रतिवेदन खरिद गरेर रणनीति बनाउँदै काठमाडौं महानगर



पाँच मिनेट सडक अवरोध हुँदा एक घन्टा जाम पर्छ

- **सीताराम हाछेथु,** पूर्वट्राफिक प्रहरी निरीक्षक

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं उपत्यकामा सडक जामकै कारण बर्सेनि एक खर्ब १६ अर्ब ४९ करोड आर्थिक क्षति हुने गरेको छ। जामको समयमा हुने इन्धन खपत, सवारीसाधनको भारले सडक बिग्रिँदा गर्नुपर्ने मर्मत लागत, ट्राफिक व्यवस्थापन खर्च, वायु तथा ध्वनि प्रदूषण, सवारीसाधनको इन्जिनमा पर्ने भार, चालक र यात्रुको स्वास्थ्यमा पर्ने समस्या, दुर्घटनाजस्ता कारणलाई आधार मानेर क्षतिको यो हिसाब निस्किएको हो।

शेरजंगबहादुर चन्द नेतृत्वको प्राविधिक टोलीले २०१९ नोभेम्बरदेखि २०२० मेसम्म ६ महिना लगाएर यसबारे अध्ययन गरेको थियो। उपत्यकामा खास जाम हुने काठमाडौंको कोटेश्वर, थापाथली, रत्नपार्क, माइतीघर, सुन्धारा, चाबहिल, कलंकी, त्रिपुरेश्वर, नयाँ बसपार्क, ललितपुरको एकान्तकुना, लगनखेल, सातदोबाटो तथा भक्तपुरको जगातीलगायत सडक क्षेत्रमा पुगेर अध्ययन गरेको थियो। अध्ययनमा डा. कृष्णभक्त दुवाल र डा. अरुण कुँवर तथा इन्जिनियरिङ अध्ययनरत १५ विद्यार्थी सहभागी थिए।

काठमाडौं महानगरपालिकाले यो प्रतिवेदन अमेजन डटकमबाट खरिद गरेर ट्राफिक व्यवस्थापनको रणनीति बनाउँदै छ। 'अध्ययनलाई विश्वसनीय ठानेर ट्राफिक व्यवस्थापनका लागि आधार मानेका छौं, यसमा मेयरसाबले पनि विशेष चासो दिनुभएको छ,' महानगरका ट्राफिक

» पृष्ठ २ मा क्रमशः





सरकारलाई जागरुक गराउन अध्ययन गरेका हौं

- **शेरजंगबहादुर चन्द,** अध्ययनकर्ता

नेपालमा ट्राफिक समस्या पहिलेदेखिकै हो। यसमा कसैले पनि अध्ययन गरेको देखेनौं। अरू देशमा यसबारे धेरै अध्ययन भएका छन्, तर हामीकहाँ अध्ययन भएको थिएन। यसले देशको अर्थतन्त्रमा पनि असर पारिरहेको छ। नीति निर्माण तह अर्थात् सरकारलाई सचेत, जिम्मेवार र जागरुक गराउन हामीले यो अध्ययन गरेका हौं।



सडक जामले नदेखिने गरी ठूलो क्षति भइरहेको हुन्छ

- **आशिष गजुरेल,** यातायात तथा पूर्वाधारविद्

विदेशी मुलुकका कुनै मानिस केही समय जाममा पऱ्यो भने खर्च भएको त्यो समयलाई मूल्यसँग जोडिन्छ। तर, हामीकहाँ सवारीसाधन जाममा पर्दा भएको क्षति र समस्याबारे सरकारले खासै चासो राख्दैन। वास्तवमा सडकमा सवारी जाम र अवरोधका कारण नदेखिने गरी ठूलो क्षति भइरहेको हुन्छ। त्यो क्षति राज्यले भन्दा नागरिकले भोगेका छन्। यदि राज्यको क्षति भएको भए राज्यले थाहा पाउने थियो। तर, आमनागरिकले भोगेको सास्ती र समस्याबारे राज्यले चासो दिएको छैन। जामका कारण आमसर्वसाधारणले ठूलो मार खेप्नुपरेको छ। यो बेहिसाब छ।

■ ट्राफिक जाम हुँदा वार्षिक केमा कति क्षति ?

ढिलाइ : नौ अर्ब ८२ लाख २० हजार ४४०

सडक जाममा परेर सवारीचालक र त्यसमा सवार यात्रुको काम बिग्रिँदा भएको आर्थिक घाटालाई ढिलाइबाट हुने क्षति शीर्षकमा मूल्यांकन गरिएको छ। यस्तो ढिलाइले वार्षिक नौ अर्ब ८२ लाख २० हजार चार सय ४० रुपैयाँ आर्थिक क्षति हुने गरेको अध्ययनको हिसाब छ। कोही मानिस महत्त्वपूर्ण काममा समयमै पुग्नुपर्ने थियो, तर सवारी जामका कारण पुग्न सकेन भने त्यसबापत उसलाई पुग्ने घाटाको हिसाब हो यो। त्यस्तै, सवारीसाधन ढिलो गुड्दा त्यसको घर्षण पनि बढी हुने भएकाले सवारीसाधनमा क्षति पुग्छ।

इन्धन : २ अर्ब ८२ करोड ७८ लाख २६ हजार ५५०

सवारीसाधन कम गतिमा गुड्दा सम्बन्धित ठाउँमा पुग्ने समय लम्बिन्छ र त्यसले इन्धन खपत बढाउँछ। जाममा परेका बेला पनि अधिकांशले सवारीसाधन स्टार्ट गरिरहेकै हुन्छन्। अगाडि बढ्न सवारीसाधनलाई कहिले दायाँ त कहिले बायाँ मोड्दा पनि इन्धनको अनावश्यक खर्च भइरहेको हुन्छ। जामका कारण इन्धनमा वार्षिक दुई अर्ब ८२ करोड ७८ लाख २६ हजार पाँच सय ५० रुपैयाँ खर्च हुने अध्ययनको निष्कर्ष छ।

सवारीसाधनको मूल्य ह्रास : ३३ अर्ब १८ करोड ८१ लाख

जाममा फस्दा उपत्यकाभित्र वार्षिक ३३ अर्ब १८ करोड ८१ लाख ५२ हजार रुपैयाँबराबर सवारीसाधनको मूल्य ह्रास खर्च निस्किने अध्ययनमा देखिएको छ। जामका क्रममा बिस्तारै गुडाउँदा सवारीसाधनमा भार बढी पर्छ। त्यसले इन्जिन र पार्टपुर्जामा समस्या देखिन्छ। जसले सवारीसाधनको मूल्य ह्रास हुन्छ।

प्रदूषण : ७० अर्ब ५० करोड ७० लाख

सवारीसाधन गुड्दाभन्दा जाममा परेको बेला बढी प्रदूषण हुने अध्ययनले देखाएको छ। अध्ययनअनुसार सडकमा जाम पर्दा वा सवारी नगुड्दा सवारीसाधनले बढी धुवाँ तथा प्रदूषण फ्याँकने गर्छ। जाममा परेको बेला अधिकांश सवारीसाधनको स्टार्ट बन्द नहुँदा त्यसले प्रदूषण फैलाउँछ भने तापक्रम बढाउँछ। होहल्लाका कारण ध्वनि प्रदूषण हुन्छ। प्रदूषणले मानव स्वास्थ्यमा असर पुऱ्याउँछ। यस्ता कारणले वार्षिक ७० अर्ब ५० करोड ७० लाख ५० हजार रुपैयाँबराबरको आर्थिक क्षति हुने गरेको अध्ययनको निष्कर्ष छ।

ट्राफिक व्यवस्थापन : १९ करोड एक लाख

सडकमा सवारी जाम हुँदा ट्राफिक व्यवस्थापनमा वैकल्पिक सडक अपनाउनेदेखि अतिरिक्त ट्राफिक प्रहरी तत्काल खटाउनेसम्मका काम गर्नुपर्छ। वैकल्पिक सडक प्रयोग गर्नेक्रममा साँघुरा सडकमा ठाउँ-ठाउँमा प्रहरी कटाउनुपर्छ। यसले अतिरिक्त आर्थिक भार पर्न आउँछ। यस्तो खर्च वार्षिक १९ करोड एक लाख ९३ हजार तीन सय ६० हुन आउने अध्ययनले देखाएको छ।

सडक मर्मत : ३५ करोड ९७ लाख

सडकको पनि भारवहन क्षमता र आयु हुन्छ। सडकको भारवहन क्षमताभन्दा धेरै सवारीसाधन एकै समय एकै ठाउँमा रहँदा सडक र पुल जीर्ण बन्ने, सडक धसिने, कालोपत्रमा बढी घर्षण पर्नेजस्ता समस्या हुन्छन्। यही कारण गर्नुपर्ने सडक मर्मतमा वार्षिक ३५ करोड ९७ लाख ४४ हजार खर्च हुने अध्ययनको निष्कर्ष छ।

दुर्घटना खर्च : १२ करोड २१ लाख

सडक जाम हुँदा वा रोकिँदा कोही बिरामीको सडकमै ज्यान जाने गर्छ। जाममा बस्दा सवारी हुत्तिने, इन्जिन बिग्रिनेजस्ता कारणले पनि दुर्घटना हुन्छ। यस्ता दुर्घटनामा अतिरिक्त खर्चको भार पर्न जान्छ। यो शीर्षकमा वार्षिक १२ करोड २१ लाख खर्च हुने अध्ययनले देखाएको छ।

■ सिन्दुर खेलेर 'सुथसिया' जात्रा



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

मध्यपुर थिमिका बासिन्दाले सुथसिया अर्थात् बिहानीको जात्रा हर्षोल्लासपूर्वक मनाएका छन्। जात्रामा उपस्थित हजारौंको भिडले टाउको, अनुहार र शरीर अबिरले रंग्याएर जात्रा मनाएका छन्। बिस्केट जात्राका अवसरमा मध्यपुर थिमिका बासिन्दाले शनिबार बिहानैदेखि टोल-टोलका देवता विराजमान खट जात्रा गरी बालकुमारी मन्दिर प्रांगणमा २६ देवी-देवता विराजमान खटलाई ल्याएर मन्दिरको परिक्रमा गराई धिमे, मुस्या बाजाको तालमा नाच्दै, अबिर छर्कँदै हर्षोल्लासका साथ सिन्दुर खेलेर सुथसिया जात्रा मनाएका हुन्।

आठौंपटक विस्तार हुँदै मन्त्रिपरिषद्



एनपी साउद

परराष्ट्रमन्त्रीमा कांग्रेस नेता एनपी साउदले आज शपथ लिँदै

शेखर-गगन समूह र जसपाबाट उपनिर्वाचनपछि

- **हरिबोल गजुरेल,** प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार

कांग्रेसबाट परराष्ट्रमन्त्रीमा एनपी साउदको शपथ हुने तय भएको हो। ३ बजे राष्ट्रपति कार्यालयमा शपथको कार्यक्रम छ। यसबाहेक कांग्रेसबाट बाँकी र जसपाबाट नाम आएको छैन, आइतबार थप हुन पनि सक्छ। दलहरूले नाम पठाएपछि मन्त्रिपरिषद्ले छिट्टै पूर्णता पाउनेछ।

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आइतबार आठौंपटक मन्त्रिपरिषद् विस्तार गर्दै छन्। कांग्रेस संस्थापन समूहले एक मन्त्रीको नाम पठाउने तय भएपछि प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद् विस्तारको तयारी गरेका हुन्।

कांग्रेस सभापति शेरबहादुर देउवाले आफ्नो समूहबाट एनपी साउदलाई परराष्ट्रमन्त्रीका रूपमा सरकारमा सहभागी गराउन लागेका हुन्। कांग्रेस सभापति शेरबहादुर देउवाले शनिबार प्रधानमन्त्रीलाई साउदको नाम बुझाएका हुन्।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार हरिबोल गजुरेलका अनुसार आइतबार ३ बजे साउदको शपथको तयारी छ। उनले साउदबाहेक कांग्रेसबाट अरू नाम र अन्य दलबाट भने नाम नआएको बताए। 'कांग्रेसबाट परराष्ट्रमन्त्रीमा एनपी साउदको शपथ हुने तय भएको हो। ३ बजे राष्ट्रपति कार्यालयमा

» पृष्ठ २ मा क्रमशः

■ चालू अधिवेशनको बिजनेसमा दुई सदन

राष्ट्रिय सभाले सात विधेयक पारित गऱ्यो, प्रतिनिधिसभा शून्य



प्रतिनिधिसभा

तीनवटा विधेयक पेस भए पनि प्रक्रिया अगाडि बढेको छैन। सदन पदाधिकारी चयन, विश्वासको मत र नियमावली निर्माणमा धेरै समय अल्झियो।

अब समिति बनेपछि विधेयक पास हुन्छन्

- **गोपालनाथ योगी,** सचिव, प्रतिनिधिसभा



राष्ट्रिय सभाबाट पारित भई सन्देशसहित आएका सातसहित प्रतिनिधिसभामा १० विधेयक विचाराधीन छ। नियमावली भर्खरै पारित भयो। कतिपय विधेयक विषयगत समितिमा पठाउनुपर्ने होला। विषयगत समिति गठनको प्रक्रिया अघि बढेको छ। सभामुखले नामावली मान्नुभएको छ। समिति गठन नभइसकेका कारण पनि विधेयक पारित गर्न समय लाग्यो।

राष्ट्रिय सभा

सातवटा विधेयक पारित गरेर सन्देशसहित प्रतिनिधिसभामा पठाएको छ। समितिको प्रतिवेदन सहित थप तीनवटा विधेयक पारित हुने चरणमा छ।

समितिबाट टुंगेकाले विधेयक पास गर्न सजिलो भयो

- **राजेन्द्र फुँयाल,** सचिव, राष्ट्रिय सभा



राष्ट्रिय सभा स्थायी प्रकृतिको सभा हो। समिति प्रणालीलाई संस्थागत गरेका छौं। कुनै पनि विधेयक आएपछि समितिमा जाने र प्रक्रिया पार गरेर समयमा काम सक्ने अभ्यास स्थापित छ। अहिले पारित भएका विधेयक विगतमा समितिले सरोकारवालासँग छलफल गरी प्रतिवेदन बनाएको विषय भएकाले सभाबाट टुंग्याउन सजिलो भएको हो।

कमलराज भट्ट/नयाँ पत्रिका

चालू अधिवेशनमा विधेयक पास गर्ने मामलामा प्रतिनिधिसभाभन्दा राष्ट्रिय सभा अगाडि देखिएको छ। हिउँदे अधिवेशन अन्तिमतिर आइपुग्दा दुई सभाको नतिजा तुलना गर्ने हो भने राष्ट्रिय सभा कानुन निर्माणमा धेरै अगाडि छ।

२५ पुसबाट हिउँदे अधिवेशन प्रारम्भ भएको तीन महिना बित्दा प्रतिनिधिसभाले एउटा पनि कानुन बनाउन सकेको छैन। तीनवटा विधेयक पेस भए पनि प्रक्रिया अगाडि बढेको छैन। अर्कोतिर राष्ट्रिय सभाले उही समयमा सातवटा विधेयक पारित गरेर सन्देशसहित प्रतिनिधिसभामा पठाएको छ। समितिको प्रतिवेदनसहित थप तीनवटा विधेयक पारित हुने चरणमा छ।

प्रतिनिधिसभाको बिजनेस प्रगतिप्रति सांसदहरूकै असन्तुष्टि देखिन थालेको छ। 'पहिलो बैठक बसेको ९१ दिन बित्यो। यसबीचमा २१ वटा मात्र बैठक बस्यो। २१ दिनमा उपलब्धि के भयो ? एउटा ऐन निर्माण गर्न सकिरहेका छैनौं। विधेयकहरू सदनमा पेस भए, सैद्धान्तिक छलफल भयो। तर विषयगत समिति बनाएर प्रक्रियामा लैजान सकेका छैनौं वा चाहेका छैनौं ?' एमाले प्रमुख सचेतक पदम गिरीले सदनमै प्रश्न गरे।

प्रतिनिधिसभामा सांसदहरूले कामभन्दा कुरो बढी भएको, मुख्य काम कानुन निर्माणमा केन्द्रित हुन नसकेको, सरकारले बिजनेस नदिएको गुनासो गरिरहँदा परिणाममा भने राष्ट्रिय सभाले उछिनेर अघि बढिरहेको छ। 'जनताले ठूलो विश्वास र भरोसाका साथ निर्वाचित गरेर पठाए। तर, काठमाडौंका गल्लीमा भौंतारिँदै हिँडिरहनुपरेको छ।

» पृष्ठ २ मा क्रमशः

निजी छाडेर सामुदायिक विद्यालयमा

६ देखि ९ कक्षासम्मका लागि २४० कोटा तोकिएकोमा दुई गुणाभन्दा बढी ५१७ विद्यार्थीले प्रवेश परीक्षा दिएपछि झापाको हिमालय माविमा कोटा थपेर ४१० पुऱ्याइयो

झापामा **चिरञ्जीवी घिमिरे**

अंग्रेजी माध्यमबाट पठनपाठन सुरु गर्ने दमकको पहिलो सामुदायिक विद्यालय हो, हिमालय। झापाकै अब्बल हिमालय माविमा पढ्न निजी छाडेर विद्यार्थी आउँछन्।

नयाँ शैक्षिक सत्रका लागि विद्यालयले कक्षा ६ देखि ९ सम्म तय गरेको कोटा बढाएर भर्ना लिएको छ। विद्यालयले दुई सय ४० कोटा तय गरेर सोमबार प्रवेश परीक्षा लिएको थियो। तर, पाँच सय १७ विद्यार्थीले भर्नाका लागि प्रवेश परीक्षा दिएपछि कोटा थप गरेर चार सय १० जना पुऱ्याएको छ।

'धेरै विद्यार्थीले प्रवेश परीक्षा दिएपछि हामी दबाबमा पर्‍यौं। अब तीनजना शिक्षक थपेर पुरानो भवनमा पनि कक्षा सञ्चालन गर्छौं,' प्रधानाध्यापक द्रोणबहादुर श्रेष्ठले भने।

विगतमा कक्षा नौ मा ६ वटा सेक्सन थियो। अब दुईवटा बढाएर आठवटा पुऱ्याइने उनले बताए। प्रअ श्रेष्ठका अनुसार कक्षा ९ मा भर्नाका लागि बढी चाप हुने गर्छ। यसपटक कक्षा ९ मा ५० जना नयाँ विद्यार्थीको भर्ना लिने योजना थियो। तर, दुई सय ३२ जना

» पृष्ठ २ मा क्रमशः



दमक- २ स्थित हिमालय माध्यमिक विद्यालय

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सांसद श्रेष्ठमाथि रास्वपाको कारबाहीको वैधानिकता हेर्दै संसद् सचिवालय

जान सक्छ सचिवालयको निर्णय अदालतमा

कमलराज भट्ट/नयाँ पत्रिका

सांसद डा. ढाकाकुमार श्रेष्ठलाई प्रतिनिधिसभा सदस्य पदबाट निष्कासन गर्ने राष्ट्रिय स्वतन्त्र पार्टीको निर्णयलाई संघीय संसद् सचिवालयले अध्ययन गरिरहेको छ। तर, संसद् सचिवालयको निर्णय अदालतसम्म पुग्ने सम्भावना देखिएको छ।

रास्वपाले बुधबार श्रेष्ठलाई पार्टीको साधारण सदस्यसहित सांसद नरहने गरी निष्कासन गर्दै उनको ठाउँमा विन्दवासिनी कंसाकारको नाम निर्वाचन आयोगमा सिफारिस गर्ने निर्णय गरेको थियो। मन्त्री बन्न भनेर मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग दुई करोड मागेको अडियो सार्वजनिक भएपछि रास्वपाले श्रेष्ठसँग स्पष्टीकरण सोधेको थियो। आन्तरिक छानबिनमा श्रेष्ठ दोषी देखिएपछि रास्वपाले उनीमाथि कारबाहीको डन्डा चलाएको थियो।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले रास्वपा संसदीय दलबाट आएको पत्रमाथि कानुनी प्रक्रिया, ऐनले तोकेको विधि र आवश्यक कागजात पुगे-नपुगेको अध्ययन भइरहेको बताए। 'स्पष्टीकरण सोधेको छ कि छैन, सफाइको मौका दिएको छ कि छैन, सबै दस्तावेज पेस गरेको छ कि छैन भन्ने कानुनबमोजिमको सामान्य प्रक्रिया हेरेर सभामुखज्यूकोमा पेस गरिदिने हो,' उनले भने।

उनका अनुसार निर्णयको वैधानिकताका सम्बन्धमा आइतबार रास्वपाका प्रमुख सचेतकसँग छलफल तयारी छ। दलले पठाएको पत्रमाथि निर्णय गर्न सभामुखलाई कानुनले १५ दिनको समय दिएको छ। संसद् सचिवालयका एक पदाधिकारी भन्छन्, 'दलीय व्यवस्थामा दलले निर्णय गरेपछि इफ, बट भन्ने के रहन्छन् र ? निष्कासनमा प्रक्रिया मिलाएरै ल्याएको देखिन्छ। प्रक्रिया विस्तृत रूपमा हेर्दै छौं। नपुगेको भए मिलाएर ल्याऊ भन्ने ठाउँ पनि छ। निर्णयमा पुग्न एक-दुई दिन लाग्ला।'

रास्वपाका महामन्त्री मुकुल ढकालले भने वैधानिक प्रक्रियाबाट केन्द्रीय समितिले अडियो रेकर्ड प्रकरणमा पार्टी विधानको धारा ५६ (४) बमोजिम डा. श्रेष्ठको पार्टीको साधारण सदस्यता खारेजी गरिएको र निर्णयअनुसार सांसद पद खारेज प्रक्रिया अगाडि बढाइएको दाबी गरेका छन्। अडियो रेकर्ड प्रकरणमा पार्टीको केन्द्रीय अनुशासन तथा आचरण समितिले छानबिन गर्दा संलग्नता देखिएकाले कारबाही गरिएको उनको भनाइ छ।

संसदीय दलका नेता डिपी अर्याललेे श्रेष्ठको सांसद पद रिक्त गरी कानुनबमोजिम पदपूर्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन बिहीबार संसद् सचिवालयलाई पत्र लेखेका थिए। 'श्रेष्ठलाई केन्द्रीय समितिले पार्टी विधानको धारा ५६ बमोजिम पार्टीको साधारण सदस्यता खारेज गरेकाले राजनीतिक दलसम्बन्धी ऐनको दफा ३४ बमोजिम निजको सांसद पद रिक्त हुने भएकाले उक्त रिक्त पदमा कानुनबमोजिम पद पूर्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन हुन अनुरोध छ,' महासचिव भरतराज गौतमलाई लेखेको पत्रमा उल्लेख छ।

रास्वपा संसदीय दलबाट श्रेष्ठको पद रिक्तताका लागि चिठी आएपछि महासचिव गौतमले कानुन महाशाखासहित संसद् सचिवालयका पदाधिकारीसँग छलफल गरेका थिए। छलफलमा रास्वपाको कारबाहीको निर्णय प्रक्रिया हेरेर सभामुखलाई बुझाउने समझदारी भएको थियो।

संवैधानिक व्यवस्थाअनुसार 'सांसदले राजीनामा दिएमा, धारा ८७ बमोजिमको योग्यता नभएमा या नरहेमा, प्रतिनिधिसभाको कार्यकाल समाप्त भएमा, सदनलाई जानकारी नदिई लगातार १० वटा बैठकमा अनुपस्थित भएमा, दल त्याग गरेमा र मृत्यु भएमा' पद रिक्त हुने व्यवस्था छ। राजनीतिक दलसम्बन्धी ऐनको दफा ३२ र २८ अनुसार ह्विप उल्लंघनको अवस्थामा दलले कारबाही गरे सांसद पद जाने देखिन्छ।

२८ (१) मा संसदीय दलका नेताको निर्देशनबमोजिम दलको सचेतकले संघीय संसद् को कुनै सदन वा प्रदेश सभामा हुने सरकारको विश्वास वा अविश्वासको प्रस्ताव, सरकारको नीति तथा कार्यक्रम स्वीकृत गर्ने विषय, वार्षिक बजेट पारित गर्ने विषय र राष्ट्रिय वा सार्वजनिक महत्त्वको अन्य कुनै विषयमा मतदानमा ह्विप जारी गर्न सक्ने व्यवस्था छ। २८(३) मा संसद्मा मतदान गर्दा सचेतकको निर्देशन उल्लंघन गर्ने सदस्यको विवरण सचेतकले सम्बन्धित दलको केन्द्रीय समितिलाई दिनुपर्ने उल्लेख छ।

विवरण केन्द्रीय समितिमा पुगेपछि ह्विप उल्लंघन गर्ने सांसदलाई दलबाट निष्कासन गर्न सक्ने व्यवस्था दफा ३२ मा छ। दलबाट निष्कासन गरेपछि दफा ३४ अनुसार स्थान रिक्तताका लागि दल त्याग गरेको सूचना संसद् सचिवालयलाई दिनुपर्छ। दफा ३४(१) मा छ, 'संघीय संसद् वा प्रदेश सभाको सदस्य रहेको दलको सदस्यले यस ऐनबमोजिम दल त्याग गरेमा वा निजलाई दलबाट निष्कासन गरिएमा त्यसको निर्णयसहितको सूचना सम्बन्धित संसदीय दलले सम्बन्धित सभाको सचिवालयलाई दिनुपर्नेछ।'

मुद्दा नहाल्न रविको आग्रह, हटाए अदालत जाने श्रेष्ठको अडान

पार्टीमा 'न्याय' नभए अदालत जाने तयारीमा रहेका सांसद डा. श्रेष्ठलाई मुद्दा नहाल्न रास्वपा सभापति रवि लामिछानेले अनुरोध गरेका छन्। कारबाहीको निर्णय स्विकारेर सहयोग गर्न उनको आग्रह थियो। 'भोलि अदालतले क्लिन चिट दिएछ भने नेपाली जनताले भोट दिएर जिताउँछन्, हामी नै तपाईंलाई संसद्मा स्वागत गर्रौंला,' शनिबार चितवनमा चुनावीसभालाई सम्बोधन गर्दै लामिछानेले भने, 'तर आफूले योगदान दिएको र लाखौं नेपालीले भरोसा गरेको यो यात्रा बिथोल्ने काम नगर्नुस्।'

समानुपातिक प्रणालीबाट कास्कीबाट निर्वाचित सांसद श्रेष्ठले कानुनी रूपमै त्रुटिपूर्ण निर्णयले आफूलाई अन्याय भएको भन्दै पार्टीमै पुनरावेदन निवेदन दिने र न्याय नपाए अदालत जाने बताए। 'गण्डकीमा पार्टीलाई पहिलो बनाउन निकै मिहिनेत गरेको थिए। तर, पार्टीले विधानअनुसार निर्णय गरेन। कारबाही नमिलेकाले सच्याउन माग गर्छु, आइतबार पुनरावेदन दिँदै छु। पुनरावेदनबाट निर्णय सच्चिने अपेक्षा छ, नभए अन्तिम विकल्प अदालत नै हो,' उनले भने।

काठमाडौं...

पृष्ठ १ बाट क्रमशः

व्यवस्थापन सल्लाहकार जगतमान श्रेष्ठले भने, 'प्रतिवेदनका आधारमा अब महानगरभित्र ट्राफिक जाम व्यवस्थापनको खोजी गरिन्छ। यसबारे भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, ट्राफिक प्रहरी, यातायात व्यवस्था विभाग, सडक विभागलगायतसँग छलफलको तयारी भएको छ।'

जामका कारण वार्षिक दुई अर्ब ८२ करोड ७८ लाख २६ हजार पाँच सय ५० रुपैयाँबराबरको अतिरिक्त इन्धन खर्च हुने अध्ययनको निष्कर्ष छ। जामका क्रममा चालकले सवारीसाधन स्टार्टमै राख्छन् र बिस्तारै गुडाउँछन्, जसकारण इन्धन बढी खपत हुने अध्ययनले जनाएको छ। त्यस्तै, सवारीसाधनको आयु घटेर वार्षिक ३३ अर्ब १८ करोड ८१ लाख ५२ हजार तथा प्रदूषणले सात अर्ब ५० करोड ७० लाख ५० हजारको क्षति निम्त्याउने अध्ययनले देखाएको छ। जाम व्यवस्थापनका ट्राफिक जनशक्ति परिचालनमा १९ करोड १९ लाख तीन हजार तीन सय ६०, सवारीसाधनको भारले सडक बिग्रिँदा गर्नुपर्ने मर्मतमा ३५ करोड ९७ लाख ४४ हजार र जामका क्रममा हुने घटना-दुर्घटनाबाट १२ करोड २१ लाख खर्च हुने पनि अध्ययनले देखाएको छ।

अध्ययनको नेतृत्व गरेका अर्थविद् शेरजंगबहादुर चन्दले सामान्य आँखाले हेर्दा सडक जामबाट प्रत्यक्ष रूपमा यात्रामा ढिलाइ भएको समस्या मात्रै देखिने भए पनि अप्रत्यक्ष रूपमा देशको अर्थतन्त्रमै ठूलो असर पारिरहेको बताए। 'नेपालमा ट्राफिक समस्या पहिलेदेखिकै हो। यसमा कसैले पनि अध्ययन गरेको देखेनौं। अरू देशमा यसबारेमा धेरै अध्ययन भएका छन्। तर, हामीकहाँ अध्ययन भएको थिएन। यसले देशको अर्थतन्त्रमा पनि असर पारिरहेको छ,' उनले भने, 'नीति निर्माण तह अर्थात् सरकारलाई सचेत, जिम्मेवार र जागरुक गराउन हामीले यो अध्ययन गरेका हौं।'

यातायात जामका क्रममा नदेखिने घाटा र मार ठूलो भएकाले यसतर्फ नीति निर्माण तहले ध्यान दिनुपर्ने विज्ञहरूको सुझाव छ। यातायात तथा पूर्वाधारविद् आशिष गजुरेल विदेशी मुलुकका कुनै मानिस केही समय जाममा पर्दा उनीहरूको खर्च भएको समयलाई मूल्यसँग जोडिने बताउँछन्। तर, नेपालमा त्यस्तो क्षति र समस्या समाधानबारे सरकारले खासै चासो नदिएको उनको आरोप छ। 'हामीकहाँ सवारीसाधन जाम हुँदा निम्तिने क्षतिलाई खासै वास्ता गर्दिन,' उनले भने, 'सहरी क्षेत्रमा ट्राफिक जाम र सडक अवरोध हुँदा त्यसले ठूलो असर पारेको हुन्छ।'

■ यही अध्ययनलाई आधार मानेर ट्राफिक व्यवस्थापनको रणनीतिक योजना बनाउँदै काठमाडौं महानगर

प्राविधिक टोलीले गरेको अध्ययनलाई आधार मानेर काठमाडौं महानगरपालिकाले ट्राफिक व्यवस्थापनका लागि रणनीतिक योजना बनाउँदै छ। 'हामीकहाँ ट्राफिकको अत्यधिक समस्या छ। यसबारेमा थप अध्ययन गरी रणनीतिक योजना बनाउन अर्थविद् चन्द नेतृत्वको प्राविधिक टोलीले गरेको अध्ययनको तथ्यांक लिएका छौं। विज्ञ टोलीले गरेको अध्ययन विश्वसनीय होला भनेर हामीले आधार मानेका छौं, यसमा मेयरसापले पनि विशेष चासो दिनुभएको छ,' महानगरका ट्राफिक व्यवस्थापन सल्लाहकार जगतमान श्रेष्ठले भने, 'त्यही तथ्यांकका आधारमा अब महानगरभित्र ट्राफिक जाम कम गर्ने उपायको खोजी गरिनेछ। यसबारे भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, ट्राफिक प्रहरी, यातायात व्यवस्था विभाग, सडक विभागलगायतसँग पनि छलफलको तयारी भएको छ।' अमाजन डटकममार्फत बिक्रीमा राखिएको उक्त अध्ययन प्रतिवेदन महानगरले एक डलरमा खरिद गरेको उनले बताए।

यसअघि सरकारले सहरी यातायात र ट्राफिक जाम कम गर्न 'सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९' जारी गरे पनि कार्यान्वयन हुन सकेको छैन। उपत्यकाका अधिकांश सडकमा पिकआवरमा अत्यधिक ट्राफिक जाम हुने गरेको छ। त्यसलाई न्यूनीकरण गर्न ट्राफिक लाइटसमेत जडान हुन सकेको छैन। हातको इसारामा ट्राफिक नियन्त्रण गर्दा जाम थप बढ्ने गरेको छ। ट्राफिक प्रहरीका पूर्वइन्स्पेक्टर सीताराम हाछेथू उपत्यकाको ट्राफिक व्यवस्थापनका लागि ठाउँ-ठाउँमा आकासे पुल निर्माण गर्नुपर्ने, आवश्यक मात्रामा जेब्राक्रसिङ कोर्नुपर्ने, घुम्ती र साँघुरा सडकलाई फराकिला पार्नुपर्ने बताउँछन्। सडक संरचना व्यवस्थित भए ट्राफिक जाम पनि कम हुने उनको सुझाव छ।

■ दुई हजार किमि सडकमा एकैपटक गुड्छन् नौ लाख सवारीसाधन

यातायात व्यवस्था विभागको तथ्यांकअनुसार उपत्यकामा दैनिक १३ लाख सवारीसाधन छन्। तीमध्ये झन्डै नौ लाख सवारीसाधन बिहान ९ देखि ११ बजे र साँझ ४ देखि ७ बजेको बीचमा गुड्छन्। पिक आवरमा एकैपटक धेरै सवारी गुड्दा उपत्यकामा जाम बढ्छ। त्यस्तै, हाल उपत्यकामा दुई हजार किमि सडकमा सवारीसाधनको संख्या बढी हुन्छ। यो मुख्य तथा सहायक पिच सडकको क्षेत्रफल हो।

सुन्धारा-रत्नपार्क क्षेत्रमा एक मिनेट सडक अवरोध भए २० मिनेट जाम

पूर्वट्राफिक प्रहरी निरीक्षक सीताराम हाछेथुले दुई वर्षअघि गरेको अध्ययनले सुन्धारादेखि रत्नपार्कसम्म बिहान ९ देखि ११ बजेको अवधिमा मात्रै ११ हजार एक सय ८२ मोटरसाइकल गुड्छन्। सोही समयमा सोही ठाउँमा ७ हजार सात सय ३७ चारपांग्रे गाडी गुड्छन्। त्यस्तै, बेलुकीको पिक आवर ४ देखि ६ बजेको अवधिमा सोही ठाउँमा १२ हजार सात सय २९ मोटरसाइकल र ६ हजार पाँच सय सात चारपांग्रे गाडी गुड्छन्। त्यहाँ एक मिनेटमा ९९ मोटरसाइकल र ५९ चारपांग्रे वा ठूला सवारीसाधन गुड्छन्। यस क्षेत्रमा एक मिनेट मात्रै सडक अवरोध भयो भने २० मिनेट जाम पर्छ। त्यस्तै, सोही समयमा पुरानो बसपार्कदेखि भद्रकालीतर्फ जाने सवारीसाधनको संख्या पनि गणना गरिएको थियो। सो क्षेत्रमा बिहान ९ देखि ११ बजेसम्म ९ हजार तीन सय ९७ मोटरसाइकल र पाँच हजार सात सय ५९ चारपांग्रे गुड्छन्। पूर्वट्राफिक प्रहरी निरीक्षक हाछेथूले वैकल्पिक सडक र वान वेलाई व्यवस्थित गर्ने हो भने जाम कम गर्न सकिने बताए।

सार्वजनिक सवारीसाधनलाई सुविधासम्पन्न बनाउनुपर्छ



● **एसएसपी राजेन्द्रप्रसाद भट्ट**, उपत्यका ट्राफिक प्रहरी कार्यालय

उपत्यकामा सडकको अनुपातमा सवारीसाधनको संख्या अधिक छ। उपत्यकामा जाम कम गर्न सार्वजनिक सवारीसाधनलाई सुविधासम्पन्न बनाउन आवश्यक छ। यसो गर्दा दुर्घटना पनि कम हुन्छ र मानिसहरू सार्वजनिक सवारीसाधनप्रति विश्वस्त हुन सक्छन्। उपत्यकामा जाम हुनुको अर्को कारण भनेको चोक र जेब्राक्रम बढी हुनु पनि हो। अन्डरपास र अकासेपुलको व्यवस्था गर्ने, सडकमा हुने धर्ना तथा विरोधका कार्यक्रमा रोक्ने, भिआइपी सवारी हुँदा सडक ठप्प नपार्ने, आधुनिक प्रविधिको प्रयोग गर्ने, चालक अनुशासित हुनेलगायत तरिका अपनाउने हो भने उपत्यकाको जाम कम हुन्छ।

पाँच मिनेट सडक अवरोध हुँदा एक घन्टा जाम पर्छ



● **सीताराम हाछेथू**, पूर्वट्राफिक प्रहरी निरीक्षक

उपत्यकामा ट्राफिक जामका कारण मानिसले ठूलो सास्ती खेप्दै आइरहेका छन्। कोटेश्वर र रत्नपार्क क्षेत्रमा हामीले गरेको अध्ययनअनुसार त्यहाँ एक मिनेटमा ९९ मोटरसाइकल पास हुन्छन्। त्यहाँ पाँच मिनेट सवारी आवागमनमा अवरोध भयो भने थप एक घन्टासम्म जाम हुन्छ।

ट्राफिक जामको समाधान खोज्न यो तथ्यांक महत्त्वपूर्ण छ



● **जगतमान श्रेष्ठ**, ट्राफिक सल्लाहकार, काठमाडौं महानगर

हामीकहाँ ट्राफिकको अत्यधिक समस्या छ। यसबारेमा थप अध्ययन गरी रणनीतिक योजना बनाउन अर्थविद् शेरजंगबहादुर चन्द नेतृत्वको प्राविधिक टोलीले गरेको अध्ययनको तथ्यांक लिएका छौं। विज्ञ टोलीले गरेको अध्ययन विश्वसनीय होला भनेर हामीले आधार मानेका छौं, यसमा मेयरसापले पनि विशेष चासो दिनुभएको छ। त्यही तथ्यांकका आधारमा अब महानगरभित्र ट्राफिक जाम कम गर्ने उपायको खोजी गरिनेछ। यसबारे भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, ट्राफिक प्रहरी, यातायात व्यवस्था विभाग, सडक विभागलगायतसँग छलफल पनि छलफलको तयारी भएको छ।

निजी छाडेर...

पृष्ठ १ बाट क्रमशः

भर्ना हुन आएका छन्। यो विद्यालयले प्रवेश परीक्षा लिएर कक्षा ६ देखि ९ मा भर्ना लिन्छ भने नर्सरीमा प्रवेश परीक्षाविना नै भर्ना लिने गरेको छ।

'हामीकहाँ निजी र सामुदायिक विद्यालयबाट विद्यार्थी आउने गरेका छन्, वैशाखदेखि नयाँ भर्ना सुरु हुन्छ। तर, भर्नाका लागि विद्यार्थी आइसके,' प्रधानाध्यापक श्रेष्ठले भने।

हिमालयमा राम्रो पढाइ हुने भएकाले इलामबाट छोरी आकृतिलाई भर्नाका लागि प्रवेश परीक्षा दिन ल्याएको अर्जुन भट्टराईले बताए। 'इलाममा बोर्डिङ पढाएको थिएँ। अब हिमालयमा कक्षा ९ मा पढाउँछु,' उनले भने।

झापाको कमल गाउँपालिका-३ का टेकबहादुर खड्काले पनि सिद्धार्थ बोर्डिङमा पढिरहेका नाति प्रज्वललाई कक्षा ८ मा भर्नाका लागि प्रवेश परीक्षा दिन हिमालय माविे ल्याएका छन्। 'यहाँको पढाइ र नतिजा राम्रो छ, त्यही भएर सामुदायिक विद्यालय ल्याएँ,' टेकबहादुरले भने।

हिमालयमा कक्षा नर्सरीदेखि कक्षा १० सम्म अंग्रेजी माध्यममा पढाइ हुन्छ। 'अहिले हामीले पूर्ण अंग्रेजी बनाएका छौं,' उनले भने, 'कक्षा ९ मा चाहिँ एउटा नेपाली मिडियमको कक्षा पनि राख्ने योजना छ।'

नर्सरीमा भर्नाका लागि परीक्षा दिनुपर्दैन। उनका अनुसार नर्सरीमा भर्नाका लागि एक सयजनाले फाराम भरेका छन्। दमकमा २१ वटा सामुदायिक विद्यालय छन् जसमध्ये नौवटा माविे हुन्।

यहाँ गत शैक्षिक सत्रमा कक्षा १२ सम्म तीन हजार दुई सय ४७ जना विद्यार्थी थिए। तीमध्ये यसपटक एसइईमा तीन सयजना सहभागी भएका छन्। त्यही एसइईमा सहभागी भएकै संख्यामा नयाँ भर्ना लिने तयारी रहेको उनले बताए। हिमालय माविले यसरी प्रवेश परीक्षा लिएर भर्ना सुरु गरेको एक दशक भयो। यहाँ अध्ययनका लागि झापासँगै ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, भोजपुरलगायतका जिल्लाबाट विद्यार्थी आउने गरेको प्रअ श्रेष्ठले जानकारी दिए।

अंग्रेजी शिक्षा र विद्यालयका शिक्षकले पनि आफ्ना सन्तानलाई यही विद्यालयमा पढाएका कारण अभिभावकमा विश्वास बढेको उनले बताए। अहिले अधिकांश विद्यार्थी बोर्डिङबाट आउने गरेका छन्। '०६२ सालसम्म यहाँ खासै विद्यार्थी हुँदैनथे। हामीले ०६२ को चैतमा स्टाफ मिटिङबाट कम्प्युटर शिक्षा पनि लागू गर्नुपर्छ भन्ने निचोड निकाल्यो। ०६४ बाट पढाइ पनि सुरु गर्‍यौं। त्यति हुँदा पनि खासै विद्यार्थी आएनन्,' उनले भने, 'तत्कालीन प्रअ विदुरप्रसाद खतिवडा र मैले सर्भे गर्दा अंग्रेजी शिक्षा चाहिनेरहेछ भन्ने निष्कर्ष निकाल्यौं। त्यति गर्दा पनि विद्यार्थी नआएपछि हाम्रा छोराछोरी पनि यहीं पढाउन थाल्यौं। यसले अभिभावकको विश्वास जित्यो। त्यसपछि प्रवेश परीक्षा नै लिनुपर्ने अवस्था आयो।'

हिमालय माध्यमिक विद्यालय सुधारको श्रेय तत्कालीन प्रअ विदुर खतिवडालाई जान्छ। उनकै नेतृत्वमा विद्यालयले कोल्टे फेरेको हो। उनी प्रअ हुँदादेखि नै विद्यालयमा प्रवेश परीक्षा सुरु गरिएको हो। विद्यालयले हाल कक्षा ९ र १० मा प्राविधिक विषयको रूपमा कम्प्युटर इन्जिनियरिङ पढाउँदै आएको छ। विद्यालयको व्यवस्थापन समितिको अध्यक्षमा दमक नगरपालिकाका पूर्वमेयर रोमनाथ ओली आएका छन्।

हिमालय माध्यमिक विद्यालय ०७४ सालमा नै शिक्षा मन्त्रालयको नमुनाउन्मुख विद्यालयको सूचीमा परेको थियो। भवन र जनशक्ति व्यवस्थापन हुने भए विद्यार्थी संख्या अझै बढाउन सकिने उनी बताउँछन्। हाल हिमालय माविमा ४७ जना शिक्षक तथा कर्मचारीको दरबन्दी छ। दोब्बरभन्दा बढी शिक्षक तथा कर्मचारी निजी स्रोतबाट राख्नुपर्ने बाध्यता रहेको उनले बताए। 'सरकारले दरबन्दी कटौती गर्न हतार गर्छ। तर, दरबन्दी थप्दैन,' उनले भने, 'हाम्रोमा त अझै ५० जना शिक्षक तथा कर्मचारीको दरबन्दी थप्नुपर्छ।'

विद्यालयमा अहिले सातवटा तीनतले भवनमा रहेको ५२ वटा कक्षा कोठामध्ये ४६ वटामा पढाइ भइरहेको छ। भवन अपुग भएपछि पुरानो जीर्ण रहेको कक्षा कोठामा पनि पढाउनुपर्ने बाध्यता रहेको प्रअ श्रेष्ठले बताए। अघिल्लो पटक भवन बनाउन पाँच करोड रुपैयाँ बजेट आएको थियो। त्यसले तीनतले १२ कोठे भवन बनायौं। यो पनि पूर्ण भएको छैन,' उनले भने, 'अर्को भवनको जग खनिएको छ। तर, बजेट रोकिएर काम नै भएन। त्यो भवन बने विद्यार्थी संख्या पनि बढाउन सकिन्थ्यो।'

निःशुल्क छैन सामुदायिक विद्यालयको शिक्षा

दमक नगरपालिकाले बनाएको शिक्षा ऐनमा माध्यमिक शिक्षा निःशुल्क हुने उल्लेख छ। तर, ऐनविपरीत सामुदायिक विद्यालयले आफूखुसी शुल्क असुल्दा पनि नगरपालिका मौन छ। २१ वटा सामुदायिक विद्यालयले कति शुल्क उठाउने भन्ने कुनै मापदण्ड छैन। विद्यालयले आफूखुसी शुल्क लिइरहेका छन्। दमकका सबैजसो सामुदायिक विद्यालयले भर्ना शुल्क लिँदै आएका छन्। यद्यपि, उनीहरूले त्यसलाई अभिभावक सहयोगको नाम दिँदै आएका छन्।

दमकको नाम चलेको हिमालय माविले अभिभावक सहयोगको नाममा नर्सरीलाई वार्षिक तीन हजार शुल्क लिन्छ। यस्तै, कक्षा नौमा भर्ना भएका नयाँ विद्यार्थीलाई सात हजार नौ सयसम्म लिने गरेको छ। प्राविधिक विषय पढ्ने कक्षा- १० कम विद्यार्थीले १३ हजार ६५० रुपैयाँसम्म वार्षिक बुझाउनुपर्छ। अन्य कक्षामा भने शुल्क कक्षाअनुसार फरक छ।

अन्य विद्यालयले पनि कक्षा-१० को पाँच हजारभन्दा बढी भर्ना शुल्क लिने गरेका छन्। 'विद्यालयमा शिक्षकको दरबन्दी कम हुन्छ। अंग्रेजी माध्यम पनि पढाउनुपर्छ। त्यसकारण निजी स्रोतमा शिक्षक राख्नुपर्ने बाध्यता छ,' हिमालय माविका प्रधानाध्यापक श्रेष्ठले भने, 'अभिभावकको स्वीकृतिमा अभिभावक सहयोगबापत सहयोग शुल्क लिँदै आएका छौं। नगरपालिकाले सबै व्यवस्थापन गरिदिने भए त्यो पनि लिँदैनौं।'

दमक नगरपालिकाकी उपप्रमुख रेगिना भट्टराईले विद्यालयलाई सबै व्यवस्थापन गरेर यस वर्ष कम्तीमा कक्षा पाँचसम्म निःशुल्क गर्ने तयारी रहेको बताउँछिन्। 'एकैपटक सबै सकिँदैन। चाँडै निर्णय गरेर कक्षा पाँचसम्म निःशुल्क गर्छौं। हामीले निःशुल्कको निर्णय गरेर मात्र हुँदैन। विद्यालयले सक्दैन। नगरपालिकाले नै यसको व्यवस्थापन गर्नुपर्छ,' उनले भनिन्, 'यसवर्ष कक्षा पाँचसम्म निःशुल्क गर्ने, अर्कोपटक कक्षा आठसम्म र पछि कक्षा-१२ सम्मै निःशुल्क गर्ने योजना छ।'

आठौंपटक...

पृष्ठ १ बाट क्रमशः

शपथ हुने तय भएको हो। ३ बजे राष्ट्रपति कार्यालयमा शपथको कार्यक्रम छ। यसबाहेक कांग्रेसबाट बाँकी र जसपाबाट नाम आएको छैन, आइतबार थप हुन पनि सक्छ। दलहरूले नाम पठाएपछि मन्त्रिपरिषद्ले छिट्टै पूर्णता पाउनेछ,' उनले नयाँ पत्रिकासँग भने।

मन्त्रिपरिषद्ले पूर्णता नपाउँदा ६ मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्रीको काँधमा छ। कांग्रेसले नाम नपठाउँदा कानुन, न्याय तथा संसदीय मामिला, परराष्ट्र, युवा तथा खेलकुद र स्वास्थ्य तथा जनसंख्या, जसपाले नाम पठाउन बाँकी वन तथा वातावरण र जनमत सरकारबाट बाहिरिएपछि खानेपानी मन्त्रालयमा मन्त्री छैनन्।

सभापति देउवा शेखर-गगन समूहलाई तीन मन्त्री र एक राज्यमन्त्री दिन सहमत छन्। आन्तरिक किचलोका कारण कांग्रेसले १७ चैतमा मन्त्रिपरिषद् विस्तार हुँदा आफूले पाएका आठ मन्त्री र एक राज्यमन्त्रीमध्ये चार मन्त्री मात्रलाई सरकारमा पठाएको थियो। बाँकी रहेकामध्ये संस्थापनले पाउने एक मन्त्रालयमा आफ्नो समूहबाट साउदलाई शपथ गराउन लागेका हुन्। स्रोतका अनुसार राष्ट्रपति रामचन्द्र पौडेलनिकट सुरेन्द्रराज आचार्यलाई सहभागी गराउने गरी तीन मन्त्री र एक राज्यमन्त्री इतर समूहलाई दिन सभापति देउवा सकारात्मक बनेका हुन्।

कांग्रेसको शेखर-गगन समूहबाट भने उपनिर्वाचनपछि मात्रै मन्त्रीको नाम पठाउने तयारी छ। यो समूहले चुनावको मुखमा पार्टीमा विवाद हुन सक्ने सम्भावना देखेकाले उपनिर्वाचनलगत्तै नाम पठाउने तयारी छ। सहमहामन्त्री जीवन परियारले इतर समूहबाट पठाउने नामबारे छलफलकै क्रममा रहेको बताए। 'हामी छलफलकै क्रममा छौं, टुंगो लागिसकेको छैन। नाम टुंगो लागेपछि शपथ कहिले भन्ने तय हुन्छ,' परियार भन्छन्।

डा. शेखर कोइरालाले बिहीबार महामन्त्री गगन थापासहितका नेताहरूसँग उपनिर्वाचनपछि मात्रै मन्त्री पठाउनेबारे 'ब्रिफिङ' गरेका थिए। सहभागी एक पदाधिकारीका अनुसार मन्त्री बनाउने नामबारे निर्वाचनपछि टुंगो लगाउने भन्दै तत्कालका लागि उपनिर्वाचनमा केन्द्रित हुन कोइरालाले केन्द्रीय सदस्य र सांसदहरूलाई निर्देशन गरेका थिए। 'तनहुँ १ र चितवन २ दुवै निर्वाचन क्षेत्रमा परिणाम निकाल्नु हाम्रा लागि महत्त्वपूर्ण छ। अहिले निर्वाचनमा केन्द्रित बनौं। कसलाई कहाँ पायक पर्छ निर्वाचनमा परिणाम ल्याउने गरी सक्रिय बनौं। हाम्रो समूहले तीन मन्त्री र एक राज्यमन्त्री पाउने सहमति बनेको छ। निर्वाचनलगत्तै नामबारे टुंगो लगाउँला,' कोइरालाको भनाइ उद्धृत गर्दै ती पदाधिकारीले नयाँ पत्रिकासँग भने।

महामन्त्री थापानिकट स्रोतका अनुसार थापालाई तनहुँ १ को जिम्मेवारी रहेकाले पनि तत्काल नामबारे छलफल गरेर विवाद बल्झाउने पक्षमा उनी छैनन्। इतरनिकट डा. स्वर्णिम वाग्ले कांग्रेस छाडेर कांग्रेसँग तनहुँमा प्रतिस्पर्धामा आएपछि इतरलाई परिणाम निकाल्न केन्द्रित हुनुपर्ने दबाब छ। इतरबाट उपसभापति धनराज गुरुङ, सहमहामन्त्रीद्वय बद्री पाण्डे र जीवन परियार, डिगबहादुर लिम्बूको नाम चर्चामा छ। यसबाहेक महिला र भूगोलका आधारमा प्रतिनिधित्वको आवाज पनि कांग्रेसमा छ।

इतर समूहका सांसद राजेन्द्र बजगाईंका अनुसार संख्याको टुंगो लागेसँगै मन्त्रीको आधार र मापदण्डका विषयमा छलफल भइरहेको छ। 'मन्त्री बनाउँदा मापदण्ड के हुने भन्ने छलफल भइरहेको छ। आधार तय भएपछि नाम र समय टुंगो लाग्छ,' उनले भने।

अर्का सांसद तेजुलाल चौधरीले पनि मन्त्री पठाउँदा समावेशी समानुपातिक प्रतिनिधित्व हुनुपर्ने आवाज रहेको बताए। 'तीन मन्त्री र एक राज्यमन्त्री इतर समूहले पाउने सहमति भएको छ। सरकारमा सहभागी गराउँदा समावेशी प्रतिनिधित्व हुनुपर्छ भनेर सुझाव दिएका छौं। कसलाई पठाउने र कहिले भन्ने नेतृत्वले टुंगो लगाउला,' उनले नयाँ पत्रिकासँग भने।

जसपाबाट उपनिर्वाचनपछि मात्रै मन्त्री

जसपाले उपनिर्वाचनपछि मन्त्री पठाउने संकेत छ। अध्यक्ष उपेन्द्र यादव बारा २ मा गठबन्धनका तर्फबाट उम्मेदवार छन्। प्रवक्ता मनीष सुमनले नेताहरू उपनिर्वाचनमा केन्द्रित रहेकाले मन्त्री पठाउनेबारे छलफल हुन नसकेको बताए। 'हामी उपनिर्वाचनमा केन्द्रित रहेकाले पार्टीमा कसलाई पठाउने भन्नेबारे छलफल हुन पाएको छैन। आइतबार नाम पठाउन भ्याउने अवस्थामा छैनौं,' उनले भने।

Karnali Province Government
Ministry of Physical Infrastructure, Energy and Water Resources
Infrastructure Development Directorate

Infrastructure Development Office (IDO)

Jumla, Nepal

Letter of Intent (LOI)

Date of Publication: 2080/01/03 (2023/04/16)

As per section 27(2) of Public Procurement Act, 2063 this is notify to all concerned bidders that, we are going to award following contracts as per IFB No: 03/IDO/JUM/W/NCB/2079/080 Published in Himalya Times National Daily on 2079/11/08 (2023/02/20 AD) to the following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the Evaluation and Eligibility criterion as specified in Section –III of Bidding Documents.

S. N.	Contract ID/ Project Name	Substantially Responsive Lowest Evaluated Bidders	Bid Price Including VAT & PS (NRs.)
1	IDO/JUM/W/NCB/ 15/2079/080 **Construction and Upgrading of Topla - Ivilcha - Jajarkot Road, Jumla**	**Khadka and Son Construction Pvt.Ltd., Chandannath 6, Jumla**	**37,945,303.70**
2	IDO/JUM/W/NCB/ 16/2079/080 **Upgrading of Jumla Gachchhesaagu, Jaljala,Gothijiula Road (Jumla Gachchhesaagu to Dhimichaur Setion) Jumla**	**Mahat and Budhathoki Construction Pvt. Ltd., Sarda Municipality 8 salyan**	**19,700,715.19**

Office Chief

राष्ट्रिय सभा

■ ०७९ मा अपराध

सामूहिक हत्यादेखि आत्मदाहसम्मका घटना

■ टेकराज थामी/नयाँ पत्रिका

घटना १ : सौन्दर्य प्रतियोगिताका नाममा शोषण

गत जेठको पहिलो साता सामाजिक सञ्जालमा 'भाइरल' एक युवतीको भिडियो सार्वजनिक भयो । जसमा युवती सौन्दर्य प्रतियोगिताका आयोजकबाट पटक-पटक बलात्कृत भएको खुलासा गरिएको थियो । उनले दोषीलाई कारबाहीको माग पनि गर्दै थिइन् । युवतीले सामाजिक सञ्जालमार्फत सहानुभूति मात्रै पाइनन्, दोषीलाई कारबाही गर्नसमेत दबाब सिर्जना भयो । प्रहरीले घटनामा संलग्न मोडेल भिषाज् कल्सल्टेन्सीका सञ्चालक मनोज पाण्डेलाई ७ जेठमा पक्राउ गऱ्यो । त्यो आठ वर्षअघिको घटना थियो । पीडित युवतीका अनुसार मनोजले सौन्दर्य प्रतियोगिताका नाममा युवती जम्मा गर्थे । यही क्रममा पीडित युवती पनि उनको सम्पर्कमा पुगेकी थिइन् । पाण्डेले युवतीलाई जुसमा नशालु पदार्थ खुवाएर बेहोस बनाई बलात्कार गरेका थिए । जसको उनले भिडियोसमेत खिचेका थिए । सोही भिडियोको आडमा उनले युवतीलाई पटक-पटक 'ब्ल्याकमेल' गरी बलात्कार गरेका थिए । मानव बेचबिखन अभियोगमा उनी अहिले जेलमा छन् । यो घटनाले सौन्दर्य प्रतियोगिताको पछाडि लुकेको कालो कर्तुतलाई मात्रै फर्दाफास गरेन, यौनका लागि मानिस केसम्म गर्न पछि पर्दैन भन्ने पनि देखाएको छ ।

घटना २ : सन्दीपमाथि बलात्कार अभियोग

बलात्कारसँगै जोडिएको अर्को एउटा घटनाले मुलुककै ध्यान खिच्यो । नाबालिका बलात्कारसँग सम्बन्धित घटनामा मुछिएका थिए राष्ट्रिय क्रिकेट टोलीका तत्कालीन कप्तान सन्दीप लामिछाने । १७ वर्षीया बालिकाले बलात्कृत भएको भन्दै प्रहरी वृत्त गौशालामा गत २२ भदौमा जाहेरी दिइन् । त्यसवेला लामिछाने 'क्यारेबियन प्रिमियर लिग' खेल्न ट्रिनिडाड एन्ड टोबागोमा थिए । 'हाई प्रोफाइल' व्यक्ति जोडिएकाले घटना डढेलोसरी फैलियो । चौतर्फी दबाबपछि नेपाल क्रिकेट संघले सन्दीपलाई निलम्बन गऱ्यो । उनलाई क्यारेबियन प्रिमियर लिगबाट 'आउट' गरियो । सन्दीप केही दिन उतै भूमिगत भए । प्रहरी 'डिफ्युजन' नोटिस जारी गर्ने तयारीमा रहेकै वेला सन्दीप दसैंको टीका लगाउन २० असोजमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा देखा परे । प्रहरीले उनलाई त्यहीँ पक्राउ गऱ्यो । हिरासतमा रहेका उनलाई काठमाडौं जिल्ला अदालतले पुर्पक्षका लागि जेल चलाउन गर्न आदेश दियो । घटना भएको करिब आठ महिना बितिसकेको छ । सन्दीप उच्च अदालतको आदेशबाट जेलमुक्त भएका छन् । उनीविरुद्धको मुद्दा अहिले पनि काठमाडौं जिल्ला अदालतमा विचाराधीन छ ।

घटना ३ : एकै परिवारका चारको सामूहिक हत्या

वैदेशिक रोजगारले रेमिट्यान्स भित्र्याएको मात्रै छैन । परिवारमा बिग्रहसमेत ल्याएको छ । गत १६ साउनमा काठमाडौंको तारकेश्वर नगरपालिका- २ मा सामूहिक हत्याको घटना भयो । हत्याको कारण पारिवारिक किचलो थियो । जसमा ४१ वर्षीय दिनेश पाण्डे, ३९ वर्षीया सुनिता पाण्डे, १३ र आठ वर्षको दुई छोराछोरीसहित एकै चिहान भएको थियो । सुनिता र दिनेशबीच सम्बन्ध ठीक थिएन । यही क्रममा सुनिता सिजनल भिसामा बेलायत जाने तयारीमा थिइन् । जुन विषय दिनेशलाई मन परिरहेको थिएन । आवेगमा आएका उनले श्रीमती सुनितालाई चक्कु प्रहार गरे । चोटका कारण सुनिताको मृत्यु भयो । दिनेश यतिमै रोकिएनन् । उनले नाबालक दुई छोराछारीलाई पनि चक्कु प्रहार गरे । चोटका कारण उनीहरूको पनि मृत्यु भयो । अन्तिममा उनले आफैंलाई चक्कु प्रहार गरे । र, सोही चोटका कारण उनको पनि मृत्यु हुन पुग्यो ।

घटना ४ : श्रीमतीको टाउको काटेर पति सडकमा

गत २० मंसिरमा सामाजिक सञ्जालमा एउटा अर्को बीभत्स दृश्य 'भाइरल' बन्यो । जसमा एक युवा प्लास्टिकको झोलाभित्र मानिसको टाउको-हात झुन्ड्याएर सडकमा हिँडिरहेको देखिन्थ्यो । प्रहरी अनुसन्धानपछि घटनाको वास्तविकता खुल्यो । सुर्खेत पञ्चपुरी नगरपालिका- ३ तोक्माका ३८ वर्षीय अम्मरबहादुर आलेमगरको ३० वर्षीया श्रीमती मीना आलेमगरसँग सम्बन्ध राम्रो थिएन । खटपटकै बीच अम्मरबहादुरले हँसियाले मीनाको घाँटी छिनाएपछि प्लास्टिकको झोलामा हाले अनि हातमा झुन्ड्याउँदै सडकमा निस्किए । अम्मरबहादुर सुर्खेतस्थित इलाका प्रहरी कार्यालयतर्फ जाँदै थिए । प्रहरीले उनलाई पञ्चपुरी- २ पलैंटे पुग्दा नियन्त्रणमा लिएको थियो ।

०७९ को वर्ष अपराधमुक्त रहेन । अपराधका ठूला घटना भए । तर, ती प्रहरीको नियन्त्रणभन्दा बाहिर थिएनन् । प्रहरीले सबै घटनामा सफल अनुसन्धान गरेको छ । घटनामा संलग्न अभियुक्तविरुद्ध कारबाही भएका छन् ।

● डिआइजी पोषराज पोखरेल, प्रवक्ता, नेपाल प्रहरी



■ लाल मोहम्मद हत्यालेनेपाल प्रहरीको सुरक्षामाथि नै प्रश्न चिह्न



नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल पछिल्ला वर्ष 'होमिसाइड'का घटना बढेको र यसलाई नियन्त्रण गर्न राज्य तहबाटै नयाँ योजना बनाइनुपर्ने बताउँछन् । 'पछिल्ला वर्ष 'होमिसाइड'का घटना बढेको देखिन्छ । यस्ता घटना नियन्त्रण गर्न नेपाल प्रहरीको मात्रै सक्रियतामा हुँदैन । गृह मन्त्रालय नै यसमा सजग हुनुपर्छ । नियन्त्रणका लागि नीतिगत पहल थाल्नुपर्छ,' उनले भने ।

अपराधीले चाहँदा राजधानी काठमाडौंमा जो-कोहीको सजिलै हत्या हुन सक्छ । र, अभियुक्त प्रहरीको नाकै सामुनेबाट फरार हुन्छ । यसलाई पुष्टि गरिदियो, गत ३ असोजमा काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका- ८ स्थित गोठाटारमा सर्लाही सिसौटिया- ६ का ५८ वर्षीय लाल मोहम्मद भनिने मोहम्मद दर्जीमाथि गोली प्रहारको घटनाले । चोटका कारण उनी घटनास्थलमै ढले । उपचारका लागि उनलाई शिक्षण अस्पताल लगियो, तर उनको मृत्यु भयो ।

सुरक्षाका दृष्टिले अब्बल मानिएको राजधानीमै उनीमाथि गोली प्रहार भएको थियो । तर, घटनामा संलग्न अभियुक्तलाई प्रहरीले पक्राउ गर्न सकेन । हत्या 'स्पोन्सर्ड' थियो । जसमा 'सार्प सुटर' प्रयोग गरिएका थिए । प्रहरीले घटनाको अनुसन्धान पहिल्याउँदै जाँदा घटनाको 'कनेक्सन' 'अन्डरवर्ल्ड'सम्म जोडिएको पाइयो । प्रहरीले कसैलाई पक्राउ गर्न सकेको छैन । चाहेको वेला देशकै राजधानीमा जो-कोहीको सजिलै हत्या हुन सक्ने सन्देश यसले प्रवाह गरेको छ ।

पूर्वडिआइजी मल्ल कतिपय घटना नेपाल प्रहरीको पहुँचबाहिर भएकाले अभियुक्त पक्राउ गर्न गाह्रो हुने बताउँछन् । 'कतिपय घटना नेपाल प्रहरीको 'ज्यरिडिक्सन'भन्दा बाहिर हुन्छ । त्यसो हुँदा अभियुक्त पहिचान भए पनि पक्राउ गर्न सकिँदैन । लाल मोहम्मद हत्या त्यहीमध्येको एउटा घटना हो । त्यही एउटा घटनालाई लिएर सुरक्षा संयन्त्र नै असफल भएको निष्कर्ष निकाल्न अलि ठीक नहोला,' उनले भने ।

■ कमोडिटी मार्केटका नाममा १२ सयभन्दा धेरै नेपाली ठगिए

०७९ को वर्ष आर्थिक अपराधका कारण पनि चर्चामा रह्यो । जसमध्ये तीन अर्ब रुपैयाँको ठगीधन्दा चर्चाको शिखरमा रह्यो । कमोडिटी मार्केटका नाममा एक हजार दुई सयभन्दा धेरै नेपाली ठगिए । धन्दाका 'मास्टर माइन्ड' थिए, भारतीय नागरिक ४३ वर्षीय जितेश सुरेन्द्र भनिने जितेश सुरेन्द्रन । उनीसँगै धन्दामा सुनसरी इटहरी उपमहानगरपालिका- ४ पानधारेका ४१ वर्षीय सुनील श्रेष्ठ, खोटाङ बुइपा- २ की ४५ वर्षीया कञ्चन भनिने कमला श्रेष्ठ र कञ्चनपुरको भीमदत्त नगरपालिका- ७ का ३७ वर्षीय नरेन्द्रप्रसाद भट्टसहित अन्य ५१ अभियुक्त संलग्न थिए । जसमध्ये चारजनालाई मात्रै प्रहरीले गत २० पुसमा पक्राउ गरेको थियो । पुर्पक्षका लागि जेलमा रहेका उनीहरूविरुद्ध अहिले सम्पत्ति शुद्धीकरण विभागले अनुसन्धान गरिरहेको छ ।

■ काठमाडौंमै दुई आत्मदाह

०७९ मा काठमाडौंमै आत्मदाहको दुईवटा घटना भए । गत २० मंसिरमा धुम्बाराहीमा २७ वर्षीया पुष्पा न्यौपानेले शरीरमा पेट्रोल खन्याएर आत्मदाह गरेकी थिइन् । प्रेमी सुधन संग्रौलाले धोका दिएपछि उनले धुम्बराहीस्थित सुधनको घरसामुन्ने पुगेर आत्मदाह गरेकी थिइन् । गत १० माघमा नयाँ बानेश्वरस्थित संसद् भवनअगाडि इलाम सूर्योदय नगरपालिका- ११ कोरबारीका ३६ वर्षीय प्रेमप्रसाद आचार्यले व्यवसायमा असफल भएपछि आत्मदाह गरेका थिए । दुवै घटनाका सन्देश गम्भीर छन् । पुष्पाको आत्मदाहले महिलाको दृष्टिकोणबाट नेपाली समाज अझै पनि पछौटे रहेको सन्देश प्रवाह गरेको छ । प्रेमप्रसादको आत्मदाहले स्वतन्त्र ढंगले व्यवसाय गर्नेको पीडा उजागर गरेको छ ।

■ 'अनलाइन फ्रड'बाट ६३ करोड ठगी

आर्थिक अपराधसँगै जोडिएको अर्को घटना हो, 'अनलाइन फ्रड'को । जसको 'मास्टर माइन्ड' थिए अछामका पृथ्वीबहादुर शाह । जसले शंकास्पद ६३ करोड रुपैयाँ नेपाल भित्र्याएका थिए । जसमध्ये ३७ करोड ५७ लाख रुपैयाँ उनले बैंकबाट झिकेर अपचलन गरिसकेका थिए । केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का अनुसार उनले अमेरिकाबाट मात्रै ४५ लाख ४६ हजार ६ सय ३९ डलर (६० करोड एक लाख ५६ हजार तीन सय ४८ रुपैयाँ) ठगी गरी नेपाल भित्र्याएका थिए । त्यस्तै, क्यानडाबाट तीन लाख ४० हजार क्यानेडियन डलर (तीन करोड ३० लाख ३१ हजार रुपैयाँ) र बेलायतबाट पाउन्ड स्टर्लिङ २२ हजार (३५ लाख पाँच हजार दुई सय ६० रुपैयाँ) गरी कुल ६३ करोड ६६ लाख ९२ हजार ६ सय आठ रुपैयाँ ठगी गरेका थिए । जसमध्ये उनले ३८ करोड ८६ लाख ६२ हजार एक सय ३६ रुपैयाँ बैंक खाताबाट झिक्ने अनुमति पाएका थिए । प्रहरीका अनुसार सोही खाताबाट उनले ३७ करोड ५७ लाख ६९ हजार ५१ रुपैयाँ झिकिसकेका थिए । उनले अमेरिका, क्यानडा र बेलायतका ५६ व्यक्तिलाई ठगेका थिए । उनीहरूमध्ये २४ पीडितले सिआइबीमा जाहेरी दिएका थिए । घटना अनुसन्धानका लागि सिआइबीले अमेरिकाको एफबिआई (फेडरल ब्युरो अफ इन्भेस्टिगेसन)को समेत सहयोग लिनुपरेको थियो ।

'अनलाइन फ्रड'का 'मास्टर माइन्ड' थिए अछामका पृथ्वीबहादुर शाह । जसले शंकास्पद ६३ करोड रुपैयाँ नेपाल भित्र्याएका थिए । जसमध्ये ३७ करोड ५७ लाख रुपैयाँ उनले बैंकबाट झिकेर अपचलन गरिसकेका थिए ।

■ 'स्पट फिक्सिङ'मा क्रिकेटर नै संलग्न

आर्थिक अपराधसँगै सम्बन्धित अर्को घटना थियो, 'स्पट फिक्सिङ' । गत पुसमा जारी टी- २० लिगका क्रममा आर्थिक प्रलोभनमा परी क्रिकेटरले नै 'स्पट फिक्सिङ' गरेको घटना सार्वजनिक भयो । अनुसन्धानका क्रममा संलग्न रहेको आशंकामा सिआइबीले राष्ट्रिय क्रिकेट टोलीका खेलाडी मोहम्मद आदिल आलम र मेहबुब आलमलाई पक्राउ गऱ्यो । घटनाको कारण टी- २० लिग मात्रै होइन, राष्ट्रिय क्रिकेट टोली नै अन्तर्राष्ट्रिय रूपमा कलंकित बन्न पुग्यो ।

गत २३ चैतमा पूर्वी रुकुमको पुथा उत्तरगंगा गाउँपालिका- ३ रन्मामा सात वर्षीया कालीमाया बुढा र आठ वर्षीया रिना बुढाको शव खोलामा फेला पऱ्यो । अनुसन्धानका क्रममा दुई दिदीबहिनीको हत्या भएको पुष्टि भयो । घटनामा संलग्न स्थानीय किशोर पक्राउ परे । बयानका क्रममा खुल्यो, कालीमाया र रिनाको हत्या एक तोला सुन प्राप्तिका लागि गरिएको रहेछ । घटनाले धन प्राप्त गर्न किशोरहरूले अपनाएको आपराधिक गतिविधि मात्रै सतहमा ल्याएन, भौतिक प्रगतिलाई प्रधान ठान्ने वर्तमान समाजको चरित्रलाई समेत उदांगो बनाइदियो ।

नेपाल प्रहरीका प्रवक्ता डिआइजी पोषराज पोखरेल ०७९ मा अपराधका ठूला घटना भए पनि नियन्त्रण गर्न प्रहरी सफल भएको दाबी गर्छन् । '०७९ को वर्ष अपराधमुक्त रहेन । अपराधका ठूला घटना भए । तर, ती प्रहरीको नियन्त्रणभन्दा बाहिर थिएनन् । प्रहरीले सबै घटनामा सफल अनुसन्धान गरेको छ । घटनामा संलग्न अभियुक्तविरुद्ध कारबाही भएका छन्,' उनले भने ।

तनहुँ १ मा जोशी समूह रास्वपासँग नजिकिँदै

दबाबमा कांग्रेस, उपनिर्वाचनको परिणाम प्रतिष्ठाको विषय

■ केशवप्रसाद पाण्डे/नयाँ पत्रिका



गोविन्दराज जोशी
पूर्वसहमहामन्त्री, कांग्रेस



गोविन्द भट्टराई
कांग्रेस उम्मेदवार

तनहुँ १ को उपनिर्वाचनमा असन्तुष्ट पूर्वमन्त्री गोविन्दराज जोशी समूह राष्ट्रिय स्वतन्त्र पार्टीसँग नजिकिएपछि कांग्रेसमाथि दबाब बढेको छ । कांग्रेससँगको वार्ता टुंगिएको घोषणा गरेको जोशी समूहले रास्वपासँग छलफल थालेसँगै कांग्रेस नेताहरूमा बागीले बिगार्ने डर देखिन थालेको छ ।

तनहुँ १ उपनिर्वाचन नतिजाले पार्ने दीर्घकालीन प्रभावलाई लिएर चिन्तित कांग्रेस सम्पूर्ण शक्तिका साथ मैदानमा छ । रामचन्द्र पौडेल राष्ट्रपति भएपछि रिक्त भएको क्षेत्र, उम्मेदवार गोविन्द भट्टराई कांग्रेसभित्र स्वीकार्य पात्र रहेको, ०७४ मा बाहेक ०४८ यताका सबै निर्वाचन जितेको र गठबन्धनसमेत रहेको कारण कांग्रेस नेतृत्व हरहालतमा तनहुँ १ जोगाउने रणनीतिमा छ ।

प्रतिष्ठाको लडाइँमा रहेको कांग्रेसले यहाँ चुनावी कमान्डर बनाएर महामन्त्री गगन थापालाई पठाएको छ । तर, कांग्रेसबाटै विद्रोह गरेर रास्वपाबाट उम्मेदवार बनेका डा. स्वर्णिम वाग्लेको व्यक्तित्व र जोशी समूहको असन्तुष्टिले प्रतिकूल नतिजा आउने डर कांग्रेस नेताहरूमा छ ।

कांग्रेससँग वार्ता टुंगिएको भोलिपल्ट बिहीबार (३० चैत) नेता गोविन्दराज जोशीका छोरा दीपकराजले रास्वपाका अध्यक्ष रवि लामिछानेसँग भेट गरेका थिए । स्रोतका अनुसार दीपकराज र लामिछानेबीच उपनिर्वाचनका विषयमा चितवनस्थित एक होटेलमा छलफल भएको थियो । स्रोतका अनुसार अन्तिम समयमा जोशी समूहले रास्वपालाई समर्थन गर्ने तयारी छ ।

दीपकराजले लामिछानेसँग पुरानै चिनजान भएको र चितवन जाने क्रममा बाटोमा भेट हुँदा सामान्य कुराकानी मात्रै भएको दाबी गरे । उनले वार्ता टुंगिएको घोषणा गरेपछि पनि कांग्रेस नेताहरूले सम्पर्क गरेर सघाउन अनुरोध गरिरहेको बताए । केही दिनमा औपचारिक निर्णय लिइने उनको भनाइ छ । 'कांग्रेससँग वार्ता सकिएको घोषणापछि पनि नेताहरूले सहमतिमा आउन र उपनिर्वाचनमा सघाउन आग्रह गरिरहनुभएको छ । एमाले र राष्ट्रिय स्वतन्त्र पार्टीले पनि आफ्ना उम्मेदवारलाई सघाउन आग्रह गरिरहनुभएको छ । रविजीसँग बाटोमा भेट हुँदा सामान्य छलफल भएको हो । निर्वाचनमा सघाउनेबारे औपचारिक निर्णय गरिसकेका छैनौं । अहिलेलाई हामी तटस्थ बस्ने भनेका छौं । केही दिनमा विज्ञप्ति निकालेर कसलाई सहयोग गर्ने टुंगो लगाउँछौं,' दीपकराज भने ।

कांग्रेसका लागि प्रतिष्ठाको निर्वाचन क्षेत्र बनेको तनहुँमा जोशी समूहको मत निर्णायक देखिएपछि कांग्रेसले जोशीलाई फकाउने रणनीति लिएको थियो । यसका लागि कांग्रेसले कारबाही फिर्ता गर्नेदेखि जोशीसँग विभिन्न चरणमा वार्तासमेत गरेको थियो । पटक-पटकको छलफलपछि गत सोमबार सभापति शेरबहादुर देउवाले दीपकराज जोशीलाई बोलाएर भेटेका थिए । भेटमा देउवाले सम्मानजनक व्यवस्थापनका लागि तयार रहेको जनाएका थिए । तर, सोही भूमिकामा फर्काउन भने सहज नरहेकाले गोविन्दराजलाई केन्द्रीय सदस्य र दीपकराजलाई उचित भूमिका दिने संकेत गरेका थिए । 'तनहुँ १ मा हाम्रो उम्मेदवारलाई सघाउनुस् । कारबाहीमा परेका सबैलाई त्यही भूमिकामा फर्काउन सम्भव हुँदैन । हामी सम्मानजनक व्यवस्थापन गर्न तयार छौं । गोविन्दजीलाई केन्द्रीय सदस्यको भूमिकामा ल्याउन सकिन्छ । तपाईंलाई पनि उपयुक्त भूमिकासहित व्यवस्थापन गर्न सकिन्छ । तपाईंहरूको मागबारे पार्टीमा पनि छलफल गर्नेछौं,' देउवाको भनाइबारे दीपकराज जोशी भन्छन् ।

■ जितप्रकाश आले
कांग्रेस तनहुँ सभापति



उहाँ (गोविन्दराज जोशी) ले वार्ता टुंगिएको भने पनि संवाद भइरहेको छ । छलफल निरन्तर छ । केन्द्रीय सभापति र महामन्त्री नै मिलाउने प्रयासमा हुनुहुन्छ । त्यसका लागि समय छ । हामीलाई आशा छ, अझै सकारात्मक परिणाम आउँछ ।

■ दीपकराज जोशी
कांग्रेस असन्तुष्ट समूह



कांग्रेससँग वार्ता सकिएको घोषणापछि पनि नेताहरूले सहमतिमा आउन र उपनिर्वाचनमा सघाउन आग्रह गरिरहनुभएको छ । एमाले र राष्ट्रिय स्वतन्त्र पार्टीले पनि आफ्ना उम्मेदवारलाई सघाउन आग्रह गरिरहनुभएको छ । रविजीसँग बाटोमा भेट हुँदा सामान्य छलफल भएको हो । निर्वाचनमा सघाउनेबारे औपचारिक निर्णय गरिसकेका छैनौं ।

तर, गोविन्दराज जोशीले बुधबार विज्ञप्ति निकालेर कांग्रेससँगको वार्ता उपनिर्वाचनमा उपयोगको रणनीति मात्रै भएकाले वार्ताको विकल्प सकिएको घोषणा गरेका थिए । 'कांग्रेस प्रतिनिधिहरूसँग भएको भनिएको वार्ता झुक्याउने, अलमल्याउने र आलटाल गर्ने प्रयत्न भएको महसुस हामीले गरेका छौं । कांग्रेससँग यो चरणको वार्ता समाप्त भएको घोषणा गर्दछौं,' जोशीले जारी गरेको विज्ञप्तिमा भनिएको थियो ।

जोशीले कांग्रेससँग मिल्न नसकिने निर्णय लिए पनि निर्वाचनमा भने विवेक प्रयोग गर्न मतदातालाई आग्रह गरेका छन् । जोशीनिकट स्रोतका अनुसार विज्ञप्तिमा सांकेतिक रूपमा वाग्लेसँग निकट रहेको संकेत गरिएको छ । केही दिनमा यसबारे आधिकारिक विज्ञप्ति जारी गर्ने तयारीमा जोशी समूह छ ।

'उपनिर्वाचनमा हाम्रो कुनै आधिकारिक उम्मेदवार छैन । कुनै पनि दलविशेषको सदस्य नभएकाले हामी स्वतन्त्र छौं र स्वतन्त्र रहिरहनेछौं । कांग्रेसले आफ्नै पार्टीका उम्मेदवारप्रति गरेको छलकपट निर्वाचनको परिणामपछि स्पष्ट हुनेछ,' जोशीले भनेका छन्, 'तनहुँका मतदाता कसलाई मतदान गर्ने भन्ने विषयमा आफ्नो मताधिकार प्रयोग गर्न सक्षम हुनुहुन्छ । मतदान गर्दा २१औं शताब्दीको चुनौतीलाई सामना गर्न सक्ने सक्षम, बौद्धिक र तनहुँको प्रतिष्ठालाई राष्ट्रिय राजनीतिमा कायम राख्न सक्ने योग्य उम्मेदवारको छनोट गरी आफ्नो मताधिकार प्रयोग गर्न सबै तनहुँ १ का मतदातालाई अनुरोध गर्दछ,' विज्ञप्तिमा भनिएको थियो ।

गत निर्वाचनमा निर्वाचित कांग्रेस उम्मेदवार रामचन्द्र पौडेल (हाल राष्ट्रपति) ले २५ हजार तीन सय ६१ मत प्राप्त गरेका थिए । जोशीले ६ हजार आठ सय ६८ मत ल्याएका थिए ।

कांग्रेस तनहुँ जिल्ला सभापति जितप्रकाश आलेले भने जोशीसँग अझै पनि संवाद जारी रहेको बताए । उनले जोशीसँग केन्द्रीय नेतृत्वले निरन्तर छलफल गरिरहेको दाबी गरे । 'उहाँले वार्ता टुंगिएको भने पनि संवाद भइरहेको छ । छलफल निरन्तर छ । केन्द्रीय सभापति र महामन्त्री नै मिलाउने प्रयासमा हुनुहुन्छ । त्यसका लागि समय छ । हामीलाई आशा छ, अझै सकारात्मक परिणाम आउँछ,' आलेले भने ।

यो क्षेत्र ०७४ को निर्वाचनबाहेक ०४८ देखि कांग्रेसले नै निरन्तर जित्दै आएको विगत छ । रामचन्द्र पौडेल राष्ट्रपति निर्वाचित भएपछि खाली गरेको निर्वाचन क्षेत्र भएकाले पनि यहाँको परिणाम कांग्रेसका लागि प्रतिष्ठाको विषय बनेको छ । वाग्ले प्रतिस्पर्धामा आएपछि युवा मत आकर्षित गर्न र जोशी समूह थप असन्तुष्ट बनेपछि प्रभावित मत जोगाउने चुनौती रहेको कांग्रेस नेताहरू बताउँछन् ।

महामन्त्री थापानिकट वाग्ले कांग्रेस छाडेर रास्वपाबाट उम्मेदवार बनेपछिको अवस्थामा कांग्रेसले भोट सुरक्षित गर्ने रणनीतिअनुसार असन्तुष्ट समूहसँग छलफल थालेको थियो । यस क्षेत्रमा निर्वाचन कमान्डको जिम्मा पाएका महामन्त्री थापाले तनहुँमा प्रभावित पार्न सक्ने नेता-कार्यकर्तालाई काठमाडौंमा बोलाएर र निर्वाचन क्षेत्रमा पुगेर निरन्तर छलफल गरिरहेका छन् ।

■ सेती खोँचमा खसेकी बालिकाको मृत्यु

कास्की/ पोखराको बीच भाग भएर बग्ने सेती नदीको खोचमा खसेर एक बालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा पोखरा महानगरपालिका- ८ नागढुंगा बस्ने वर्ष १२ की स्मृति पराजुली रहेकी जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता श्रवणकुमार विकले जानकारी दिए । पोखरा- १५ सीताराम हाउजिङस्थित खाली चौरमा खेल्ने क्रममा चिप्लेर खोचमा दिउँसो करिब १४:५० बजे खसेकी उनको साढे दुई घन्टापछि अचेत अवस्थामा उद्धारपछि उपचारका लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा लगिएको थियो । अस्पतालमा पुऱ्याएलगत्तै चिकित्सकले उनलाई मृत घोषणा गरेको विकले जानकारी दिए । बालिका खोचमा खसेको खबर पाउनासाथ पुगेको नेपाल प्रहरी, सशस्त्र प्रहरीसँगै गण्डकी प्रदेश प्रहरी गणबाट गएको रेस्क्यु टोली र स्थानीयको सहयोगमा अचेत अवस्थामा उनलाई उद्धार गरिएको थियो । पराजुलीसँगै उनका अन्य दुईजना साथी चौरमा खेल्न गएका थिए ।

■ जंगली हात्तीको आक्रमणमा आलेमगरको मृत्यु

लहान/ सिराहाको उत्तरी क्षेत्रको चुरे जंगलसँग जोडिएको गोलबजार नगरपालिका- ३ गोला मुक्सारका एक वृद्धको जंगली हात्तीको आक्रमणबाट मृत्यु भएको छ । गाउँनजिकै पर्ने गोलबजार- १ लामाडाँडामा नयाँ वर्षको अवसरमा लागेको मेलामा शुक्रबार राति करिब पौने ११ बजेतिर साथीहरूसँग नाच हेर्न गएका ७४ वर्षीय तुलबहादुर आले मगरको हात्तीको आक्रमणबाट मृत्यु भएको गोलबजार प्रहरीले जनाएको छ । घटनालगत्तै पुगेको प्रहरी टोलीले हात्ती धपाएर गाउँदेखि पूर्वतिर पठाएको गोलबजार प्रहरीका प्रमुख प्रहरी निरीक्षक डुपेन्द्रप्रसाद बुढाथोकीले जानकारी दिए । गाउँका साथीहरूसँग नाच हेर्न गएका वेला गोलबजार- १ मा पर्ने गुलरिया गाउँनजिकै एक्कासी जंगली हात्ती देखिएपछि अन्य साथीहरू भागे पनि मगर भाग्न नसक्दा हात्तीको आक्रमणमा परेको हुन सक्ने गोलबजार- ३ का वडाध्यक्ष धनप्रसाद लामाले जानकारी दिए । मगरको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल लहान ल्याइएको छ ।

संसदीय समिति गठन नहुँदै बागमतीमा पहिलो अधिवेशन अन्त्य हुँदै

■ मकवानपुरमा पोष्टराज अधिकारी

बागमती प्रदेश सभाको दोस्रो कार्यकालको पहिलो अधिवेशनबाट मिनी संसद्को रूपमा चिनिने संसदीय समिति गठन नहुँदै अधिवेशन अन्त्य हुने सँघारमा पुगेको छ । प्रदेश सभामा नेतृत्व गर्ने दलहरू सरकार बनाउने र ढाल्ने खेलमा व्यस्त भएकै कारण पहिलो अधिवेशनबाट संसदीय समिति गठन नहुने भएका छन् ।

प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेतृत्वको तत्कालीन सत्ता साझेदार दल राप्रपा १३ फागुन र अर्को सत्ता साझेदार दल एमाले १० चैतमा सरकारबाट बाहिरिएपछि कांग्रेसबाट दुईजना मन्त्री सरकारमा सहभागी हुनेभन्दा बाँकी काम हुन सकेको छैन । २२ दिनदेखि नयाँ सत्ता साझेदार दलहरू सरकारलाई पूर्णता दिने कसरतमा लागेका छन्, तर अहिलेसम्म मन्त्रालयको भागबन्डासमेत मिल्न सकेको छैन । सत्ता साझेदार दलहरूमध्ये माओवादी र कांग्रेसमा मात्रै सरकारमा छन् ।

● शालिकराम जम्कट्टेल
मुख्यमन्त्री, बागमती



एमाले र राप्रपा सरकारबाट बाहिरिएपछि नयाँ गठबन्धन दलहरू तत्काल सरकारलाई पूर्णता दिने विषयमै केन्द्रित छौं । बल्लबल्ल कांग्रेस सरकारमा सहभागी भयो, तैपनि मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन । यस्तो परिस्थितिमा तत्काल सदन आह्वानको सम्भावना न्यून छ । सदन आह्वान भए पनि तत्काल संसदीय समिति गठनको प्रक्रिया अगाडि बढ्ने सम्भावना पनि कम छ ।

मुख्यमन्त्री जम्कट्टेलले सदनको बैठक आह्वान गर्ने र सदनलाई बिजनेस दिने सम्भावना न्यून छ । गत १५ फागुनमा निजामती कर्मचारीसम्बन्धी दुई अध्यादेश पारित गरेर स्थगित भएको सदन मुख्यमन्त्री जम्कट्टेलले विश्वासको मत लिने सन्दर्भमा १० चैतमा बसेको थियो । त्यसयता मन्त्रिपरिषद् विस्तार गर्ने प्रयासमै रहेका मुख्यमन्त्री जम्कट्टेलले तत्कालै अधिवेशन बोलाउने सम्भावना न्यून छ ।

'एमाले र राप्रपा सरकारबाट बाहिरिएपछि नयाँ गठबन्धन दलहरू तत्काल सरकारलाई पूर्णता दिने विषयमै केन्द्रित छौं । बल्लबल्ल कांग्रेस सरकारमा सहभागी भयो, तर पनि मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन । यस्तो परिस्थितिमा तत्काल सदन आह्वानको सम्भावना न्यून छ । सदन आह्वान भए पनि तत्काल संसदीय समिति गठनको प्रक्रिया अगाडि बढ्ने सम्भावना पनि कम छ,' मुख्यमन्त्री जम्कट्टेलले नयाँ पत्रिकासँग भने । मुख्यमन्त्री जम्कट्टेलले मन्त्रालय र संसदीय समितिमा नेतृत्वको भागबन्डाको विषय जोडिएकाले पनि जटिल भइरहेको बताए । उनले प्रतिपक्षी दललाई सार्वजनिक लेखा समिति दिनैपर्ने बाध्यता रहेको बताए ।

तत्काल संसद आह्वान नहुँदा र भइहाले पनि समय अभावका कारण पहिलो अधिवेशनबाट संसदीय समितिहरू गठन हुने सम्भावना न्यून रहेको बागमती प्रदेश सभाका प्रवक्ता मनोज गुप्ता बताउँछन् । 'यदि मुख्यमन्त्री जम्कट्टेलबाट बैठक आह्वान भइहाले पनि सोही बैठकबाट पहिलो अधिवेशन अन्त्यको घोषणा हुन सक्छ । त्यसकारण, चालू अधिवेशनबाट संसदीय समितिहरू गठन सम्भावना कम छ । तर, त्यो राजनीतिक विषय भएकाले दलहरूबीच सहमति भए तत्काल समिति गठन असम्भव भने होइन,' उनले भने ।

गत १८ पुसमा प्रदेश सभाको पहिलो बैठक आह्वान भएको थियो । त्यसयता अहिलेसम्म प्रदेश सभामा १४ वटा बैठक बसेका छन् । तर, प्रदेश सभाले संसदीय समिति भने गठन हुने सकेको छैन । गत २३ माघमा प्रदेश सभा बैठक आह्वान गरेर संसदीय समिति गठन गर्ने प्रयास भएको थियो । तर, दलहरूबीच संसदीय समितिको नेतृत्वको विषयलाई लिएर विवाद भएपछि उक्त बैठक समिति गठन नै नगरी स्थगित भएको थियो । प्रदेश सभामा प्रदेश मामिला, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा स्वास्थ्य तथा कृषि समिति र उद्योग पर्यटन तथा वातावरण समिति छन् । उल्लेखित समितिमध्ये सार्वजनिक लेखा समितिको सभापति प्रतिपक्षी दलले पाउने प्रचलन छ ।

अन्तर्राष्ट्रिय प्रणालीमा देखिएको असाधारण परिवर्तन

क्याम्ब्रिज युनिभर्सिटीको अध्ययनले पहिलोपटक विकासोन्मुख देशले अमेरिकाभन्दा रुस र चीनलाई बढी सहयोग गरिरहेको तथ्य अघि सारेको छ



● पामिर गौतम


अग्रलेख

'युरोपले अमेरिकामाथिको आफ्नो निर्भरता घटाउनुपर्छ। युरोपले सामना गरेको ठूलो समस्या भनेकै हामी अरूले सिर्जना गरेको संकटमा फस्छौं, जसले हामीलाई आफ्नो रणनीतिक स्वायत्तता निर्माण गर्नबाट रोकेको छ,' फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले चीनको तीनदिने राजकीय भ्रमणबाट फर्किने क्रममा दिएको एक अन्तर्वार्तामा प्रतिक्रिया दिए, 'यदि दुई महाशक्ति चीन र अमेरिकाबीचको तनाव बढ्यो भने हामीसँग हाम्रो रणनीतिक स्वायत्ततालाई वित्तपोषण गर्ने समय र स्रोत केही हुनेछैन र हामी एक अधीन राष्ट्र बन्नेछौं। यी समस्याको समाधान गर्न युरोपले अमेरिकासँगको आफ्नो हतियार, ऊर्जा साथै मुद्राको निर्भरता घटाउनुपर्छ।' अमेरिका र विभिन्न युरोपेली राष्ट्रले ताइवानलाई लिएर चीनमाथि दबाब दिइरहेको समयमा युक्रेनको संकट समाधान गर्न नसक्ने युरोपले ताइवानको विषयमा कुन हैसियतले बोल्ने भनेर उनले प्रश्न गरेका थिए। उनले ताइवानलाई लिएर चीन र अमेरिकाबीचको टकरावमा युरोप फस्न नहुने तर्क गरे। म्याक्रोनले सी जिनपिङसँगको भेटमा उदीयमान बहुध्रुवीयताका लागि आफ्नो समर्थनबारे खुलेर कुरा गरे।

म्याक्रोनको चीन भ्रमण र त्यसका क्रममा उनले दिएका अभिव्यक्तिपछि धेरै पश्चिमा विशेषगरी अमेरिकी र बेलायती टिप्पणीकारहरूले धाबा बोलेका छन्। कसैले म्याक्रोनले आफूलाई मात्र नभई युरोपियन युनियन र समस्त पश्चिमी एकतालाई बदनाम गरेको आरोप लगाए, त कोही चीनलाई लगाम लगाउने अमेरिकी प्रयासलाई म्याक्रोनले कमजोर बनाएकोमा क्रोधित देखिए। वासिंटनले बेइजिङसँगको आर्थिक सम्बन्ध तोड्न खोजिरहेको र आफ्ना सहयोगीलाई चीनबाट आफ्नो अर्थतन्त्रलाई अलग गर्न अपिल गरिरहेको अवस्थामा फ्रान्स र चीनले यातायात, ऊर्जा, कृषि, संस्कृति र विज्ञानजस्ता क्षेत्रमा विभिन्न आर्थिक सम्झौतामा हस्ताक्षर गरेका छन्। दुई देशबीच भर्खरै हस्ताक्षर गरिएको व्यापार सम्झौताले चीनसँगको व्यापारमा फ्रान्सको सकारात्मक दृष्टिकोण रहेको सन्देश दिएको छ। फ्रान्स मात्र होइन, १२ अप्रिलमा द न्युयोर्क टाइम्सले अमेरिकाले चीनलाई अलग्याउने प्रयास गरिरहँदा जर्मन कम्पनीहरू चीनसँग अझ नजिकिँदै गएको समाचार सम्प्रेषण गरेको थियो। जर्मन अर्थतन्त्रका दुई शक्तिशाली इन्जिन फक्सवागन र रासायनिक कम्पनी बिएएसएफले चिनियाँ बजारमा आफ्नो लगानीलाई थप बढाउँदै छन् र फराकिलो बनाउँदै छन्। चीनमा फक्सवागनका ४० भन्दा बढी प्लान्ट छन् र उसले आफ्नो ४० प्रतिशत बिक्री र एकतिहाइ नाफा चिनियाँ बजारबाट कमाउँछ। चीनमा ३० वटा उत्पादन सुविधा भएको बिएएसएफले चीनमा नयाँ रासायनिक उत्पादन कम्प्लेक्समा १० अर्ब युरो खर्च गर्ने योजना अगाडि बढाएको छ। कम्पनीको वार्षिक आय सम्मेलनमा बिएएसएफका प्रमुख मार्टिन ब्रुडरमुलरले आफ्नो चीनमा भएको व्यापारले नै युरोपको आफ्नो कम्पनीको पुनर्संरचना सम्भव भएको बताएका थिए। गतवर्ष जर्मनी र चीनबीचको द्विपक्षीय व्यापार करिब दुई खर्ब ९८ अर्ब युरो थियो र चीन लगातार सात वर्षदेखि जर्मनीको सबैभन्दा ठूलो व्यापार साझेदार रहेको छ। युरोपेली युनियनका दुई प्रमुख राष्ट्रहरूको चिनियाँ बजारप्रतिको लगावले बाइडेन प्रशासनको अपिललाई बेवास्ता गरेको छ। चीन ! तपाईंलाई चाहे मन परोस् वा नपरोस्, यसलाई बेवास्ता गर्न गाह्रो छ।

शीतयुद्धको समाप्तिसँगै विश्व कूटनीतिमा सबैभन्दा सक्रिय खेलाडीको रूपमा स्थापित थियो अमेरिका। दोस्रो विश्वयुद्धपछि अमेरिकी नेतृत्वमा विभिन्न राष्ट्रहरूसँग स्थापित सैन्य गठबन्धनको नेटवर्क र विश्व आर्थिक र वित्तीय प्रणालीमा अमेरिकी प्रभुत्व निर्भर रहँदै आएको छ। तथापि त्यो प्रतिमान अहिले परिवर्तन हुँदै गएको छ। युरोप र गैरपश्चिमी राष्ट्रका नागरिकमा केही धारणा साझा छन् भने त्यो हो : दोस्रो विश्वयुद्धको अन्त्यदेखि विश्वव्यापी राजनीति, अर्थतन्त्र र सुरक्षामा प्रभुत्व जमाउने अमेरिकी नेतृत्वको व्यवस्था कमजोर हुँदै गएको छ। चीन, भारतजस्ता उदीयमान शक्तिराष्ट्रले विश्व शक्ति सन्तुलनलाई नयाँ आकार दिइरहेका छन् र विश्वको आर्थिक र राजनीतिक गुरुत्वाकर्षणको केन्द्र एसिया-प्रशान्ततर्फ तीव्र रूपमा ढल्किँदै छ। अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपणअनुसार एसियाले यस वर्षको विश्वव्यापी आर्थिक वृद्धिमा ७० प्रतिशतभन्दा बढी योगदान पुऱ्याउनेछ। चीन र भारतले मात्र विश्वव्यापी वृद्धिको आधा हिस्सा ओगट्नेछन्। हालैका केही घटनाक्रमले विश्व राजनीतिमा अमेरिकी प्रभुत्व क्रमशः घट्दै गएको देखाउँछ।

क्याम्ब्रिज युनिभर्सिटीको अध्ययनले पहिलोपटक विकासोन्मुख देशले अमेरिकाभन्दा रुस र चीनलाई बढी सहयोग गरिरहेको तथ्य अघि सारेको छ। सो अध्ययनअनुसार युक्रेन द्वन्द्वलाई विश्वव्यापीकरण गर्ने पश्चिमा प्रयासका बाबजुद अमेरिकी प्रभाव रहेका देशले मात्र प्रत्यक्ष रूपमा रुसमाथि प्रतिबन्ध लगाएका छन् र, युक्रेनलाई सैन्य सहायता पठाएका छन्। विश्वको जनसंख्याको लगभग ९० प्रतिशत हिस्सा ओगटेका राष्ट्रहरूले युक्रेनको द्वन्द्वलाई 'खराबविरुद्ध असल'को संघर्षको रूपमा फ्रेम गर्ने अमेरिकी प्रयासलाई अस्वीकार गरेका छन्। पश्चिमा सञ्चार माध्यम रुसको सैन्य असफलतामा केन्द्रित भए पनि चीनमा ७६ प्रतिशत, भारतमा ७७ प्रतिशत र टर्कीमा ७३ प्रतिशतले रुस युद्धपछि झन् बलियो भएको अथवा युद्धअघि जत्तिको शक्तिशाली थियो, अहिले पनि उत्तिकै शक्तिशाली रहेको विश्वास गर्छन्।



युक्रेन युद्धले उल्टै चीन र भारतलगायत धेरै प्रमुख गैरपश्चिमी देशसँग रुसी सम्बन्ध बलियो बनाएको छ र नयाँ अन्तर्राष्ट्रिय व्यवस्थाको उदयलाई गति दिएको छ। गत मार्चमा रुसमा आयोजित रुस-अफ्रिका दोस्रो अन्तर्राष्ट्रिय संसदीय सम्मेलनमा ४० अफ्रिकी देशका प्रतिनिधिमण्डल थिए, जबकि २०१९ मा भएको पहिलो फोरममा अफ्रिकी देशका ३६ प्रतिनिधिमण्डलले भाग लिएका थिए। युरोपियन युनियनद्वारा फन्डेड युरोपियन काउन्सिल अन फरेन रिलेसन्सको हालैको रिपोर्ट 'युनाइटेड वेस्ट, डिवाइडेड फ्रम द रेस्ट'अनुसार युक्रेन युद्धले अमेरिका र युरोपलाई नजिक ल्याए पनि राजनीतिक रूपमा यिनीहरू बाँकी संसारबाट भने एक्लिँदै गएका छन्। रिपोर्टअनुसार युक्रेन युद्धले पश्चिमी आधिपत्य रहेको अन्तर्राष्ट्रिय व्यवस्थाको अन्त्य र नयाँ अन्तर्राष्ट्रिय व्यवस्थाको सुरुवात भएको छ। अध्ययनको निष्कर्ष छ- यदि युक्रेनले कुनै न कुनै रूपमा युद्ध जित्न सफल भए पनि अमेरिकी नेतृत्वको विश्व व्यवस्थाको पुनर्स्थापना हुने सम्भावना छैन र पश्चिमले बहुध्रुवीय संसारको एक ध्रुवको रूपमा बाँच्नु पर्नेछ।

> वासिङटनले बेइजिङसँगको आर्थिक सम्बन्ध तोड्न खोजिरहेको र आफ्ना सहयोगीलाई चीनबाट आफ्नो अर्थतन्त्रलाई अलग गर्न अपिल गरिरहेको अवस्थामा फ्रान्स र चीनले यातायात, ऊर्जा, कृषि, संस्कृति र विज्ञानजस्ता क्षेत्रमा विभिन्न आर्थिक सम्झौतामा हस्ताक्षर गरेका छन्

अमेरिका र युरोप एउटै खुट्टामा उभिएकोजस्तो देखिए पनि यो सम्बन्ध कहिलेसम्म टिक्छ भन्ने टुंगो छैन। युक्रेनलाई लिएर अमेरिका र युरोप एकमत भए पनि अन्य विषयमा उनीहरूबीच भिन्नता रहेको म्याक्रोनको चीन भ्रमणले देखाएको छ। रोनाल्ड रेगनले आफ्नो आर्थिक नीतिका लागि वित्तपोषण हेर्न सहायक सचिव नियुक्त गरेका पाउल क्रेग रोबर्ट्सले एक अन्तर्वार्तामा युरोप वासिंटनको पछि लाग्दा उच्च मुद्रास्फीति र प्रतिबन्धका कारण रुससँगको नाफादायी व्यापार सम्बन्धको पतनबाट ग्रस्त भएको बताएका छन्।

युक्रेन संकटबाहेक मध्यपूर्वको क्षेत्रीय राजनीतिले पनि अमेरिकी प्रभाव कमजोर भएको देखाएको छ। पुटिनलाई दबाब दिने प्रयासमा बाइडेनले साउदी अरबलाई तेल उत्पादन बढाउन आग्रह गरेका थिए। तर, बाइडेनको आग्रहविपरीत रुससँग मिलेर साउदीले तेल उत्पादनमा कटौती गऱ्यो। चीनको मध्यस्थतामा इरान र साउदी अरेबियाबीच ऐतिहासिक सम्झौतामा हस्ताक्षर भएपछि अमेरिकाको विश्वव्यापी हैसियतमा अर्को प्रहार भएको छ। साउदी अरबका लागि अमेरिकी पूर्वराजदूत डेविड रुडेलका अनुसार यो समझौता मध्यपूर्वमा चिनियाँ प्रभाव र कूटनीतिका लागि एक ऐतिहासिक क्षणको रूपमा स्थापित हुनेछ भने अमेरिकाको प्रतिष्ठाका लागि अर्को झट्का हो। पश्चिमी राष्ट्रहरूको दबाबका बाबजुद अरब राष्ट्रहरूले बसर अल असदले नेतृत्व गरिरहेको सिरियालाई अरबी क्लबमा फर्काउने र बसर अल असदसँगको सम्बन्धलाई सुधार्न कदम चाल्न थालेका छन्। केही दिनअघि साउदी अरेबियाले इरान र सिरियाका प्रतिनिधिमण्डललाई स्वागत गरेको थियो। सिरियाली राष्ट्रपति बसर अल असदलाई अर्को महिना हुने अरब लिगको शिखर सम्मेलनमा सहभागी हुन दिने विषयमा छलफल गर्न नौ अरब राष्ट्रका प्रतिनिधि शुक्रबार जेद्दामा भेला भएका थिए। अमेरिकी नेतृत्वमा बसर अल असद र उनका भित्री सर्कलका व्यक्तिहरूलाई प्रतिबन्धद्वारा एक्लो पार्ने पश्चिमी नीतिका लागि यो अवश्य पनि सुखद होइन। साउदी अरेबियाको सांघाई सहयोग संगठनको 'संवाद साझेदार'को रूपमा सामेल हुने निर्णय साउदी अरबलाई चीन-रुसको प्रभावको क्षेत्रबाट बाहिर राख्ने अमेरिकी प्रयास अब व्यर्थ हुने संकेत हो।

गत महिना एक अन्तर्वार्तामा दक्षिण अफ्रिकाकी विदेशमन्त्री नालेदी पान्डरले ब्रिक्स समूहमा विश्वव्यापी चासो बढ्दै गएको बताएकी थिइन्। उक्त अन्तर्वार्तामा उनले ब्रिक्सका लागि साउदी अरब, संयुक्त अरब इमिरेट्स, इजिप्ट, अल्जेरिया, अर्जेन्टिना, मेक्सिको र नाइजेरियालगायत १२ इच्छुक राष्ट्रहरूबाट आवेदन आएको बताइन्। अमेरिकाले ब्रिक्सले जी-७ राष्ट्रहरूको आर्थिक शक्तिलाई गम्भीर चुनौती दिन नसक्ने बताउँदै आएको छ। तर, युक्रेन युद्धले बढाएको भूराजनीतिक र आर्थिक संकट र पश्चिमी प्रतिबन्धले ब्रिक्सलाई स्पटलाइटमा राखेको छ। प्रख्यात अमेरिकी भूराजनीतिक चिन्तक ब्रजेजिन्स्कीले सन् १९९७ मा प्रकाशित आफ्नो पुस्तक द ग्रयान्ड चेसबोर्डमा अन्तर्राष्ट्रिय प्रणाली र संरचनाप्रति चीन, रुस र सायद इरानको बढ्दो गुनासो र असन्तुष्टिले ती राष्ट्रलाई एकठाउँमा ल्याउने र त्यो सम्भावित रूपमा अमेरिकी प्रधानताका लागि सबैभन्दा खतरनाक परिदृश्य हुने बताएका छन्। ब्रजेजिन्स्कीलाई प्रतिध्वनित गर्दै केही समयअघि मात्र अमेरिकी चिफ अफ स्टाफका अध्यक्ष जनरल मार्क मिलीले अमेरिकी सांसदलाई चीन, रुस र इरान अमेरिकाका लागि आउने वर्षमा समस्या हुने बताएका थिए।

अमेरिकी प्रभुत्वको घट्दो अर्को साख हो, विश्वमा चलिरहेको डिडलराइजेसन अभियान। यानी अन्तर्राष्ट्रिय व्यापारमा अमेरिकी डलरभन्दा पनि स्थानीय मुद्रामा कारोबार गर्ने। सहस्राब्दीको सुरुमा विश्वव्यापी मुद्रा भण्डारको लगभग तीनचौथाइ डलरमा थियो। तर, अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार आज त्यो ५९ प्रतिशतमा झरेको छ र झर्ने क्रम जारी छ। अमेरिकी सरकारले आफ्नो भूराजनीतिक स्वार्थ जोगाउन र अन्य अर्थतन्त्रको वृद्धिलाई नियन्त्रण गर्न डलरलाई प्राथमिक औजारको रूपमा प्रयोग गर्दै आएको हुनाले डलरमाथिको विश्वास घट्दै गएको छ। भूराजनीतिक र आर्थिक स्वार्थ हासिल गर्न अमेरिकाले स्विफ्टजस्ता डलरमा आधारित व्यापारिक प्रणालीबाट इरान र हालै रुसलाई प्रतिबन्धित गरेको छ। भारत र चीनजस्ता देशले अन्तर्राष्ट्रिय व्यापार रुपैयाँ, रुबल वा युआनमा गर्न थालेका छन्। ब्राजिल र चीन अहिले एक-अर्कासँग युआनमा व्यापार गरिरहेका छन्। त्यस्तै ब्रिक्स राष्ट्रहरू व्यापारका निम्ति साझा मुद्रामा काम गरिरहेका छन्। डिडलराइजेसनलाई लिएर पल क्रेग रोबर्ट्स भन्छन्- ब्रेटन वुड्स सम्झौतापछि वासिंटनको शक्ति विश्व रिजर्भ मुद्राको रूपमा अमेरिकी डलरमा टिकेको छ। बाइडेन शासनको प्रतिबन्धले संसारलाई डलरको प्रयोगबाट र स्विफ्टजस्ता डलर क्लियरिङ सिस्टमबाट टाढा लैजान नथाल्दासम्म यो विशेषाधिकार सुरक्षित थियो। जुन दिन अमेरिकी डलर केवल कागजी मुद्रा बन्छ, अमेरिकी शक्ति पतन हुन्छ।

---

३ प्रश्न

आन्तरिक राजस्व विभागका महानिर्देशक **दीर्घराज मैनाली**लाई



अहिले राजस्व कम उठ्नुको कारण के हो ?

राजस्व कम उठ्नुमा एउटा मात्रै कारण छैन। आन्तरिक र बाह्य दुवै कारण यसमा देखिन्छन्। बाह्य क्षेत्रमा परेको चापका कारण सरकारले लिएको केही नीतिगत कदमले गर्दा राजस्व संकुचनमा परेको हो। बाह्य क्षेत्रको दबाब कम गर्न आयातमा कडाइ गरिएको थियो, जसले भन्सार राजस्व निकै कम संकलन भयो। यद्यपि आन्तरिक राजस्व पोहोरकै बराबर पुग्न लागेको छ।

त्यसबाहेक घरजग्गा कित्ताकाटमा पछिल्लो समय लिइएको नीतिगत कारणले पुँजीगत लाभकर संकलनमा असर परेको छ। साथै, आन्तरिक माग नै कमजोर भएपछि निजी क्षेत्रले तिर्ने राजस्वमा कमी आउनु स्वाभाविक हो।

राजस्व बढाउन सरकार के गर्दै छ ?

सरकारले यसअघि लिएका आयात कडाइको व्यवस्था हटाइसकेको छ। राजस्व संकलन गर्ने निकायमा सेवाप्रवाह चुस्त बनाउँदै गइरहेका छौं। त्यस्तै आगामी असारसम्म साधारण अवस्थामा पुग्ने गरी कार्ययोजना नै बनाएर अघि बढेका छौं। राजस्व चुहावट हुन सक्ने सम्भावित क्षेत्रमा कडाइ गरिएको छ।

आगामी बजेटले राजस्व गिरावटको समस्यालाई कसरी सम्बोधन गर्न सक्छ ?

आगामी बजेटमा आउने राजस्व नीति तथा कार्यक्रममा करको दायरा विस्तार गर्ने गरी तर्जुमा गर्दै छौं। यद्यपि असारपछि सामान्य अवस्थामा पुग्छौं भन्ने हाम्रो अनुमान पनि छ। साथै निजी क्षेत्रको माग र अहिलेको समस्यालाई सम्बोधन गर्ने उद्देश्यले राजस्व नीति तथा कार्यक्रम तर्जुमाको तयारी भइरहेको छ।

प्रेरक प्रसंग

प्रयास नै सफलताको कुञ्जी

विक्रम नामका एकजना बहादुर राजा थिए। एकपटक उनले केही सिपाहीको सहयोगमा एउटा निकै ठूलो सेनाविरुद्ध लड्नुपऱ्यो। लडाइँमा उनी पराजित भए। उनलाई आफ्नो ज्यान जोगाउनसमेत मुस्किल पऱ्यो। विक्रम भागेर जंगलको एउटा गुफामा शरण लिन पुगे। उनी निकै हतोत्साहित भएका थिए। उनले पूरै आत्मविश्वास गुमाएका थिए। उनी टोलाएर गुफाको माथितिर एक टकले हेरिरहेका थिए। एउटा रोचक दृश्यले उनको ध्यान खिच्यो।



एउटा सानो माकुरो गुफाको छतमुन्तिर जाल बुन्ने कोसिस गरिरहेको थियो। जब माकुरा माथि उक्लियो, जालोको धागो चुँडियो र माकुरा तल भुइँतिर खस्यो। तर, माकुराले हार मानेन। उसले पटक-पटक चढ्ने कोसिस जारी राख्यो। अन्तमा, माकुरा सफलतापूर्वक माथि चढ्यो र जालो बनाउने काम पूरा गऱ्यो। यो दृश्य देखेपछि विक्रमले सोच्न थाले। एउटा जाबो सानो माकुराले पनि अदम्य साहसका साथ असफलताको सामना गर्न सक्छ भने मैले किन हार मान्नु ? जबसम्म विजय हासिल गर्दिनँ, तबसम्म म हरसम्भव प्रयास गर्नेछु। यो विचारले पराजित राजालाई बल दियो।

विक्रम जंगलबाट बाहिर निस्के र आफ्ना बहादुर सिपाहीलाई पुनः एकठ्ठा गरे। उनले आफूलाई पराजित गरेको त्यो विशाल सेनासित फेरि युद्ध गरे, तर सफल भएनन्। हार भए पनि उनले आफ्नो लडाइँलाई जारी नै राखे। थुप्रैपटकको प्रयासपछि अन्ततः उनले त्यो विशाल सेनालाई परास्त गरे र आफ्नो राज्य पुनः हासिल गरे। प्रयास र लगानशीलताले नै सफलताको मार्ग प्रशस्त गर्न सक्छ। असफल भइयो भनेर हरेस खानु हुँदैन। प्रयास जारी राखे अवश्य सफल भइन्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बालेन होइन सरकार सचेत होस् !

सिंहदरबारको फोहोर नउठाएको विषयलाई लिएर गत मंगलबारको क्याबिनेट बैठकले काठमाडौं नगरप्रमुख बालेन साहलाई आफ्नो जिम्मेवारीप्रति सचेत गराउने निर्णय गरेछ। सिंहदरबारमा बस्नेहरूले बालेनलाई सचेत गराउने कि आफैं सचेत र जिम्मेवार हुने ? आफैं स्थानीय सरकारका कामहरू विगत नौ महिनादेखि अवरुद्ध गरेर असहयोग गर्ने, स्थानीय सरकारलाई असफल पार्न प्रयास गर्ने अनि आफैं स्थानीय सरकार जिम्मेवार हुनुपर्छ भन्ने ? यो दोहोरो चरित्र र ठालु मानसिकता हो। संघीय सरकारका १४ मन्त्रालयले विगत ९ महिनादेखि काठमाडौं माहानगरलाई असहयोग गरेको कुरा बालेनले बुँदागत रूपमा औंलाएका छन्। ती काम अविलम्ब गरिदिएर महानगरलाई फोहोर उठाऊ भन्न सुहाउँछ। संघीय सरकारले बालेनका कमजोरी औंल्याउनभन्दा आफ्ना कमजोरी सुधार्न ध्यान देओस्।

● **गोपाल देवकोटा**, चाबहिल पीपलबोट, कामनपा-७

बागमती संरक्षण सबैको दायित्व

बागमती नदीकिनारालगायत ठाउँमा अव्यवस्थित रूपमा बसोवास गरिरहेका सुकुम्बासीको समस्यालाई नेपाल सरकारले प्राथमिकताका साथ सबैलाई विश्वासमा लिएर तदारुकताका साथ समाधान गर्नुपर्छ। यो समस्यालाई थाती राखेर राजनीतिक हतियार बनाउनु घातक छ। बागमती नदीको संरक्षण गरी सफा राख्ने काम महानगर र सरकार दुवैको हो। खोलानाला र त्यसवरपरको हरियाली संरक्षण गर्नबाट सरकार पछि हटेको हो ?

● **पुरुषोत्तम घिमिरे**
जोरपाटी, काठमाडौं

झगडा होइन समन्वय

काठमाडौंका मेयर बालेन साह र संघीय सरकारबीच टकराव सुरु हुन दुःखद छ। केही दिनदेखि संघीय सरकार सञ्चालनको केन्द्र सिंहदरवार दुर्गन्धित छ। मेयर बालेनले पनि आफ्नो जिम्मेवारी बिर्सिएर फोहोरलाई राजनीतिक हतियार बनाउनु हुँदैन। संयमित भएर समस्याको समाधान खोज्न ढिलाइ नगरौं। यसले गलत प्रवृत्तिको विकास हुन सक्ने खतरातर्फ दुवै पक्षले सोच्न जरुरी छ।

● **सुवास खड्का**
भक्तपुर, बालकोट

कोदो उत्पादन बढाऔं

नेपालको सबै खाले भूभाग हिमाल, पहाड र तराई जहाँतहीं उत्पादन हुने अन्न कोदो अत्यन्त पोषणयुक्त छ। आयातीत र गुणस्तरहीन चामलले नेपालीहरूको रैथाने उत्पादन खाने बानीमा निकै असर पारिसकेको छ। हामीमा चामल खानुलाई सम्पन्नताको द्योतक मान्ने गलत सोचले घर गरिसकेको छ। तर, स्वास्थ्यबारे मानिसमा सचेतना बढ्न थालेसँगै कोदोप्रति मानिसहरूको धारणामा बिस्तारै परिवर्तन हुन थालेको देखिन्छ। मानिसहरूमा कोदोका विभिन्न परिकार खाने प्रचलन बढ्न थालेको छ।

यो निकै सुखद पक्ष हो। तर, नेपालको सबै भूगोल र हावापानीमा सजिलै उत्पादन हुन सक्ने अति हितकारी पोषण कोदोको उत्पादनमा सरकार र किसान दुवैले पर्याप्त ध्यान दिइको देखिँदैन। नेपालमा कोदोको बढ्दो माग आयातित कोदोले धान्न थालेको छ। भारतबाट कोदो आयात हुन थालेको छ। विश्व खाद्य संघले भारत सरकारको अनुरोधमा कोदो उत्पादन र खपतलाई प्रवर्द्धन गर्न सन् २०२३ लाई विश्व कोदो वर्षको रूपमा मनाउन आग्रह गरिसकेको छ।

चामलभन्दा कैयौं गुणा हितकारी र पोषणयुक्त कोदोका परिकार खाने बानी विकास गरेर हामी नेपालीले बाँझो हुँदै गएका हाम्रा हिमालदेखि तराईसम्मका खेतबारीमा कोदो उत्पादनलाई प्रवर्द्धनका निम्ति सहयोग गर्न सक्छौं। अब हामीले नेपालीको माग धान्ने गरी मात्रै होइन, निर्यात नै गर्न पुग्ने गरी कोदो उत्पादन गर्नुपर्छ। सरकारले कोदो किसानलाई प्रोत्साहन गर्न अभियान नै चलाउनु आवश्यक छ। कोदो उत्पादनमा गुणात्मक सफलता प्राप्त गर्न सकौं। २०८० सालको शुभ कामना !

● **बलराम थापा**
कुश्लेचौर, क्षेत्रपाटी, काठमाडौं

इतिहासका पाठ्यपुस्तकसँग भयभीत मोदी

पाठ्यपुस्तकमा हालैको संशोधन सांस्कृतिक नरसंहारको हिस्सा हो



देश / विदेश

● अपूर्वानन्द

अन्ततः सत्तासीन भएको नौ वर्षपछि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको हिन्दू राष्ट्रवादी सरकार उहिले नै अवसान भएको मुगल साम्राज्य एवं अन्य मुसलमान शासकलाई पराजित गर्न सफल भएको छ। हालैका घटनाक्रमले सात दशकदेखि पाठ्यपुस्तकमा उल्लेख्य स्थान पाएका मुगल शासक र साम्राज्य अहिले सीमान्तमा धकेलिएका छन्। विभिन्न कक्षाका पाठ्यपुस्तकमा उल्लेख गरिएका मुगल शासक र दिल्ली सल्तनतबारेका पाठ हटाइएका छन्। तर, यसबाट मुगल पूर्ण रूपमा नामेट भने हुँदैन, अर्थात् भारतको वास्तुशास्त्रीय एवं सांस्कृतिक वृत्तमा मुगल विरासत जीवित नै रहनेछ। यद्यपि विद्यार्थीले भने भारतका केही महत्त्वपूर्ण शासकका कोसेढुंगा र उपलब्धिबारे पढ्न पाउनेछैनन्।

यो कदम स्तब्धकारी छ। आखिर कसरी विद्यार्थीले मुगल र मुसलमान शासकको भूमिका नजानी वर्तमान भारतबारे बुझ्न सक्छन् ? यति भन्दै गर्दा यी संशोधन अस्वाभाविक होइनन्। किनभने यी संशोधन भारतलाई ऐतिहासिक रूपमा हिन्दू मात्रैको भूमि देखाउने मोदीको भारतीय जनता पार्टी (भाजपा)को वैचारिक एजेन्डासँग मिल्छन्। भाजपा भारतीय इतिहासमा अन्य विशेषतः मुसलमानको उपस्थितिलाई घुसपैठ र अपवित्र देखाउन चाहन्छ र आफूले विकृत पारेको इतिहासलाई सत्य हो भनेर जनतामाझ प्रमाणित गर्न चाहन्छ। अतिक्रमणको इतिहास र मेटाउन नसकिने योगदानका साथ विद्यालयका पाठ्यपुस्तकले भारतीय मुसलमानलाई राष्ट्रिय स्मृतिको अभिभाज्य अंशका रूपमा स्थापित गरिदिएको छ। भाजपा यो विरासत हटाउन चाहन्छ र मुगल एवं मुसलमान शासकलाई नृशंस अतिक्रमणकारीका रूपमा देखाउन चाहन्छ।

यो प्रवृत्ति मुसलमानजस्तो सुनिने सहर र सडकको नाम परिवर्तन गर्ने लहरसँग मिल्दोजुल्दो छ। ऐतिहासिक इलाहाबाद सहर अब प्रयागराज, औरंगवाद छत्रपति शिवाजी नगर र उस्मानाबाद धाराशिव बनेका छन्। सन् १९९२ मा अयोध्यामा बाबरी मस्जिद भत्काइनु मुसलमानविरोधी सांस्कृतिक नामेटीकरणकै एक हिस्सा थियो। अब वाराणसीको ज्ञानवापी मस्जिद र मथुराको शाही मस्जिदको पालो आउँदै छ। पाठ्यपुस्तकमा मुगल र मुसलमानको सीमान्तीकरणले मोदीको भारतका मुसलमानले वास्तविक जीवनमा सामना गरिरहेका व्यवहारलाई प्रतिबिम्बित गर्छ। पाठ्यपुस्तकमा गरिएको हालैको संशोधन सांस्कृतिक नरसंहारकै हिस्सा हो।

तर, इतिहासविरुद्धको यो युद्धमा कैयौं अरू शत्रु छन्। अद्वितीय रूपमा भूत र वर्तमान भारत हिन्दू थियो भन्नेले मात्रै पुग्दैन। अर्थात्, भूत र वर्तमान भारतमा हिन्दू मिलेर र सहिष्णु भई बसेका थिए भनेर पनि देखाउनु छ। समाजमा रहेको द्वन्द्व वा तनाव झल्काउने सबै विषयलाई मेटाउनैपर्ने हुन्छ। यसकारण मुसलमान इतिहासबाहेक जात व्यवस्थाको सत्यता र यसको विरासत रहेको छुवाछुत एवं बहिष्करणलाई पाठ्यपुस्तक संशोधनवादीले हटाइदिएका छन्। यी संशोधनवादी स्वैरकल्पनाको भारत अर्थात् द्वन्द्वविहीन भारतको निर्माण गर्न चाहन्छन्। हालैको इतिहासले पनि भाजपालाई असहज बनाउँछ। उदाहरणका लागि, सन् १९४८ मा महात्मा गान्धीको हत्या गर्ने हिन्दू चरमपन्थी पृष्ठभूमिका नाथुराम गोड्सेलाई लिन सकिन्छ। गोड्से हिन्दू सर्वोच्चतावादीको सञ्जालसँग सम्बन्धित थिए, जसलाई भाजपाको वैचारिक आधार राष्ट्रिय स्वयंसेवक संघले निर्देशित गर्थ्यो। गान्धीले धर्मनिरपेक्ष भारतका मामिलामा कुनै किसिमको सम्झौता नगरेकाले उनको हत्या गरिएको थियो। गोड्सेको उल्लिखित पृष्ठभूमिलाई मेटाइएको छ र गोड्सेलाई एकाएक गान्धी हत्याराका रूपमा मात्रै प्रस्तुत गरिएको छ। सन् २००२ मा प्रधानमन्त्री मोदी गुजरातका मुख्यमन्त्री भएका बखतको मुसलमान आमहत्याका घटनालाई पनि पाठ्यपुस्तकबाट हटाइएको छ। त्यसैगरी लैंगिक विभेदका उदाहरण पनि हटाइएका छन्। मानौं कि भारतमा कुनै पनि सामाजिक समूहविरुद्ध कुनै पनि किसिमको हिंसा भएकै थिएन। हालैको इतिहासको उदाहरण लिने हो भने खडेरीग्रस्त विदर्भको मध्यक्षेत्रमा जलाशययुक्त उद्यान बनाइएका तथ्यलाई पनि समाज विज्ञानका पुस्तकबाट हटाइएको छ।



तस्बिर : मनीष स्वरुप/एपी

भाजपा भारतीय समाज हिन्दू हो र हिन्दू समाज सधैं न्यायोचित, प्रेमपूर्ण र पूर्णतया भेदभावरहित हुन्छ भन्ने विश्वले विश्वास गरोस् भन्ने चाहन्छ। तर, ठिकविपरीत हामीसँग अश्लील यथार्थ मौजुद छ। यी उत्कृष्ट पंक्ति पढ्ने भारतका बालबालिका द्वन्द्वग्रस्त परिस्थितिमा बाँचिरहेका छन्। यो रबैया भारतको विगतलाई नियन्त्रण गर्नु वा विगतलाई हिन्दू रंगले पोत्नु मात्रै होइन। यो रबैयाले भाजपाले भारतलाई धकेलिरहेको अन्धकारयुक्त एवं अलोकतान्त्रिक भविष्यलाई पनि झल्काउँछ।

भाजपाले निर्माण गर्न चाहेको प्रमुख विचार भनेकै एक बलियो राज्य एवं आज्ञाकारी जनता हो। भाजपा आफूलाई भारतीय राज्यको पर्यायका रूपमा उभ्याउन चाहन्छ। यही विचारलाई ध्यानमा राख्दै पाठ्यपुस्तकबाट लोकतान्त्रिक अधिकारको रक्षा गर्ने सामाजिक र राजनीतिक आन्दोलनका सन्दर्भ हटाइएका छन्। भाजपाको ध्येय जनताले राज्यलाई जवाफदेही बनाउनुको साटो राज्यले जनतालाई जवाफदेही बनाउनु रहेको छ। पाठ्यपुस्तकलाई संशोधन गर्नुका पछाडि विद्यार्थीको पाठ्यभार कम गर्नु हो भन्ने आधिकारिक दलिल रहेको छ। तर, पाठ्यपुस्तकबाट हटाइएका पाठलाई हेर्दा वास्तविक प्रवृत्ति स्पष्ट हुन्छ। पाठ्यक्रम परिवर्तन भारतको विगतलाई अनिवार्य रूपमा हिन्दू र भेदभाव एवं हिंसाविहीन राष्ट्रको रूपमा चित्रण गर्ने विचारबाट प्रेरित छ। धर्मनिरपेक्ष राष्ट्रबाट हिन्दू भारत बनाउन भाजपाले स्वैरकल्पनायुक्त नक्कली इतिहासको निर्माण गर्नुपर्ने हुन्छ। विगतको पुनर्लेखन भनेको सत्यलाई चिहानमा पठाउँदै हिन्दू सर्वोच्चतावादी विचारधारालाई भविष्यका लागि वैधानिकता दिनु हो।

(अपूर्वानन्द दिल्ली विश्वविद्यालयमा हिन्दी पढाउँछन्)
अलजजिराबाट

लेखका लागि : opinion@nayapatr

कानुन पारित गरेर विश्वसनीय आयोग बनाऔँ

विस्तृत शान्ति-सम्झौता भएको १६ वर्ष बितिसक्दा पनि संक्रमणकालीन न्याय टुंगिन सकेको छैन । सरकारले २०७१ सालमा कानुन बनाएर बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरेर काम-कारबाही अगाडि बढाउँदा सर्वोच्च अदालतले कानुनका केही प्रावधान संशोधन गर्न आदेश दिएको थियो । आदेश आएको आठ वर्ष बितिसक्दा पनि कानुन संशोधन हुन सकेको छैन । अहिले सर्वोच्चले फेरि अर्को मुद्दामा छिटो कानुन बनाउन ध्यानाकर्षण गरेपछि सरकारले कानुन संशोधनका लागि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक संसद्मा ल्याएको छ । दफावार छलफलको चरणमा पुगेको विधेयकमा भएका द्वन्द्वकालीन घटनाको वर्गीकरणलगायत कतिपय प्रावधानमा दलहरू विभाजित देखिएका छन् । पीडित, सरोकारवाला निकाय, अधिकारकर्मीले पनि चासो व्यक्त गरेका छन् । यो विधेयकलाई पूर्वकानुनमन्त्री गोविन्द शर्मा बन्दीले आफ्नो कार्यकालमा मस्यौदा गरेर सदनमा ल्याए पनि सहमति बन्न नसक्दा पास हुन सकेन । अहिले ठोस परिमार्जनविना विधेयक आउँदा बन्दी पनि यसमा जोडिएका छन् । संक्रमणकालीन न्यायसम्बन्धी मामिलाका जानकारसमेत रहेका वरिष्ठ अधिवक्ता बन्दीसँग कानुन संशोधनको प्रक्रिया, संक्रमणकालीन न्यायलाई विश्वसनीय रूपमा शीघ्र टुंग्याउने उपायलगायतका विषयमा नयाँ पत्रिका लागि **कमलराज भट्ट**ले गरेको कुराकानी ।



अन्तर्वार्ता

● **गोविन्द बन्दी**, पूर्वकानुनमन्त्री

दोषीलाई उन्मुक्ति दिने गरी विधेयक आएको भन्ने व्याख्यासँग म सहमत छैन । यो कसैलाई उन्मुक्ति दिन र कसैलाई फसाउन आएको होइन । यो संक्रमणकालीन न्यायको पछिल्लो समय विकास भएको अभ्यासमा आधारित भएर आएको छ ।

टिआरसी उजुरी हाल्ने ठाउँ नै होइन । त्यसले द्वन्द्वका कारण सबै कुरा पत्ता लगाएर, केही गम्भीर प्रकृतिका अपराध पत्ता लगाएर, यी मुद्दाको अपराध अनुसन्धान भएर अभियोजनमा जानुपर्छ भन्नेसम्म हो । आफैँ छिनोफानो गर्ने होइन ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयकले द्वन्द्वका पक्षबीच विभाजन ल्याएको छ, यसलाई कसरी हेर्नुभएको छ ?

विधेयक विभाजन ल्याउने कुरा होइन, द्वन्द्वका पक्षबीच विभाजन पनि होइन । विधेयकबारे भिन्न स्कुल अफ थट छन्, जुन स्वाभाविक हो । यो विधेयकले अघि सारेका कुरा संक्रमणकालीन न्यायको विश्वमा गरिएका अभ्यासमध्ये पछिल्लो अभ्यास र अलि व्यावहारिक देखिन्छ । समग्र मानव अधिकार र कानुनी राजको आँखाबाट हेर्ने हो भने यो विधेयकमा धेरै त्रुटि र कमी-कमजोरी देखिन्छन् । तर, संक्रमणकालीन न्यायका हिसाबले हेरियो भने त्यति धेरै हानिकारक हुँदैन । संक्रमणकालीन न्यायमा फौजदारी न्यायको मात्र कुरा हुँदैन । सत्यको स्थापना हुन्छ । ऐतिहासिक अन्याय किन भयो ? समाजमा किन द्वन्द्व भयो ? के कारणले द्वन्द्व हुन पुग्यो ? द्वन्द्वको क्रममा मानव अधिकारको उल्लंघन किन भयो ? कारकहरू के थिए ? भविष्यमा द्वन्द्व नहोस्, द्वन्द्व भइहाले पनि राज्यको सुरक्षा संयन्त्र वा विद्रोहीले मानव अधिकार उल्लंघन नगरोस् । एउटा मानवीय कानुनको परिधिभित्र रहेर अगाडि बढ्ने वातावरणका लागि के गर्नुपर्छ भन्ने किसिमको जेन्युन प्रस्पेक्टिभ हुन्छ । यो रेक्ट्योएक्टिभ हुँदैन । भविष्यका लागि गठन गर्ने हो । त्यसमध्येको एउटा कम्पोनेन्ट फौजदारी ढंगले जवाफदेही बनाउनुपर्छ, दण्डहीनतालाई सम्बोधन गर्नका लागि । युद्धका वेला जे पायो त्यही गर्न पाइँदैन भन्ने म्यासेज दिनका लागि र गम्भीर प्रकृतिका अपराध गर्ने छुट कसैलाई छैन भन्ने सन्देश प्रवाह गरेर समाजमा फेरि पनि शान्तिलाई हासिल गर्ने यसको उद्देश्य हुन्छ । त्यो हिसाबले यो विधेयक आएको छ । तर, केही कुरामा विवाद छ । योभन्दा अघि पनि विधेयक आउँदा धेरै कुरामा छलफल भएको थियो । त्यतिवेलाको सरकारले ल्याएको र अहिले ल्याएको विधेयक हेर्दा त्यतिखेर समितिमा व्यापक छलफल भएर दलबीच सहमतिमा पुगेका कुरा सुधार भएर आएको छ । पछिल्लो समय म आफैँले विधेयक संसद्मा ल्याउँदा त्यहाँ केही कुरामा भएको समझदारीका आधारमा पुनरावेदन दिन पाउने, मुद्दा चलाउने हदम्याद ६ महिनाबाट एक वर्ष पुऱ्याएर ल्याएको छ । म प्रत्यक्ष रूपमा अहिले यो प्रक्रियामा त छैन । तर, विधेयकमा अहिले परेका संशोधन हेर्दा हिजोभन्दा परिमार्जित भएर आएको छ । हाम्रो संसद्ले यो मुद्दालाई संवेदनशील रूपमा लिएको देख्दा खुसी लागेको छ । मानव अधिकार उल्लंघनको वर्गीकरणमा जसरी संशोधन आएको छ, लामो सूची बनाउनुभन्दा मानव अधिकार उल्लंघन भन्नाले मानव अधिकार कानुनको उल्लंघन भन्ने सम्झिनुपर्छ भन्ने परेको छ । गम्भीर अपराध भन्नाले मानवताविरुद्धको अपराधको थ्रेस होल्डका अपराधलाई वा अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराध भनेर कसैले हाल्नुभएको छ, कसैले हाम्रै कानुनमा प्रयोग भएका शब्द हाल्नुभएको छ । यो हिसाबले हेर्दा के देखिन्छ भने नेपालमा संक्रमणकालीन न्यायको बहस पहिला ०७१ सालमा ऐन आउनुभन्दा अहिले संशोधनमा व्यापक छ । पछिल्लोपटक म कानुनमन्त्री हुँदा देशव्यापी छलफल भयो, समितिमा लामो छलफल भयो । संसद्मा पनि भयो । अहिले पनि सैद्धान्तिक छलफलमा प्रतिपक्षीदेखि सत्तापक्षबाट गम्भीरतापूर्वक आएका कुरा हेर्दा अब नेपालका दलहरू यसलाई ठिक ढंगले समाधान गर्नतिर जाँदै हुनुहन्छ भन्ने देखिन्छ ।

विधेयकको अन्तरवस्तुमा राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा प्रश्न उठेको छ । हत्यालाई वर्गीकरण गरेर दोषीलाई उन्मुक्ति दिन खोजेको भन्ने शंका र अविश्वास छ । यसमा सबै पक्षलाई कसरी समेटेर अगाडि बढ्न सकिएला ?

दोषीलाई उन्मुक्ति दिने गरी विधेयक आएको भन्ने व्याख्यासँग म सहमत छैन । यो कसैलाई उन्मुक्ति दिन र कसैलाई फसाउन आएको होइन । यो संक्रमणकालीन न्यायको पछिल्लो समय विकास भएको अभ्यासमा आधारित भएर आएको छ । न्युरेम्बर ट्रायलदेखि टोकियो, रुवान्डा, युगोस्लाभिया, युएन स्पोन्सर ट्रायलहरू, सियरालियोनमा गठन गरिएको अदालत वा बोस्निया वार क्राइम ट्रिब्युनमा होस् वा कम्बोडियामा गरिएको अभ्यास, यी सबै अभ्यासबाट हेर्दा कहींनेर पनि सबै केस सम्बोधन भएका देखिँदैनन् । दण्डहीनतालाई सम्बोधन गर्ने हिसाबले केही गम्भीर अपराधका केस सम्बोधन गर्ने गरिन्छन् । द्वन्द्वरत पक्षले निःशस्त्र नागरिकविरुद्ध गरिएका अपराधको मुद्दा हेरिन्छ । रोम विधानले युद्ध अपराध, मानवताविरुद्धको अपराध, नरसंहारलाई गम्भीर अपराध मानेको छ । यो मापदण्डलाई नेपालमा मात्र होइन, विश्वमा पनि राखिएको छ । नेपालमा वर्गीकरण गरियो, उन्मुक्ति दिन खोजियो भन्ने कुराहरू नेपालको शान्ति प्रक्रियालाई टुंगोमा नपुऱ्याएर थाती राखिराख्ने कुरा हो । अब बोल्न थाल्नुपर्छ । सबै केस गर्ने हो भने त संक्रमणकालीन न्याय किन चाहियो ? पुलिस, सरकारी वकिल, अदालत छँदै छ । सत्य निरुपण आयोग बनाउनै परेन । आयोगबाट जाने हो भने त सत्य अन्वेषण, न्याय, परिपूरण र संरचनागत सुधारको आधारमा जानुपर्छ । यी चारै तत्त्वलाई उत्तिकै रूपमा महत्त्व दिएर जानुपर्छ । यद्यपि अहिलेको परिभाषा मिलाउनुपर्नेछ । यो परिभाषाले संकुचन गर्छ । मै हुँदा पनि संसद्बाट संशोधन गरौंला भनिएको थियो । मैले त्यतिवेला लगेको विधेयकमा अहिलेका प्रधानमन्त्रीले स्वेच्छाचारी हत्या त भनेकै हो । एउटा सहमति भएकै हो । यसमा केही कुरा मिलाउनुपर्नेछ । म केमा विश्वस्त छु भने हाम्रो संसद्ले यो कुरा मिलाएर पास गर्छ, संक्रमणकालीन न्याय प्रक्रिया अगाडि बढ्छ ।

कानुन संशोधन भइसकेपछि पनि आयोगको स्वरूप र पदाधिकारीको नियुक्तिमा पनि संशय छ । अर्कोतिर आयोगलाई सरकारले प्राथमिकतामा नराखेको विगतको अभ्यास छ । आयोगका पदाधिकारीलाई विगतमा राज्य पक्षले स्वतन्त्र रूपमा काम गर्न नदिएको तितो अनुभव पनि छ । यी विषयलाई कसरी आश्वस्त पारेर अगाडि बढाउनुपर्ला ?

कानुन निर्माण त धेरै ठूलो कुरा होइन । संसारका अधिकांश सत्य निरुपण आयोग कार्यकारी अर्थात् मन्त्रिपरिषद्बाट विनाकुनै कानुन गठन गरिएका छन् । यी आयोगले काम सकेर प्रक्रिया पूरा भएको नजिर छ । नेपालमा अभियोजन र आममाफीमा जोड दिएर कि त पूरै छुट चाहियो, कि पूरै कारबाही चाहियो भन्ने कट्टरपन्थी दृष्टिकोण छ, जसले गर्दा नेपालको संक्रमणकालीन न्याय पछाडि परेको हो । त्यसैले हामीले ध्यान दिने नै आयोग गठनमा हो । आयोग कसरी स्वतन्त्र बनाउने ? गठन प्रक्रियालाई कसरी पारदर्शी बनाउने, आयोगमा आउने मान्छे कसैको पक्षमा नलागी निष्पक्ष र शान्ति-सम्झौताको भावनाअनुसार अगाडि बढाउने टावरिङ पर्सनालिटी चाहिन्छ । अब यो विषयमा छलफल चलाउनुपर्छ ।

दक्षिण अफ्रिकाको अभ्यास अन्तर्राष्ट्रिय कानुनअनुसार मिलेको छैन, त्यहाँ गम्भीर अपराधलगायत जोसुकैलाई पनि क्षमादान दिने कानुनी व्यवस्था थियो । अन्तर्राष्ट्रिय कानुनविपरीत हुँदाहुँदै किन स्विकारे भन्दा त्यो आयोगको गठन प्रक्रिया र पदाधिकारीप्रति विश्वास थियो । प्रतिष्ठित डेसमन्ड टुटुले नेतृत्व गरेका थिए । अर्को मान्यताले पनि काम गऱ्यो । त्यहाँ क्रिस्चियन मान्यतामा आफूले गरेको अपराधमा चर्चमा गएर पश्चत्ताप गरी ईश्वरसँग माफी माग्यो भने पापबाट उन्मुक्ति हुन्छ भन्ने मान्यता भएकाले पनि सहज भयो । आममाफीको अवधारणा, क्रिस्चियन मान्यता र साउथ अफ्रिकन उवन्तु (मेलमिलाप)को संयोजन भयो । सांस्कृतिक रूपमा पनि मिल्यो । हामीकहाँ कानुन एकातिर छ, आयोग गठन अर्कोतिर छ, राजनीतिक व्यवस्था अर्को खालको छ, मान्यता प्रणाली अर्को छ । तालमेल नै छैन । यो काम नहुनुको पछाडि हाम्रो पनि संस्कृति, जसमा बुद्धिजम, हिन्दुत्व, मुस्लिम, जैनको प्रभावअनुसार कानुनलाई व्यवस्थित नगर्नु हो । त्यसकारण कानुनलाई बलियो बनाउन सांस्कृतिक सन्दर्भ पनि चाहिन्छ । हामीकहाँ सर्वथा अभाव देखिन्छ ।

संसारका अधिकांश देशमा सामाजिक मान्यता, मुद्दाप्रतिको दृष्टिकोणअनुसार मिल्दो कानुनी प्रक्रिया अँगाल्दा सत्य निरुपण आयोग सफल भएको देखिन्छ । यो विषयमा पनि ध्यान दिनुपर्छ । आयोग गठन गर्दा कार्यकर्ता भर्ना होइन, निष्पक्ष मान्छे लिएर आऊ । आयोगलाई सरकारले गरेन भन्ने भन्दा पनि कामचलाउ हिसाबले आयोगहरू अगाडि बढाइयो । कानुन संशोधन नगरी आयोगले काम गर्दैन भन्ने स्पष्ट हुँदाहुँदै संशोधन नगर्ने तर आयोग गठन गरेर तलबभत्ता खुवाइरहने गरियो । म मन्त्री भएका वेला यो मैले नगरेकै हो । यसप्रति यसअघिका पदाधिकारीको गुनासो छ । उहाँहरूप्रति मेरो पूर्वाग्रह होइन, कामै सम्पन्न गर्न नसक्ने आयोग राखेर काम छैन, राज्य पालेर बस्न सक्दैन भनेर रोकेको हो । त्यो आयोग राख्न हुँदैनथ्यो । कानुन संशोधन गरेर बल्ल आयोग बनाएपछि मात्र परिणाम आउँथ्यो । आयोगलाई सरकारले सहयोग गर्ने कुरा स्रोतमा पनि भर पर्छ । जम्मा १०-११ करोड वार्षिक बजेटमा चलेको आयोगलाई एकैचोटि एक अर्ब ४० करोड बजेट मेरो पालामा छुट्टिएको छ । आयोगलाई प्राथमिकतामा पार्न क्याबिनेटमा बलियो कानुनमन्त्री पनि चाहिन्छ । यद्यपि सरकारबाट जति सहयोग हुनुपर्थ्यो, भएन । अन्तर्राष्ट्रिय समुदाय र पीडितको पनि पहिला सहयोग भएन । सरकार, अन्तर्राष्ट्रिय समुदाय र पीडित सबैको सहयोग चाहियो ।

आयोगमा अहिले ६४ हजार उजुरी परेको छ । विधेयकमा कार्यविधि दुई वर्ष भनिएको छ । पर्याप्त हुन्छ कि हुँदैन ? यो अवधिमा सकाउन आयोगमा जनशक्ति र स्रोत व्यवस्थापन कस्तो गर्नुपर्ला ?

पहिलो कुरा त आयोग उजुरी र मुद्दा हेर्ने निकाय होइन । टिआरसीले संसारमै मुद्दा हेरेको छैन । टिआरसी उजुरी हाल्ने ठाउँ नै होइन । त्यसले द्वन्द्वका कारण सबै कुरा पत्ता लगाएर, केही गम्भीर प्रकृतिका अपराध पत्ता लगाएर, यी केसको अपराध अनुसन्धान भएर अभियोजनमा जानुपर्छ भन्नेसम्म हो । आफैँ छिनोफानो गर्ने होइन । यहाँ संक्रमणकालीन न्यायको विषयलाई गलत रूपमा डिजाइन गरिएको छ । म क्याबिनेटमा भएका वेला सत्यको दृष्टिकोणबाट अगाडि बढाउन प्रयत्न गरिएको हो । अहिले पनि आम रूपमा त्यही दृष्टिकोण लिएको छ, केही कुरा मिलाउनुपर्नेबाहेक । त्यसकारण ६० हजार वा ६४ हजार संख्याको अर्थ छैन । उजुरी सुनेर छिनोफानो गर्ने निकाय टिआरसी होइन । यसले वर्गीकरण गर्छ, कस्ता खालका मानव अधिकार उल्लंघन भए, गम्भीर प्रकृतिका कति भए, अरू कति भए, राज्यले लिनुपर्ने दृष्टिकोण के हो भन्छ । साँच्चै काम गर्ने हो भने एक महिनाभित्र मोटामोटी केस हवात्तै घट्छ ।

महान्यायाधिवक्ताले मुद्दा चलाउने, विशेष अदालतले हेर्ने र पुनरावेदनलगायत न्यायिक प्रक्रियामा पनि अविश्वास देखिन्छ नि ?

नेपालको प्रधानन्यायाधीश सिफारिस गर्ने न्याय परिषद्ले विशेष अदालतको न्यायाधीश नियुक्त गर्ने भनेको छ । सर्वोच्च अदालतका न्यायाधीशको नियुक्ति गर्ने अंगको सिफारिसमा बहालवाला न्यायाधीशबाट विशेष अदालत गठन गर्दा यो पनि मिल्दैन भन्ने तर्क कसैले गरिरहेको छ । यो चेतनास्तरकै प्रश्न हो ।

यसले पार लगाउँदैन । यद्यपि अनावश्यक रूपमा सेना, प्रहरी वा माओवादी कुनै पक्षले पनि बदला लिने हिसाबले अभियोजनमा लानु हुँदैन । तर, उहाँहरूले गरेका गम्भीर अपराधलाई छाडेर उन्मुक्ति दिएर जान हुँदैन । गम्भीर अपराधको अनुसन्धान हुनैपर्छ । प्रमाण पुग्दा कानुनी दायरामा ल्याएर सजाय दिनुपर्छ । अनुसन्धानमा सहयोग गरे सजाय कम गर्ने व्यवस्था होला ।

यो विधेयकको महत्त्वपूर्ण पक्षको रूपमा परिपूरणलाई मानिएको छ । यो भनेको के हो ?

द्वन्द्वमा शारीरिक, मानसिक र भौतिक क्षति ज्यादा हुन्छ । त्यसलाई पूर्ति गर्ने र स्वीकार गर्नु महत्त्वपूर्ण हुन्छ । द्वन्द्वका पक्षले हामीले हिजो गल्ती गऱ्यौं, आलोचित छौं भनेर पश्चात्ताप गरी प्रताडित समाज, व्यक्ति र सिंगो समुदायसँग माफी मागेर सम्मान गर्ने, विस्तापितलाई स-सम्मान पुनर्स्थापना गर्ने परिपूरणको महत्त्वपूर्ण पक्ष हो । नेपालमा क्षतिपूर्तिको हिसाबमा मात्र ल्याइयो । सम्मानको हिसाबले आएन । सम्मान पीडितको अधिकार हो । परिपूरणलाई अनिवार्य लागू गर्न अदालत जान सकिने व्यवस्था विधेयकमा गरिएको छ ।

संसद्मा विचाराधीन विधेयकमा दलहरूको भिन्न अडान देखिन्छ । बहुमतबाट पारित भयो भने कार्यान्वयनमा कति जटिलता होला ?

दलहरू एकै ठाउँमा भएजस्तो मलाई लाग्छ । सत्तापक्ष र प्रतिपक्षी सबै यसलाई टुंग्याउन दृढ देखिन्छन् । त्यसैले खासै फरक हिसाबले जान्छ जस्तो लाग्दैन । संसद्बाट पारित हुने कुरामा समस्या हुँदैन । बरु समस्या आयोगको गठनमा हुने देखिन्छ । आयोगमा मेरो र तेरो मान्छे गरियो भने यो सबै डुब्छ । फेरि यसले वैधता प्राप्त गर्न सक्दैन । पीडितका साथै अन्तर्राष्ट्रिय समुदायले मान्न सक्ने खालको बन्नुपर्छ नत्र गाह्रो हुन्छ ।

तपाईं हालै राष्ट्रको प्रतिनिधित्व गरेर जेनेभा सम्मेलनमा जानुभएको थियो । अन्तर्राष्ट्रिय समुदायले हाम्रो पछिल्लो प्रक्रियालाई कसरी हेरेको छ ?

उनीहरूले एकदम सकारात्मक रूपले हेरेका छन् । नेपाल शान्ति-प्रक्रियाको बाँकी रहेको काम पूरा गर्न अघि बढेकोमा उनीहरूले उत्सुकतापूर्वक हेरेका छन् । उनीहरूका केही चासो र सरोकार पनि छन् । केही कानुन र केही प्रक्रियाका सम्बन्धमा छन् । जुन सबैतिर हुने गर्छन् । मुख्य रूपमा यो ठिक ढंगले अघि बढिरहेको छ भने सामान्य कुरामा चासो र सरोकार भएको आधारमा मात्र अन्तर्राष्ट्रिय समुदाय यो प्रक्रियाभन्दा बाहिर बसेर जान्छ भन्ने होइन । तर, केही सरोकार छन्, काम गर्दै मिलाउँदै जान सकिन्छ । मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रतिनिधिसँग भेटेर आएको छु, सबैको एउटै कुरा नेपालको प्रक्रिया अगाडि बढोस् भन्ने नै छ । तर, केही कुरा मिलाएर जानुपर्छ । साथै आफ्नो प्रक्रियाको निम्ति एकखालको सहमति राष्ट्रिय रूपमा हुने किसिमले गऱ्यो भने तिमीहरूलाई सजिलो हुन्छ भन्ने उनीहरूको भनाइ छ ।

देशभित्र दलीय सहमति कस्तो देख्नुहुन्छ ?

पूर्वप्रधानमन्त्री केपी ओली, शेरबहादुर देउवा र अहिलेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड यो मामिलामा दृढ देखेको छु । हिजो माओवादी-एमाले सरकार हुँदा साझा न्यूनतम कार्यक्रममा समितिमा अड्किएकै बिन्दुबाट सुरु गर्ने प्रतिबद्धता थियो । आज माओवादी-कांग्रेस गठबन्धनको दस्ताबेजमा पनि त्यही भाषा छ । यो हेर्दा उहाँहरूमा कुनै फरक देख्दिनँ । देश र देशबाहिर अब यो प्रक्रियालाई यो वा त्यो बहानामा बाँकी राखिराख्नुपर्छ भन्ने कोही छैनन् । तरिकामा प्रश्न हो । रोक्न कसैले खोजेको देखिन्न । राम्रैसँग टुंगिन्छ जस्तो लाग्छ ।

अन्तिममा यो प्रक्रियालाई विश्वसनीय रूपमा टुंग्याउन हामीले मुख्य रूपमा के-के गर्नुपर्छ ?

पहिलो कुरा, पोजिसनकै कारण नअड्काऔँ । अगाडि पनि काम गर्दै जाँदा धेरै सुधार गर्न सकिन्छ । सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय कानुनविपरीत नहुने गरी कानुन पास गरौँ । कानुन पास गरेपछि विश्वसनीय आयोग बनाऔँ । विश्वसनीय बनाउन टावरिङ पर्सनालिटी खोजौँ, उहाँलाई अनुरोध नै गरौँ । ठूलो कुरा छैन । केही केसलाई सम्बोधन गरौँ । अगाडि बढौँ, नरोकौँ ।

विश्व संक्षेप

जापानी प्रधानमन्त्रीमाथि आक्रमण प्रयास

टोकियो / प्रधानमन्त्री फुमियो किसिदामाथि देशको पश्चिमी भाग वाकायामामा आक्रमण प्रयास भएको छ । वाकायामा आयोजित एक चुनावी कार्यक्रममा मन्तव्य दिन लागेका प्रधानमन्त्रीमाथि 'स्मोक बम' प्रहार भएको सरकारी समाचार समिति क्योदो तथा प्रसारण संस्था एनएचकेले जनाएका छन् ।

प्रधानमन्त्रीलाई सुरक्षित रूपमा सकुशल कार्यक्रमस्थलबाहिर लगिएको थियो । मञ्चमा पुग्न लागेका वेला प्रधानमन्त्रीमाथि आक्रमण भएको हो । आक्रमणको आशंकामा प्रहरीले घटनास्थलबाट एकजनालाई नियन्त्रणमा लिएको छ । प्रहरीले यसबारे थप जानकारी दिएको छैन । प्रत्यक्षदर्शीका अनुसार एक युवकले प्रधानमन्त्रीलाई लक्षित गर्दै केही फ्याँकेका थिए, केही क्षणमै ठूलो आवाजमा त्यो वस्तु विस्फोट भएको थियो । बम विस्फोटपछि कार्यक्रमस्थलबाट सर्वसाधारण भागेको दृश्य एनएचकेले प्रसारण गरेको थियो ।

प्रधानमन्त्री किसिदाको लिबरल डेमोक्राटिक पार्टीका सदस्य हिरोसी मोरियामाले लोकतन्त्रको आधारस्तम्भ सुदृढ बनाउने चुनावी अभियानमा यस्ता घटना हुनु खेदजनक भएको बताउँदै त्यसलाई उनले अक्षम्य अपराध भनेका छन् । जापानमा हिंसात्मक घटना बिरलै हुने गरेका छन् । गत वर्ष चुनावी अभियानका क्रममा पूर्वप्रधानमन्त्री सिन्जो आबेको गोली प्रहारबाट हत्या भएपछि सुरक्षा चिन्ता बढेको छ ।

क्षेप्यास्त्र आक्रमणमा नौ युक्रेनी मारिए

किभ / युक्रेनको स्लोभियान्स्कामा रुसले गरेको क्षेप्यास्त्र आक्रमणमा परी नौजना युक्रेनीको ज्यान गएको छ भने २१ जना घाइते भएका छन् । मस्कोले बाख्मुतका थप जिल्ला कब्जा गर्ने प्रयासमा स्लोभियान्स्कमा आक्रमण गरेको हो ।

दोनेत्स्क क्षेत्रका गभर्नर पाभ्लो किरिलेन्कोका अनुसार बाख्मुटको पश्चिममा अवस्थित स्लोभियान्स्कमा रुसले शुक्रबार सातवटा क्षेप्यास्त्र प्रहार गरेको थियो । सातजनाको आक्रमणस्थलमा र एकजनाको भग्नावशेषबाट उद्धार गरिएपछि एम्बुलेन्समा मृत्यु भएको हो । आक्रमणमा दुई वर्षीय शिशुको पनि ज्यान गएको छ ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले रुसी नागरिकलाई सेनामा भर्ती हुन आह्वान गरेको र देशबाट बाहिर जान नपाउने कानुनमा हस्ताक्षर गरेपछि उक्त विस्फोट भएको थियो ।

उक्त कानुनअनुसार अब कुनै पनि नागरिकले अनुमतिविना विदेश भ्रमण गर्न पाउनेछैनन् भने हरेक निकायमा राष्ट्रसेवाका निम्ति उपस्थित हुन बेग्लै पत्राचारको आवश्यकता पर्दैन । उक्त कानुनलाई विद्युतीय आदेशका रूपमा मान्यता दिइएको छ । विद्युतीय माध्यमबाटै कुनै नागरिकलाई सूचीकृत कार्यालयमा सेवाका निम्ति बोलाउन सकिनेछ ।

युक्रेन युद्ध प्रारम्भ भएपछि आफ्ना सेनालाई सघाउन नागरिकलाई समेत परिचालन गर्न सकिने पुटिनले घोषणा गरेपछि दसौँ हजार रुसीले देश छाडेका थिए । गत वर्षको २४ फेब्रुअरीमा रुसी आक्रमण भएपछि एक लाखभन्दा बढी युक्रेनी सैनिक तथा त्यति नै संख्यामा रुसी सेनाले ज्यान गुमाएका अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका छन् । अमेरिकी अधिकारीका अनुसार दुवै पक्षका ४० हजार गैरसैनिक पनि युद्धमा मारिएका छन् ।

दोक्लाममा भुटानले अडान परिवर्तन गर्नुपर्छ : चीन

नयाँदिल्ली / नयाँदिल्लीस्थित विदेश नीति थिंक ट्यांक रेड ल्यान्टर्न एनालिटिकाले भुटानलाई दोक्लाममा आफ्नो अडान परिवर्तन गर्न चिनियाँ कम्युनिस्ट पार्टी (सिसिपी)ले अधिक दबाब दिएको प्रतिवेदन सार्वजनिक गरेको छ । मैत्रीसन्धिलगायत सम्झौताअन्तर्गत आफ्नो परराष्ट्र नीतिमा भारतसँग समन्वय र सहकार्य गर्न राजी भएको भुटानलाई आफ्नो अडान परिवर्तन गर्न सिसिपीले चर्को दबाब दिइरहेको तथा भुटानका प्रधानमन्त्री लाटे छिरिङले विवादमा भारत, चीन र भुटानको समान सरोकार रहेकाले त्रिपक्षीय छलफल हुनुपर्नेमा जोड दिएको प्रतिवेदनमा उल्लेख छ । दोक्लाम भारत, चीन र भुटानबीचको विवादित क्षेत्र हो ।

सन् २०१७ मा सिपिसीको नेतृत्वमा चिनियाँ सेनाले दोक्लाममा अवस्थित सडकलाई दक्षिणतर्फ विस्तार गर्ने प्रयास गरेपछि भारत र चीनबीच विवाद बढेको हो । प्रतिवेदनअनुसार चीनले पूरै दोक्लाम क्षेत्रमाथि आफ्नो दाबी गर्दै आएको छ भने भारतले ऐतिहासिक सम्झौता र सन्धिको पालनामा जोड दिँदै आएको छ ।

'विवादित क्षेत्रमा पूर्वाधार निर्माणको प्रयास गरेर चीनले भुटानसँगको अनौपचारिक सम्बन्धमा कटुता थप्न चाहेको देखिन्छ, तर भुटानले आफ्नो शान्तिवादी अडानमा परिवर्तन नगर्नु भुटानकै निम्ति लाभदायक हुनेछ,' यो भूराजनीतिक विषयमा चीनबाट प्रभावित नभई थिम्पुले आफ्नो स्पष्ट अडान राख्नुपर्ने प्रतिवेदनमा भनिएको छ ।

बाइडेनले दोस्रो कार्यकालका लागि उम्मेदवारी दिने


न्युयोर्क / अमेरिकी राष्ट्रपति जो बाइडेनले सन् २०२४ का लागि आफ्नो उम्मेदवारी औपचारिक रूपमा सार्वजनिक गर्ने तयारी गरेका छन् । 'मैले तपाईंहरूलाई पुनः चुनाव लड्ने मेरो योजना रहेको जानकारी गराएको छु,' उनले भने । 'हामी अपेक्षाकृत चाँडै यसको घोषणा गर्नेछौं,' बाइडेनले आयरल्यान्डको भ्रमणको समापनका क्रममा भने । पूर्वविदेशमन्त्री माइक पोम्पेओले सन् २०२४ मा हुने राष्ट्रपतीय चुनावमा उम्मेदवारी नदिने बताए ।

'मेरी पत्नी सुसन र मैले धेरै सोचविचार र प्रार्थनापछि सन् २०२४ को चुनावमा अमेरिकाको राष्ट्रपति पदका लागि आफूलाई उम्मेदवारका रूपमा प्रस्तुत नगर्ने निष्कर्षमा पुगेका छौं,' पूर्वसैनिक तथा सिआइएका पूर्वनिर्देशक पोम्पेओले भने ।

रिपब्लिकन नेताले व्यक्तिगत कारण देखाउँदै अगाडि भने, 'यो समय मेरो र मेरो परिवारका लागि सही छैन ।' पोम्पेओ तत्कालीन राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी विदेशमन्त्रीमा नियुक्त गरेपछि अमेरिकी विदेश मन्त्रालयलाई आफ्नो कुशल नेतृत्व दिन सफल भएका थिए ।

इतिहासमा आज

अप्रिल १६



सन् १९१७ : सत्र वर्ष लामो निर्वासनपछि रुसी नेता भ्लादिमिर लेनिन स्वदेश फिर्ता । कम्युनिस्ट क्रान्तिकारी नेता लेनिन अर्को वर्ष रुसी सोभियत संघीय समाजवादी गणतन्त्र (एसएफएसआर) को नेता बने । सन् १९२२ पछि उनी सोभियत संघको पहिलो प्रधानमन्त्री बने ।

सन् २००३ : दश नयाँ सदस्य राष्ट्र युरोपेली संघमा प्रवेश गरेका थिए । ट्रिटी अफ एक्सेसनअन्तर्गत पोल्यान्ड, साइप्रस र चेक गणतन्त्रलगायत देश इयूमा सामेल भए ।

सन् २०१४ : इन्चोनबाट चेच्युतर्फ जाँदै गरेको दक्षिण कोरियाली डुंगा दुर्घटना हुँदा डुंगामा सवार ३०४ जनाको मृत्यु । मृत्यु हुनेमध्ये अधिकांश उच्च विद्यालयका छात्रछात्रा थिए ।

सन् २००७ : संयुक्त राज्य अमेरिकामा सबैभन्दा घातक सामूहिक गोलाबारीको घटनामा ब्ल्याक्सबर्ग, भर्जिनिया, भर्जिनिया टेकको क्याम्पसमा आक्रमणकारीसहित ३३ जनाको मृत्यु ।

सन् २००३ : ४० वर्षको उमेरमा माइकल जोर्डन बास्केटबलको इतिहासमा व्यापक रूपमा उत्कृष्ट खेलाडीको रूपमा ख्याति कमाए । उनले राष्ट्रिय बास्केटबल संघमा आफ्नो अन्तिम खेल खेले ।

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ३ वैशाख ०८०

तीन सरकारी बैंकमा एक खर्ब ६ अर्बको हिसाब गडबड : महालेखा

नेपाल बैंकमा ९२ अर्ब ७० करोड, कृषि विकास बैंकमा आठ अर्ब ९९ करोड र राष्ट्रिय वाणिज्य बैंकमा चार अर्ब ९१ करोडको हिसाब नमिलेको महालेखाको प्रतिवेदनले औंल्याएको छ

पवन तिमिल्सिना/नयाँ पत्रिका

सरकारी स्वामित्वका तीन वाणिज्य बैंकमा एक खर्ब ६ अर्ब ६२ करोड रुपैयाँको हिसाब गडबड देखिएको छ। महालेखा परीक्षकको ६०औँ वार्षिक प्रतिवेदनअनुसार सबैभन्दा ठूलो हिस्सा (८६.९५ प्रतिशत) नेपाल बैंकको रहेको छ।

नेपाल बैंकमा गडबड देखिएको हिसाब ९२ अर्ब ७० करोड रहेको प्रतिवेदनले देखाएको छ। त्यस्तै, कृषि विकास बैंकको आठ अर्ब ९९ करोड (८.४३ प्रतिशत) र राष्ट्रिय वाणिज्य बैंकको चार अर्ब ९१ करोड रुपैयाँ (४.६१ प्रतिशत) हिसाब नमिलेको महालेखाको प्रतिवेदनले औंल्याएको छ।

यस्तो हिसाबमा अधिकांश कर्जा अपलेखन भएर पनि असुली नभएको, कागजात नपुगेको सम्पत्ति, ग्राहक पहिचान नगरिएको निक्षेप, ग्राहकबाट असुल गरिएको अतिरिक्त रकम, सरकारलाई तिर्नुपर्ने करजस्ता रकम उल्लेख गरिएका छन्।

बोर्ड छलेर घाटाको लगानी

एनएमबि ऊर्जा ऋणपत्र (इनर्जी बन्ड)मा कृषि विकास बैंकले गरेको लगानी डुबेको छ। बैंकको तत्कालीन व्यवस्थापनले बोर्डबाट स्वीकृत नगराई ऋणपत्रमा दुई अर्ब ५० करोड लगानी गरेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ।

एनएमबि बैंकले वार्षिक ब्याजदर ४ प्रतिशत तोक्दै १५ वर्षे अवधिका लागि साढे तीन अर्बको ऋणपत्र ल्याएको थियो। जसमा कृषि विकास बैंकले साढे दुई अर्ब लगानी गरेको थियो। तर, यो लगानी बालुवामा पानी साबित भएको छ। यो लगानीबाट बैंकलाई १७ करोड ६७ लाख रुपैयाँ नोक्सान भएको प्रतिवेदनले जनाएको छ। बैंकलाई नोक्सान हुने गरी लगानीको निर्णय गर्ने तत्कालीन पदाधिकारीलाई जवाफदेही बनाएर बन्ड रकम फिर्ता गर्नुपर्ने ठहर महालेखाको छ।

तत्कालीन व्यवस्थापनको नेतृत्व अनिलकुमार उपाध्याय (पूर्वप्रमुख कार्यकारी अधिकृत)ले गरेका थिए। उनले बोर्डबाट स्वीकृत नै नगराई बन्डमा लगानी गरेको प्रतिवेदनमा उल्लेख छ। 'बैंकले आफ्नो स्रोतको अधिकतम उपयोग हुने क्षेत्रमा लगानी गर्नुपर्छ,' प्रतिवेदनमा भनिएको छ, 'बैंकलाई नोक्सानी हुने गरी लगानीको निर्णय गर्ने पदाधिकारीलाई जवाफदेही बनाई उक्त बन्डको रकम फिर्ता लिने व्यवस्था गर्नुपर्छ।'

■ राजनीतिक नेतृत्वको स्वार्थले सरकारी बैंकमा गल्ती हुने गरेको छ



● **दीपेन्द्रबहादुर क्षेत्री**
पूर्वगभर्नर

बैंकिङ क्षेत्रका संस्थाहरू अरू संस्थाभन्दा पारदर्शी छन्। तैपनि, बैंकहरूले गलत गर्दैनन् भन्न मिल्दैन। खासगरी सरकारी बैंकको हकमा विगतमा ठूलो समस्या थियो। विदेशीहरूलाई हेरिदेऊ भनेर पनि राखिएको थियो।

सोझो हिसाबले हेर्दा ती बैंकहरूको कैफियत हेर्ने हो भने निजी बैंकभन्दा बढी छ भन्ने लाग्न सक्छ। तर, निजी बैंकको लेखापरीक्षण महालेखाले नगर्ने भएर मात्रै हो। सरकारमा आउने राजनीतिक नेतृत्वको स्वार्थका कारण पनि सरकारी लगानीका बैंकहरूबाट गल्ती हुने गरेको छ। कहिले व्यवस्थापक वा सञ्चालकका आफ्नै स्वार्थका निर्णय पनि हुने गर्छन्। कतिपय अवस्थामा खुला बजारमा प्रतिस्पर्धामा जाने क्रममा व्यवस्थापकले स्वविवेकले पनि काम गर्नुपर्ने हुन्छ। तर, यसको मतलब नीति-नयमभन्दा बाहिर गएर गर्नुपर्छ भन्ने होइन। महालेखाका कर्मचारीले पनि यो प्रतिवेदन निकै मिहिनेत गरेर ल्याउँछन्। ल्याउँदा केही कमी-कमजोरी पनि हुन्छन्। तर, पछि सम्परीक्षणको अवसर पनि दिइन्छ। त्यसमा बैंकहरूले प्रमाण पुऱ्याउन पनि सक्छन्।

कुन बैंकमा कुन शीर्षकमा कति गडबड ?

शीर्षक	राष्ट्रिय वाणिज्य बैंक	कृषि विकास बैंक	नेपाल बैंक
कर्जा अपलेखन वा लेखांकन नगरिएको ऋण	१२ करोड ७ लाख ८० हजार	दुई अर्ब २ करोड ३१ लाख ३१ हजार	७९ अर्ब ९२ करोड ४६ लाख
कागजात नभएको सम्पत्ति	दुई अर्ब ८ करोड ९५ लाख	०	०
अन्तरशाखा हिसाब मिलान नभएको रकम	५१ करोड ४४ लाख	३८ करोड ४ लाख ४२ हजार	१ अर्ब ४६ करोड ७८ लाख
पहिचान नभएको मुद्दती रकम	६३ करोड ९ लाख	०	०
गैरबैंकिङ सम्पत्ति	१७ करोड ७२ लाख ६५ हजार	८२ करोड ३ लाख ७२ हजार	१० करोड ८५ लाख
शंकास्पद निक्षेप	२८ करोड ३७ लाख	०	०
ग्राहकबाट दाबी नआएको हिसाब	२५ करोड ३३ लाख ९३ हजार	०	०
खराब कर्जा	०	३ अर्ब २५ करोड ७५ लाख	०
कमसल धितोमा ऋण	०	१ करोड ६० लाख ४ हजार	०
बोर्डबाट स्वीकृत नगराई लगानी	०	दुई अर्ब ४० करोड	०
राष्ट्र बैंकको निर्देशनविपरीत	०	०	१ अर्ब १९ करोड
उजराती खातामा हिसाब मिलान नभएको रकम	०	०	७ अर्ब ९ करोड ६९ लाख
कर नतिरेको	०	०	९७ करोड ७२ लाख ५० हजार
सरकारबाट लिनुपर्ने	०	०	१ अर्ब ९४ करोड २७ लाख
अतिरिक्त ब्याज प्रिमियम	२४ करोड ५३ लाख	यकिन गर्नुपर्ने	०
जम्मा रकम	४ अर्ब ९१ करोड ५२ लाख ३८ हजार	आठ अर्ब ९९ करोड ७४ लाख ४९ हजार	९२ अर्ब ७० करोड ७७ लाख ५० हजार

स्रोत : महालेखा परीक्षकको कार्यालयको ६०औँ वार्षिक प्रतिवेदन

कर्जा अपलेखनमा गडबड

तीनवटा सरकारी स्वामित्वका बैंकहरूले असुल गर्नुपर्ने कर्जाको अपलेखन गरेर असुली नगरेको रकम ८२ अर्ब ६ करोड ८५ लाख रुपैयाँ पुगेको छ। बैंकले असुल गर्नुपर्ने कर्जाको बक्यौता रकमका लागि कर्जा नोक्सानी व्यवस्था रकम खर्च गर्ने गरी हिसाब मिलान गर्न पाउँछ। यसलाई कर्जा अपलेखन भनिन्छ।

राष्ट्रिय वाणिज्य बैंकले कर्जा अपलेखनपछि धितो सकार गरी गैरबैंकिङ सम्पत्तिमा लेखांकन गरेको छैन। यस्तो सम्पत्तिको मूल्यांकन १२ करोड ७ लाख ८० हजार रुपैयाँ छ। त्यस्तै, कृषि विकास बैंकले अपलेखन गरेको दुई अर्ब दुई करोड कर्जा अझै असुल गरेको छैन। कर्जा अपलेखनपछि नेपाल बैंकले ७९ अर्ब ९२ करोड ४६ लाख रुपैयाँ हालसम्म उठाएको छैन।

राष्ट्रिय वाणिज्य बैंकसँग प्रधान कार्यालयको लालपुर्जा नै छैन

महालेखाको प्रतिवेदनले राष्ट्रिय वाणिज्य बैंकसँग थापाथलीस्थित आफ्नो प्रधान कार्यालय रहेको घरजग्गाको प्रमाण कागजात नै नरहेको बताएको छ। त्यति मात्र होइन, बैंकसँग पशुपतिनगर र लाहानस्थित जग्गाको समेत कागजपत्र नभएको प्रतिवेदनमा खुलेको छ। यस्तो कागजात नभएको सम्पत्ति दुई अर्ब आठ करोड ९५ लाख रुपैयाँ छ। वसन्तपुरस्थित ६ करोड २३ लाख मूल्यांकनबराबरको बैंकको भवनको समेत पुँजीकरण भएको छैन। त्यस्तै, दरबारमार्गको भवन र पोखरामा रहेको एनआईडिसी भवनको समेत सम्पत्ति लेखांकन नभएको उल्लेख छ। साथै औद्योगिक विकास निगम गाभिएपछि कायम भएको सम्पत्तिको पनि व्यवस्थापन हुन नसकेको उल्लेख छ।

फर्स्योट नभएको आय-व्यय सात अर्ब नौ करोड

नेपाल बैंकको आम्दानी-खर्च फर्स्योट गर्न बाँकी (उजराती) रकम सात अर्ब नौ करोड रुपैयाँबराबर पुगेको छ। प्रतिवेदनअनुसार बैंकका आठवटा उजराती खाता छन्। विभिन्न खातामा तिर्नुपर्ने र लिनुपर्ने रकमको हिसाब यकिन गरी मिलान गर्नुपर्ने सुझावमा उल्लेख छ।

निराशामै बित्यो लगानीकर्ताको वर्ष

७५ प्रतिशतले घट्यो सेयर कारोबार

भोजराज भण्डारी/नयाँ पत्रिका

वर्ष ०७९ सेयर लगानीकर्ताका लागि निराशामा नै बितेको छ। सरकारले विभिन्न समयमा ल्याएको नीति, विश्व अर्थतन्त्रमा देखिएको आर्थिक मन्दी, रुस-रुक्रेनबीचको युद्धले पारेको प्रभाव, बैंक तथा वित्तीय संस्थामा देखिएको तरलता संकटलगायतका कारणले पुँजी बजारमा वर्षभरि नै उलेख्य सुधार हुन सकेन।

०७८ साल चैतको अन्तिम कारोबार दिन नेप्से परिसूचक दुई हजार चार सय १५ दशमलव २५ विन्दुमा बन्द भएको थियो। ०७९ चैतको अन्तिम कारोबार दिनमा परिसूचक एक हजार नौ सय ३४ दशमलव ४७ विन्दुमा आइपुगेको छ। गत वर्ष नेप्सेमा दुई सय ३९ दिनको कारोबार हुँदा चार सय ८० दशमलव ७८ अंकले घट्न पुगेको छ। सो अवधिमा नेप्से परिसूचकको न्यूनतम विन्दु एक हजार आठ सय १५ दशमलव १३ विन्दुसम्म आइपुगेको थियो भने उच्चतम विन्दु दुई हजार २४ दशमलव २० दशमलव ९७ विन्दु रहेको थियो।

यसबीचमा करिब ७५ प्रतिशतले सेयर कारोबार घटेको छ। अघिल्लो वर्ष ०७८ सालभरिमा १७ खर्ब १२ अर्ब ६ करोड ८७ लाख रुपैयाँको कारोबार भएको थियो भने ०७९ वर्षभरिमा चार खर्ब २३ अर्ब १९ करोड २० लाख रुपैयाँको कारोबार भएको छ।

त्यस्तै, एक वर्षको बीचमा ६ खर्ब १२ अर्ब रुपैयाँ अर्थात् (१८ प्रतिशत)ले बजार पुँजीकरण घटेको छ। अघिल्लो वर्ष वैशाखमा बजार पुँजीकरण ३४ खर्ब २६ अर्ब १० करोड रुपैयाँ रहेको थियो। चैत मसान्तमसम्म आइपुग्दा पुँजी पुँजीकरण घटेर २८ खर्ब १३ अर्ब ५५ करोड रुपैयाँमा झरेको छ।

लगानीकर्ता तथा नेपाल इन्भेस्टर्स फोरमका अध्यक्ष तुलसीराम ढकालले वर्षभरिको कारोबारलाई आधार मन्दा बजार निराशाजनक बन्न पुगेको बताए। उनले भने, 'पुँजी बजार अर्थतन्त्रको ऐना हो, यसलाई सरकारले आगामी दिनमा बुझेर अघि बढ्ने र सोहीअनुसार नीति ल्याउन ढिलो गर्नुहुँदैन।'

यस वर्ष साधारण सेयरको प्राथमिक निष्कासनमार्फत ५५ कम्पनीले झन्डै पाँच खर्ब रुपैयाँभन्दा धेरै पुँजी बजारमा प्रवेश गरेको अवस्था छ। नेपाल पुँजी बजार फोरमका अध्यक्ष अम्बिकाप्रसाद पौडेलले पुँजी बजार नियामक निकायले थिचेको र लगानीकर्ता सबैभन्दा पीडित भएको वर्षका रूपमा लिनुपर्ने बताए। उनले भने, 'बजार घटबढ हुनु स्वाभाविक भए पनि नियामक निकायले हेर्ने नजर लगानीमैत्री नहुँदा लगानीकर्ता निराश बन्न पुगे, आगामी दिनमा यस्तो हस्तक्षेप नहोस् भन्ने अपेक्षा छ।'

सरकारले लिने नीतिकै कारण बजार प्रभावित भएको पुँजी बजार संघकी अध्यक्ष राधा पोखरेलले बताइन्। उनले भनिन्, 'मौद्रिक नीति १२ करोडको सीमा र सेयर कर्जामा १५० प्रतिशत जोखिम भार पुऱ्याइयो, यस्ता धेरै कारणले बजार घट्न पुगेको हो।'

०७९ पुँजी बजार घटे पनि बजारका लागि दीर्घकालीनका लागि काम भएका छन्। निजी क्षेत्रबाट नयाँ स्टक एक्सचेन्ज ल्याउने बाटो खुलेको छ भने ब्रोकर लाइसेन्सको कोटा प्रणाली हटाएर खुला प्रतिस्पर्धात्मक बनाइएको छ। प्राथमिक सेयरमा आवेदन दिँदा लाग्ने आस्बा शुल्क घटाइएको छ। यस्ता नियामक निकायले गर्नुपर्ने सामान्य काम भएका छन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

झन्डै ७५ करोड बक्यौता नतिरेपछि सोनापुर सिमेन्ट उद्योगको विद्युत् काटियो

मिलन विश्वकर्मा/नयाँ पत्रिका

महसुल नतिरेपछि दाङको सोनापुर सिमेन्ट उद्योगको विद्युत काटिएको छ। नेपाल विद्युत् प्राधिकरणले गत बुधबारदेखि उक्त उद्योगमा विद्युत् कटौती गरेको हो।

सोनापुर मिनरल्स एन्ड आयाल लिमिटेड नामको उद्योगले सोनाश्री (पिपिसी) र सोना (ओपिसी) ब्राण्डमा सिमेन्ट उत्पादन गर्दै आएको छ। उद्योगले साउन ०७७ यता नियमित महसुल नै पूर्ण रूपमा भुक्तानी गरेको छैन। पटक-पटक ताकेता गर्दासमेत कम्पनीले महसुल भुक्तानी नगरेपछि विद्युत् काटिएको प्राधिकरणका लुम्बिनी प्रदेश प्रमुख हरि पाण्डेले बताए।

प्राधिकरणका अनुसार कम्पनीले कुल ७४ करोड ५९ लाख रुपैयाँ महसुल तिर्न बाँकी छ। त्यसमा डेडिकेटड ट्रंक लाइनबापतको ३२ करोड ९४ लाख रुपैयाँ र नियमित महसुलको ४१ करोड ६६ लाख रुपैयाँ बक्यौता बाँकी छ। 'उद्योगले ०७७ साउनदेखि नियमित महसुल नै पूर्ण रूपमा नतिरेको देखियो। सोही कारण लाइन काटिएको हो,' उनले भने, 'डेडिकेटड लाइनको बक्यौताको कारण भने लाइन काटिएको होइन।'

उद्योगहरूको डेडिकेटेड लाइनसम्बन्धी महसुल पहिलादेखि विवादमा छ, यो विवाद अदालतसम्म समेत पुगेको छ। लोडसेडिङका वेला उद्योगहरूलाई डेडिकेटेड रूपमा २४ घन्टा नै बिजुली दिइन्थ्यो, त्यसवेला दिइने विद्युत्को मूल्यसमेत बढी थियो। ३१ वैशाख ०७५ देखि भने लोडसेडिङ हटेपछि उद्योगहरूले २४ घन्टा सहज रूपमा विद्युत् पाएका छन्। तर, त्यसपछि पनि प्राधिकरणले डेडिकेटेड लाइनकै सरह बिल पठाएको भन्दै उद्योगीहरूले आपत्ति जनाउँदै पैसा तिरेका छैनन्। तर, प्राधिकरणले भने त्यो रकम असुल गर्ने अडान लिएको छ। यद्यपि, सोही विषयलाई लिएर लाइन काट्नेलगायतका कारबाही गर्ने काम नगरिएको प्राधिकरणको भनाइ छ।

अझै सम्पर्कमा आएन उद्योग

उक्त उद्योगमा लाइन काटेको तीन दिन भइसकेको छ। तर, अझै पनि सम्बन्धित उद्योग प्राधिकरणको सम्पर्कमा आएको छैन। यद्यपि, कम्पनीभन्दा बाहिरको व्यक्ति अर्थात् मध्यस्थकर्ताले फोन गरेर सहजीकरण गर्न अनुरोध गरेको पाण्डेले बताए। 'कम्पनीको एक मध्यस्थकर्ताले तत्काल निश्चित रकम दिने र बाँकी किस्तामा दिने भन्दै फोन गरेर विद्युत् आपूर्ति गर्न आग्रह गर्नुभएको थियो। तर, कम्पनी भने अहिलेसम्म औपचारिक रूपमा सम्पर्कमा आएको छैन,' उनले भने, 'त्यसैले यस सम्बन्धमा थप निर्णय गरिएको छैन। साथै, बिजुली कटौतीलाई कायमै राखिएको छ।'

५० प्रतिशत रकम दिए बिजुली दिइने

प्राधिकरणले भने नियमित बक्यौताको ५० प्रतिशत रकम दिए बिजुली दिन सुरु गर्ने अडान लिएको छ। 'कम्पनीले तत्काल नियमित बक्यौताको ५० प्रतिशत वा कुल (डेडिकेटेडसहितको) बक्यौताको २५ प्रतिशत रकम दिए बिजुली दिन्छौं। कम्पनीले किस्तामा बक्यौता तिर्छौं भन्दैमा थोरै रकममै विद्युत् दिन सुरु गर्दैनौं,' पाण्डेले भने, 'तोकिएको सर्त पूरा गरेपछि मात्रै किस्ताको सुविधा दिन्छौं। यद्यपि, यसबारे केन्द्रीय कार्यालयमार्फत नै निर्णय हुनेछ।'

उद्योगहरूले समयमा बिजुलीको बक्यौता नतिर्ने समस्या पहिलादेखिकै हो। त्यस्तो बक्यौता नतिरेमा विद्युत् कटौती गर्ने चेतावनी प्राधिकरणले पहिलादेखि नै दिँदै आएको थियो। तर, अधिकांश घटनामा अन्त्यमा स्वयं प्राधिकरण नै उद्योगहरूको लाइन काट्ने निर्णयबाट पछि हट्ने गरेको थियो। तर, यसपालि भने कम्पनीले उद्योगको विद्युत् कटौती नै गरेको छ।

अब बिमा कम्पनीले बिमा पोलिसी रद्द गर्न नपाउने

मुना कुँवर/नयाँ पत्रिका

बिमा कम्पनीले एकपटक बिमाशुल्क भुक्तानी गरिसकेका बिमितको बिमा पोलिसी रद्द गराउन नपाइने भएको छ। बिमितले बिमाशुल्कको किस्ता भुक्तानी गर्न बाँकी अवधिको एकैपटक विलम्ब शुल्कसहित भुक्तान गर्न आएमा अवधिभित्र जुनसुकै समयमा पनि बिमा कम्पनीले स्वीकार गर्नुपर्नेछ।

नेपाल बिमा प्राधिकरणले जीवन बिमासम्बन्धी निर्देशिका, २०७९ जारी गर्दै बिमा कम्पनीहरूलाई विलम्ब शुल्क मिनाहा पनि गर्न सक्ने व्यवस्था पनि गरेको छ। बिमा पोलिसी पुनर्जागरण गर्दा बिमितको आवश्यक मेडिकल अन्डरराइटिङ भने गर्नुपर्नेछ। बिमा पोलिसी पुनर्जागरण गर्दा बिमा अवधिभर एकपटक मात्र बिमितले तिनुपर्ने विलम्ब शुल्कमा आंशिक वा पूर्ण छुट प्रदान गर्न सक्नेछ।

बिमा कम्पनीहरूमा बिमा पोलिसी व्यतीत हुने दर बढेपछि यस्तो खालको व्यवस्था गरिएको प्राधिकरण प्रवक्ता एवं कार्यकारी निर्देशक राजुरमण पौडेलले बताए। उनका अनुसार कतिपय बिमितले कुनै समयमा भुक्तानी गर्न नसके पनि निश्चित समयपछि त भुक्तानी गर्न सक्छन् भन्ने आकलनअनुसार यस्तो व्यवस्था गरिएको हो। सो समयमा बिमितले पुनर्जागरण गर्न पाउनुपर्छ। बिमितको अधिकार संरक्षण गर्न यस्तो व्यवस्था गरिएको उनले बताए।

त्यस्तै, दुई वर्षको पूर्ण बिमाशुल्क भुक्तानी भइसकेको बिमालेखको कुनै बिमाशुल्क अवधिको अन्त्यसम्ममा भुक्तानी नभई बक्यौता रहेमा त्यस्तो बिमा पोलिसी चुक्ता बिमा पोलिसी स्वतः परिणत हुनेछ। चुक्ता बिमालेखको बिमांक रकम बिमालेखको अवधिभित्र बिमित जीवित रहेमा बिमालेख परिपक्व हुने वा बिमितको मृत्यु भएमा बिमितको कानुनी हकवालालाई भुक्तानी गर्नुपर्नेछ।

स्वीकृत बिमालेख ६ महिनाभित्रमा प्रचलनमा नल्याए स्वतः रद्द हुने

बिमा कम्पनीहरूले नेपाल प्राधिकरणबाट स्वीकृत प्राप्त गरेका बिमा पोलिसी ६ महिनाभित्रमा प्रचलनमा नल्याए स्वतः निष्क्रिय हुनेछ। प्राधिकरणले जारी गरेको निर्देशिकाबमोजिम कम्पनीले बनाएको पोलिसी निष्क्रिय हुने व्यवस्था गरेको हो।

बिमकले बिमा पोलिसी प्रचलनमा ल्याउनुअघि बिमालेखको मुद्रित प्रति, प्रस्ताव फाराम, प्रचारप्रसारसम्बन्धी कागजातलगायत बिमालेखसँग सम्बन्धित अन्य कागजपत्रहरू प्राधिकरणमा पेस गर्नुपर्नेछ।

निष्क्रिय बिमा पोलिसी बिमकले प्रचलनमा ल्याउन चाहेमा कारणसहित प्राधिकरणसमक्ष निवेदन दिन सक्नेछ। प्राधिकरणले उपयुक्त ठानेमा ६ महिनाभित्र प्रचलनमा ल्याउन स्वीकृति प्रदान गर्न सक्नेछ। सो अवधिभित्र समेत बिमकले बिमा पोलिसी प्रचलनमा नल्याएमा सो पोलिसी पुनः प्रचलनमा ल्याउन पाइनेछैन। बिमकले स्वीकृत बिमालेखसम्बन्धी वार्षिक विवरण आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्रमा प्राधिकरणमा पेस गर्नुपर्नेछ।

बिमकले स्वीकृतिका लागि पेस गरेको बिमा पोलिसी सम्बन्धमा प्राधिकरणबाट पत्राचार भएको मितिले ६ महिनासम्म कुनै लिखित जवाफ नदिएमा सो बिमा पोलिसी तामेलीमा राखिनेछ। तामेलीमा रहेको बिमा पोलिसी पुनः स्वीकृतिका लागि पेस गर्नुपरेमा लिखित कारणसहित नयाँ बिमा पोलिसीसरह आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरी प्राधिकरणमा पेस गर्नुपर्नेछ।

त्यस्तै, बिमकले स्वीकृत बिमा पोलिसी औचापरिक रूपमा बन्द गर्न चाहेमा कारणसहित प्राधिकरणमा लिखित जानकारी गराउनुपर्नेछ। प्रचलनमा रहेको कुनै पनि बिमा पोलिसी कुनै प्राविधिक त्रुटि भएको पाइएमा प्राधिकरणले आवश्यकताअनुसार उक्त बिमा पोलिसी संशोधन गर्न वा बन्द गराउन निर्देशन दिन सक्नेछ।

बिमा पोलिसी बिक्री गर्दा आम्दानीको स्रोत अनिवार्य खुलाउनुपर्ने

बिमा कम्पनीहरूले बिमा पोलिसी बिक्री गर्दा आम्दानीको स्रोत अनिवार्य रूपमा खुलाउनुपर्नेछ। प्राधिकरणले जारी गरेको निर्देशिकाबमोजिम बिमितले वार्षिक पाँच लाखभन्दा बढी आम्दानी हुने गरी पोलिसी खरिद गरेमा वा एकल बिमाशुल्क भुक्तानी गर्ने गरी पोलिसी खरिद गरेमा अनिवार्य रूपमा आम्दानीको स्रोत देखाउनुपर्नेछ।

त्यस्तै, बिमकले बिमा पोलिसीअन्तर्गत बिमादर निर्धारण गर्दा समावेश गरेको बोनस लोडको दरमा कम्तीमा फ्युचर बोनस रिजर्भको व्यवस्था गर्नुपर्नेछ। प्राधिकरणले प्रत्येक बिमकको स्वीकृत बिमा पोलिसीहरूको पहिचान कोड प्रदान गर्नेछ र बिमकले पहिचान कोड नभएका बिमा पोलिसीहरू बिक्री-वितरण गर्न पाउनेछैन।

बिमा पोलिसी अन्यथा व्यवस्था भएको र अपवाद खण्डमा उल्लेख भएको अवस्थामा बाहेक बिमा पोलिसी जारी भएको वा पुनर्जारण भएको एक वर्षपछि बिमितले बिमा प्रस्ताव गर्दा कुनै कुरा नखुलाएको कारण देखाई बिमकले दाबी इन्कार गर्न सक्नेछैन।

तीन वर्षपछि मात्रै कर्जा पोलिसी समर्पण र कर्जा दिन सकिने

बिमितले तीन वर्षको बिमाशुल्क भुक्तानी गरेपछि मात्रै पोलिसी समर्पण गर्न पाउने भएका छन्। प्राधिकरणले जारी गरेको निर्देशिकाबमोजिम बिमा कम्पनीले कर्जा प्रदान गर्दा पनि बिमितले लगातार तीन वर्षको किस्ता भुक्तानी गरेको हुनुपर्नेछ। त्यस्तै, एकल बिमाशुल्क भुक्तानी पोलिसीको हकमा पनि पोलिसी बिक्री गरेको तीन वर्ष पुगेपछि मात्रै पोलिसी धितो राखी कर्जा दिन पाइनेछ।

बिमकले बिमालेख सुरक्षण राखी कर्जा प्रदान गर्दा बढीमा समर्पण मूल्यको ९० प्रतिशत र घटीमा एक हजारसम्म कायम गर्नुपर्नेछ। कर्जा प्रदान गर्दा बिमकले ब्याज लिन सक्नेछ र ब्याजदर बिमकको सञ्चालकले समय-समयमा निर्धारण गरेबमोजिम हुनेछ। बिमकले बिमा पोलिसी सुरक्षणबमोजिम बिमितलाई कर्जा दिनबाहेक अन्य कुनै किसिमको कर्जा दिन पाइनेछैन।

बालबालिकाको बिमा गर्दा बिमित बालबालिकाको जोखिम प्रारम्भ हुनुअगावै मृत्यु भएमा लिइएको बिमाशुल्क फिर्ता गर्नुपर्नेछ। जोखिम प्रारम्भ भएपछि बिमा अवधिभित्र बिमित बालबालिकाको मृत्यु भएमा बिमांक रकमको २५ प्रतिशत वा भुक्तानी भएको बिमाशुल्कमध्ये जुन रकम बढी हुन्छ, सो रकम भुक्तानी गर्नुपर्नेछ र बिमा पोलिसी स्वतः अन्त्य हुनेछ।

प्रस्तावकको बिमा अवधिभित्र जुनसुकै समयमा मृत्यु भएमा बाँकी अवधिको बिमाशुल्क मिनाहा गरी बिमा पोलिसीलाई निरन्तरता दिनुपर्नेछ। मासिक आम्दानी सुविधा प्रदान गर्नुपर्नेछ।

पोखरामा पर्यटकीय परियोजना अध्ययनमा निफ्रा र नगर विकास कोषले सघाउने

रोहितराज पराजुली/नयाँ पत्रिका

पोखराको एकीकृत पर्यटकीय परियोजनाको सम्भाव्यता अध्ययनका लागि नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड (निफ्रा) र नगर विकास कोष काठमाडौंले सघाउने भएका छन्।

सम्भाव्यता अध्ययनका लागि महानगरपालिका, निफ्रा र कोषबीच समझदारीपत्रमा हस्ताक्षर भएको हो। समझदारीपत्रमा पोखराका प्रमुख धनराज आचार्य, कोषका कार्यकारी निर्देशक कृष्णप्रसाद सापकोटा र निफ्राका प्रमुख कार्यकारी अधिकृत रामकृष्ण खतिवडाले हस्ताक्षर गरेका हुन्।

महानगरपालिकाका प्रमुख आचार्यले महानगरभित्र प्राविधिक र आर्थिक रूपमा सम्भावित पर्यटकीय पूर्वाधार परियोजनाहरूको पहिचान गरी सार्वजनिक-निजी साझेदारीका माध्यमबाट सोको एकीकृत विकासका लागि अध्ययन, लगानी व्यवस्थापन र सम्भाव्य परियोजनालाई एकीकृत संरचनामा निर्माण तथा सञ्चालनका लागि आपसी सहकार्य गर्ने गरी समझदारी भएको जानकारी दिए।

यस्तो छ समझदारी

पोखराको एकीकृत पर्यटकीय परियोजनाको सम्भाव्यता अध्ययन, लगानी, निर्माण, व्यवस्थापन एवं सञ्चालनका गतिविधि संयुक्त रूपमा गर्ने, स्थानीय तहअन्तर्गत रही आफ्नो अधिकार क्षेत्रभित्रको विषयगत कानुन बनाउने, बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने, त्यसको कार्यान्वयन गर्ने तथा स्थानीय सरकारले संविधानअनुसार प्रवाह गर्नुपर्ने सम्पूर्ण सेवा-सुविधा प्रवाह गर्ने काम महानगरपालिकाले, कोषले स्थानीय तहहरूबीच वित्तीय मध्यस्थता र निफ्राले पूर्वाधार विकाससम्बन्धी परियोजनामा लगानी गर्ने आदि छन्।

यसैगरी पहिचान भएका सम्भाव्य पर्यटकीय पूर्वाधार परियोजनाहरूको एकीकृत विकास गर्न वित्तीय एवं प्राविधिक विश्लेषण, कानुनी, वातावरणीय, विकासकर्ता छनोट एवं निर्माणका लागि आवश्यक सहयोग उपलब्ध गराउनेसँगै कोष एवं निफ्राको तर्फबाट वा अगुवाइमा स्वपुँजी तथा ऋण लगानीको व्यवस्थापन र आवश्यक अन्य प्राविधिक सहयोग (ज्ञान साझेदार-विकास साझेदारसमेत) का लागि सहकार्य गर्ने। समझदारीका आधारमा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन, विश्लेषण, उपयुक्तता परीक्षण र परियोजनाको विकास, निर्माण र सञ्चालन गर्न छुट्टै कम्पनी गठन गर्ने तीन संस्थाबीच समझदारी भएको हो।



नयाँ वर्षको स्वागत

नयाँ वर्ष ०८० को अवसरमा काठमाडौंको दरबारमार्गमा आयोजित 'एनसेल प्रिजेन्ट्स पर्पल स्याटर्डे : १६औं दरबारमार्ग सडक महोत्सव'को सांगीतिक कार्यक्रममा रमाउँदै युवाहरू। नेपाल उद्योग वाणिज्य महासंघ, रेस्टुरेन्ट एन्ड बार एसोसिएसन नेपाल (रेबान) र दरबारमार्ग विकास बोर्डले एनसेल आजियाटासँग सहकार्य गरी महोत्सवको आयोजना गरेको हो। 'स्थानीय उत्पादन तथा आन्तरिक पर्यटन प्रवर्द्धन' भन्ने नारा रहेको महोत्सवमा स्वदेशी तथा विदेशी परिकार, आन्तरिक उत्पादनलगायतका करिब ५० स्टल थिए। महोत्सवमा गीत-संगीत, नृत्यलगायत मनोरञ्जनात्मक प्रस्तुति रहेका थिए। *तस्बिर : संजित परियार/नयाँ पत्रिका*

मौलाकाली केबलकार सञ्चालनमा
५ मिनेटमै मन्दिर पुग्न सकिने



गैँडाकोट/ नवलपुरको गैँडाकोटमा मौलाकाली केबलकार सञ्चालनमा आएको छ। नयाँ वर्षको अवसर पारेर शुक्रबारबाट सेवा सुरु गरिएको मौलाकाली केबलकार व्यवस्थापन विभागका प्रमुख अभिषेकविक्रम शाहले जानकारी दिएका छन्।

शुक्रबार बिहान ६ बजेदेखि केबलकार सञ्चालनमा आएको हो। केबलकारको बटम स्टेसनबाट गैँडाकोट नगरपालिका वडा नं ६ निवासी सय वर्षीया वृद्धा सरस्वती कँडेल र टप स्टेसनबाट नवलपुरका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालले पहिलो यात्रुका रूपमा यात्रा गरेका थिए।

केबलकारमार्फत मौलाकाली मन्दिरसम्म पाँच मिनेटमै पुग्न सकिनेछ। करिब दुई किलोमिटर लामो केबलकारमा १२ वटा गोन्डोला रहेका छन्। हाल केबलकारले दुईतर्फी मूल्य पाँच सय ५० रुपैयाँ कायम गरिएको शाहले जानकारी दिए।

उनका अनुसार केबलकारले तीनदेखि चार फिटसम्मका बालबालिकाका लागि तीन सय ३०, विद्यार्थीका लागि ४ चार सय १५, ज्येष्ठ नागरिकका लागि चार सय १५ र फरक क्षमता भएकाहरूका लागि दुई सय ७५ रुपैयाँको टिकटदर राखेको छ। केबलकारले ८० वर्षमाथिका वृद्धवृद्धा र तीन फिटभन्दा कमका बच्चाबच्चीका लागि निःशुल्क सेवा दिने जनाएको छ।

पेप्सीको नयाँ टिभिसी सार्वजनिक



काठमाडौं/ पेप्सीले मोर फिँज, मोर रिफ्रेसिङ भन्ने सिद्धान्तलाई निरन्तरता दिन नयाँ टिभिसी सार्वजनिक गरेको छ, जसमा ब्रान्ड एम्बासडर प्रदीप खड्कालाई देख्न सकिन्छ। फिल्मको सुरुवात युवाको जोडी डिनर टेबलमा चिसो पेप्सीका साथ देखिन्छ। केटा उठेर जान्छ र वेट्रेससँग अझ बढी फिँज भएको चिसो पेय माग्छ। यस्तैमा ऊ नजिकै नायक प्रदीप खड्का बसिरहेको देख्छ। प्रदीपले एउटा गिलासमा कोला पेय खन्याएर ती युवालाई पिउन दिन्छन्। सो युवाको प्यास नाटकीय रूपमा मेटिन्छ र उसले वेट्रेसलाई आफूलाई पनि भर्खरै पिएको त्यही कोला पेय दिन आग्रह गर्छ। यो सुनेर प्रदीपले उसलाई आफूले पेप्सी पिउन दिएको बताउँछन्, यो थाहा पाएर त्यो केटा झनै अचम्ममा पर्छ। किनकि, उसले पेप्सीमा त्यति धेरै फिँज हुन्छ भन्ने सोचेकै थिएन। त्यसपछि त्यो केटाले पेप्सीको बोतल लिन्छ र अझ बढी स्फूर्तिका साथ आनन्द लिइरहेको देखिन्छ।

फिल्मबारे बताउँदै पेप्सीको नेपालका एसोसिएट डाइरेक्टर अनुज गोयलले भने, 'पेप्सीको नयाँ अभियानले थप गरिएको फिँजलाई अनौठो कथाका माध्यमबाट प्रस्तुत गरेर ब्रान्डको स्थितिलाई अझ मजबुत बनाएको छ। अभियानको उद्देश्य हाम्रा नेपाली उपभोक्ताका लागि ग्रीष्म यामको निर्विकल्प पेय बनाउनु रहेको छ। प्रदीपसँग काम गर्नु हाम्रा लागि सधैँ उत्साहजनक रहँदै आएको छ, किनकि उहाँ पेप्सीको स्वाएग सिद्धान्तसँग पूर्ण रूपमा परिचित हुनुहुन्छ र उहाँको व्यापक अपिलले हामीलाई उपभोक्तामाझ व्यापक रूपमा पुग्न मद्दत गर्नेछ।'

फिल्मको सम्बन्धमा चर्चा गर्दै ब्रान्ड एम्बासडर प्रदीप खड्काले भने, 'पेप्सीको अभियानसँग फेरि पनि जोडिन पाएकोमा म अत्यन्त रोमाञ्चित भएको छु, किनकि ब्रान्डको सिद्धान्त मेरो अन्तरहृदयको भावना र हरचिजलाई अत्यन्त धीरताका साथ पछ्याउने मेरो आत्मविश्वाससँग मेल खान्छ।' अझ बढी फिँज भएको नयाँ पेप्सी एकल र बहुपेट सर्भ प्याकहरूसहित नेपालका मोडर्न तथा ट्रेडिसनल रिटेलहरूमा र इ-कमर्स प्लेटफर्महरूमा पाइन्छ।

न्युरोड खिचापोखरीमा डिआरएन टावर उद्घाटन

नयाँ पत्रिका
काठमाडौं, २ वैशाख



डिजिटल लाइटिङ सिस्टम भएको व्यावसायिक भवन डिआरएन टावर सञ्चालनमा आएको छ। नेपालका प्रतिष्ठित व्यावसायिक समूहले निर्माण गरेको सुविधासम्पन्न कम्प्लेक्समा २६ वटा युनिटमध्ये १० वटा बिक्री भइसकेका छन्। उद्घाटनका अवसरमा पसलकवल किन्नेलाई १० प्रतिशत छुट दिइएको जनाएको छ। कम्पनीका अनुसार कम्प्लेक्समा रहेको पसल भाडामा पनि लिन सकिन्छ। कम्प्लेक्समा एक सय २३ देखि ११ सय स्क्वायर फिटसम्मका सटरहरू रहेका छन्।

काठमाडौंको मुटुमा अत्याधुनिक कम्प्लेक्स निर्माण गरेर सुलभ मूल्यमा बिक्री गरिरहेको नेपाल हिमालय सीमापार वाणिज्य संघका संस्थापक अध्यक्ष एवं डिआरएन इन्टरनेसनल प्रालिका अध्यक्ष दुर्गाबहादुर श्रेष्ठले बताए। उनले भने, 'हामीले गुणस्तरमा कुनै सम्झौता नगरी कम्प्लेक्स निर्माण गरेका छौं।'

श्रेष्ठ रञ्जना ट्रेड सेन्टरका समेत संस्थापक लगानीकर्तामध्ये एक हुन्। कम्प्लेक्सनजिकै ४२ रोपनी क्षेत्रफलमा पार्किङसहित धरहरा र आधुनिक पार्क निर्माणाधीन रहेकाले समेत यो आकर्षक रहेको कम्पनीको दाबी छ। कम्प्लेक्स निर्माण गर्दा उच्चस्तरीय निर्माण सामग्रीको प्रयोग गरेर १० रेक्टरसम्मको भूकम्प आउँदा कुनै समस्या नहुने श्रेष्ठको जिकिर छ। कम्पनीका अनुसार २४सै घन्टा सुरक्षा, लिफ्ट, एयरकन्डिसन र फायर फाइटिङ सिस्टम रहेको छ। कम्पनीले कम्प्लेक्समा रिमोट कन्ट्रोलबाट चल्ने ट्रान्सपरेन्ट सटरहरू राखेको छ।

आइएमई पेको नयाँ अफर

काठमाडौं/ आइएमई पेले वालेट-टु-वालेट ट्रान्सफरलाई प्राथमिकता दिँदै 'तिमीलाई पनि, मलाई पनि' नामक अफर सार्वजनिक गरेको छ। कम्पनीले आइएमई पेमा वालेट-टु-वालेट ट्रान्सफर अर्थात् आइएमई पे वालेटबाट आइएमई पे वालेटमै पैसा पठाउने वा पाउने सेवा प्रयोग गरी स्मार्ट वाच-हेयलोउ आरटी एलएस ०५५ जित्न सकिने योजना ल्याएको हो।

आउँदो भदौ २६ गतेसम्मका लागि लागू हुने यो योजनामा प्रत्येक महिनाको अन्त्यमा दुईजना भाग्यशाली विजेता छनोट गरिने जनाइएको छ। यस अफरअन्तर्गत पैसा पठाउने ग्राहकबाट एकजना तथा पैसा पाउने ग्राहकबाट एकजना विजेता गोलाप्रथाबाट छानिने उल्लेख छ।

वालेट-टु-वालेट ट्रान्सफर (पिटुपी) सेवाको सहजता र महत्त्वको जानकारी प्रदान गर्नुका साथै ग्राहकलाई विद्युतीय भुक्तानी माध्यममार्फत कारोबार गर्न उत्प्रेरित गर्ने उद्देश्यका साथ यो अफर सार्वजनिक गरिएको कम्पनीले जनाएको छ।

साढे पाँच वर्षमा पाँच लाख नेक्सन बिक्री



काठमाडौं/ टाटा मोटर्सले भारतीय बजारमा पाँच लाखवटा नेक्सन बिक्री गरेको छ। कम्पनीको पुनास्थित रन्जनगाव म्यानुफ्याक्चरिङ युनिटमा निर्मित गाडी सन् २०१७ बाट बजारमा ल्याइएको हो। पाँच लाखमध्ये पछिल्लो सात महिनामा मात्रै एक लाख बिक्री भएको कम्पनीले जनाएको छ। नेक्सन १२ सय सिसीको रेभोट्रन पेट्रोल इन्जिन र १५ सय सिसीको रेभोटर्क डिजेल इन्जिन उपलब्ध छन्। पहिलो प्रकारमा १२० हर्सपावर एवं १७० एनएमको 'पिक टर्क'को क्षमता छ भने दोस्रो प्रकारमा १२० हर्सपावरको शक्ति एवं १७० एनएमको 'पिक टर्क'को क्षमता छ। दुवैमा म्यानुएल ट्रान्समिसन स्ट्यान्डर्डका रूपमा र सिक्स स्पिड एटिएमका रूपमा रहेको छ। सुरक्षाका लागि नेक्सनले ग्लोबल एनसिएपीद्वारा पाँचतारे गाडीको मान्यता प्राप्त गरेको छ।

एन आई सी एशिया क्यापिटल लिमिटेडको ठेगाना परिवर्तन हुने बारे जरुरी सूचना

यस एन आई सी एशिया क्यापिटल लिमिटेडको काठमाण्डौ जिल्ला का.म.पा.वडा नं. ११, बबरमहल, काठमाण्डौमा रहेको कारोबार कार्यालय **आज मिति २०८० बैशाख ३ गते आइतबार** देखि **ट्रेड टावर नेपाल, चौथो तल्ला, थापाथली वडा नं. ११, काठमाण्डौ**मा स्थानान्तरण हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

पुरानो तथा हालको ठेगाना सम्बन्धी विवरण

पुरानो कारोबार कार्यालय रहेको ठेगाना	परिवर्तन भएको कार्यालय रहेको ठेगाना तथा सम्पर्क नम्बर
बबरमहल, हनुमानस्थान, सिद्धार्थ इन्स्योरेन्स कम्प्लेक्स, तेस्रो तल्ला वडा नं. ११, काठमाण्डौ।	**ठेगाना : ट्रेड टावर नेपाल, चौथो तल्ला, थापाथली, वडा नं. ११, काठमाण्डौ। सम्पर्क नम्बर : ०१- ५७०५९९४**

NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
ट्रेड टावर नेपाल, चौथो तल्ला, थापाथली वडा नं. ११, काठमाण्डौ
फोन: ९७७-१-५७०५९९४, फ्याक्स: ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

फिल्ली क्याफेको आउटलेट लाजिम्पाटमा



काठमाडौं/ फिल्ली क्याफे नेपालले एनडी थर्टी नाइन बिजनेस ग्रुपसँगको सहकार्यमा लाजिम्पाटमा आउटलेट सुरु गरेको छ। सञ्चालक नवीन खड्का र ध्रुव रिजालका अनुसार आगामी पाँच वर्षभित्र नेपालमा २५ वटा नयाँ आउटलेट खोल्ने तयारी गरिएको छ। फिल्ली क्याफेमा चिया अर्गानिक रूपमा उत्पादन गरिन्छ र परम्परागत तरिकामा ताजापनका साथ बनाइन्छ।

जसले चियाका पारखीका लागि भ्रमण गर्नैपर्ने गन्तव्यका रूपमा अभिप्रेरित गर्छ। 'हामी काठमाडौंमा फिल्ली क्याफेको अनुभव ल्याउन पाउँदा हर्षित छौं,' फिल्ली क्याफेका संस्थापक रफिह फिल्लीले भने। फिल्ली यसको सिग्नेचर 'जाफ्रान टी'का लागि परिचित छ, जुन केसरको साथमा चियाको अद्वितीय मिश्रण हो। क्याफेले आइस्ड चाई, मिल्कसेक, मकटेल, वन कबाब, स्यान्डविच, फुडल, मोमोज र थप कुराहरू समावेश गर्ने विभिन्न प्रकारका खाजा र पेय पदार्थहरू पनि उपलब्ध गराउँछ।

फिल्लीको कथा दुबईमा एक सानो स्थानीय क्याफेका रूपमा सुरु भयो। यो रफिह फिल्लीद्वारा स्थापित गरिएको थियो, जो आफैँ चियाप्रेमी थिए। उनले आफ्नो क्याफेमा विशेष रूपमा सेवा दिइने ग्राहकलाई दोहोरिएर आउन मन लाग्ने गरी अनौठो चिया पत्ता लगाए। फिल्ली आज युएई र विश्वभरका चियाप्रेमीका लागि एक प्रतिष्ठित नाम हो।

बिग मार्टमा स्मार्ट क्युआरमार्फत भुक्तानी गर्दा छुट

काठमाडौं/ स्मार्ट क्युआरले बिग मार्टसँग सहकार्य गरी नयाँ वर्षको दिनमा सामान खरिद गरेर स्मार्ट क्युआरमार्फत भुक्तानी गर्दा छुट दिने व्यवस्था गरेको छ। कम्पनीले विद्युतीय कारोबारलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ ग्राहकले सामान खरिद गरी स्मार्ट क्युआरमार्फत भुक्तानी गर्दा १० प्रतिशत वा अधिकतम एक सय ५० रुपैयाँसम्म छुट प्राप्त गर्न सक्ने व्यवस्था गरेको हो।

स्मार्ट क्युआरमा आबद्ध विभिन्न बैंक तथा वित्तीय संस्थाका ग्राहकले बिग मार्टका सम्पूर्ण शाखामा क्युआर स्क्यान गरी भुक्तानी छुट प्राप्त गर्न सक्ने जनाइएको छ। अफरअन्तर्गत बिग मार्टका सम्पूर्ण शाखामा एनआइसी एसिया मोबाइल बैंक, आइएमई पे, ग्लोबल स्मार्ट प्लस, एभरेष्ट बैंक, हिमालयन बैंक, पेवेल, रेमिट्याप, नमस्ते पे, प्रभु पे, सजिलो पे, मोरु, आइक्यास तथा विभिन्न सहकारीका एपमार्फत पनि भुक्तानी गर्न सकिने जनाइएको छ। साथै, हरेक बुधबार र शनिबार तरकारी तथा फलफूल खरिद गरी स्मार्ट क्युआरमार्फत भुक्तानी गर्दा १५ प्रतिशत वा अधिकतम एक सय ५० रुपैयाँसम्म छुटको अफर पनि कायम रहेको जनाइएको छ।

'आइएमईको ७ मा ७ अफर'

काठमाडौं/ आइएमईले नयाँ वर्ष ०८० को अवसरमा '७ मा ७ तपाईंको मिहिनेतमा हाम्रो साथ' भन्ने नयाँ योजना सार्वजनिक गरेको छ। विदेशबाट नेपाल पैसा पठाउँदा प्रत्येक साता, प्रत्येक प्रदेशबाट एकजनाका दरले सात प्रदेशका सातजना गरी चार हप्ताका कुल २८ विजेताहरूलाई जनही नगद सात हजार प्रदान गरिनेछ। उक्त योजना ०८० वैशाख १ गतेदेखि ३१ गतेसम्मका लागि सञ्चालन हुनेछ।

योजना अवधिभर ७ प्रदेशबाट २८ जना भाग्यशाली विजेताहरूको घोषणा सिस्टममा आधारित लक्की ड्रामार्फत गरिनेछ। योसम्बन्धी जानकारी कार्यालयका आधिकारिक सामाजिक सञ्जाल र वेभ पेजहरूका अतिरिक्त आमसञ्चारमाध्यममार्फत सार्वजनिक गरिनेछ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६०६८७

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलका ऋणीहरुले उपभोग गरेको ऋणको बापत बुझाउनु पर्ने बाँकी साँवा, ब्याज लगायतका अन्य बक्यौता रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋणीले कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित तरिकाले गर्दा समेत सो बाँकी साँवा ब्याज लगायतका अन्य भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले तपशिलका ऋणीहरुको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋणको सम्पूर्ण बाँकी साँवा, ब्याज र अन्य बक्यौता रकम भुक्तान गर्नुहोला। अन्यथा बाँकी बक्यौता भुक्तानी नगर्ने ऋणीहरुको नाम कालोसूचीमा समावेश गर्नुका साथै प्रचलित ऐन कानुन तथा यस बैंकसंग गरेको लिखत बमोजिम बैंकको आफ्नो लेना रकम असुल उपर गरिने छ।

तपसिल

ऋणीहरुको विवरण

१) पंकज कुमार राय ना.प्र.प.नं. : ०६१०२५/१७३०५४ स्थायी ठेगाना : सुनसरि जिल्ला, रामगञ्ज बेलगाछिया गा.वि.स वडा नं. २ हालको ठेगाना: सुनसरि जिल्ला, बर्जु न.पा वडा नं. २ बाबु : विशो प्रसाद राय बाजे : शिव नारायण राय कर्जा शिर्षक : क्रेडिट कार्ड	**२) ओकर्ण प्रसाद भट्ट** ना.प्र.प.नं. : ९३८०३ स्थायी ठेगाना : नुवाकोट जिल्ला, दुईपिपल गा.वि.स वडा नं. ७ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. १४ बाबु : मेघनाथ भट्ट बाजे : ढुन्डपानी भट्ट कर्जा शिर्षक : क्रेडिट कार्ड	**३) कृष्ण सागर देव** ना.प्र.प.नं. : १६१००१-४३२ स्थायी ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा वडा नं. ९ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ३५ बाबु : शिव कुमार देव बाजे : भिको लाल देव शिर्षक : क्रेडिट कार्ड	**४) मित्र मनि बराल** ना.प्र.प.नं. : २८५७९ स्थायी ठेगाना : मोरङ्ग जिल्ला, लेटाङ म.न.पा वडा नं. ५ हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. १३ बाबु : दुर्गा प्रसाद बराल बाजे : दाताराम बराल कर्जा शिर्षक : क्रेडिट कार्ड
५) संजिव कुमार झा ना.प्र.प.नं. : ३०२०५०१५ स्थायी ठेगाना : मोहतरी जिल्ला, एकसहिया गा.वि.स वडा नं. १ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ३२ बाबु :जयरुद्र नारायण झा बाजे :वशिष्ठ नारायण झा कर्जा शिर्षक : क्रेडिट कार्ड	**६) इस्तेहाक अहमद मुसलमान** ना.प्र.प.नं. : २५७५५ ठेगाना : रुपन्देहि जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ०६ बाबु : नासिर अहमद मुसलमान बाजे : अज्ञी मुल्लाह कर्जा शिर्षक: क्रेडिट कार्ड	**७) अमर बहादुर ठकुरी** ना.प्र.प.नं.: २००५७ स्थायी ठेगाना : कैलाली जिल्ला, घनगढी न.पा वडा नं. ०५ हालको ठेगाना :काठमाडौं जिल्ला, का.म.न.पावडा नं. ३३ बाबु : दिर्घ बहादुर ठकुरी बाजे : प्रताप ठकुरी कर्जा शिर्षक : क्रेडिट कार्ड	**८) प्रज्वल अधिकारी** ना.प्र.प.नं. : ८५१०६०/१०७१५ स्थायी ठेगाना : लम्जुङ जिल्ला, उदिपुर गा.वि.स वडा नं. ३ हालको ठेगाना :काठमाडौं जिल्ला, किर्तिपुर न.पा वडा नं. १ बाबु : नविन अधिकारी बाजे : रमा प्रसाद अधिकारी कर्जा शिर्षक : क्रेडिट कार्ड
९) राजकुमार बस्नेत ना.प्र.प.नं. : २४१०३४/१६४ स्थायी ठेगाना: सिन्धुपाल्चोक जिल्ला, कुन्चोक गा.वि.स वडा नं. ७ हालको ठेगाना : काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा वडा नं. १० बाबु : चुत्र बहादुर बस्नेत बाजे : मन बहादुर बस्नेत कर्जा शिर्षक : क्रेडिट कार्ड	**१०) सरत्र मान बि.क** ना.प्र.प.नं. : ६५३३९ स्थायी ठेगाना : उदयपुर जिल्ला, हर्दैनी गा.वि.स वडा नं. ८ हालको ठेगाना : काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा वडा १० बाबु : सन्त लाल कामी बाजे : सरुने बि.क कर्जा शिर्षक : क्रेडिट कार्ड	**११) दिलिप कुमार मण्डल** ना.प्र.प.नं.: ७५७०४६२८ स्थायी ठेगाना : धनुषा जिल्ला, फुलगाम न.पा वडा नं. १ हालको ठेगाना : धनुषा जिल्ला, जनकपुर उप.म.न.पा वडा नं.१२ बाबु : राम सेवक मण्डल बाजे : अनुष मण्डल कर्जा शिर्षक : क्रेडिट कार्ड	**१२) राम बहादुर राई** ना.प्र.प.नं. : ४८७१०/३०१७ स्थायी ठेगाना : इलाम जिल्ला, सिद्धिथुम्का गा.वि.स वडा नं. २ हालको ठेगाना : काठमाडौं जिल्ला, किर्तिपुर न.पा वडा नं. १७ बाबु : शुक बहादुर राई बाजे : कृति मान राई कर्जा शिर्षक : क्रेडिट कार्ड
१३) यश राज महर्जन ना.प्र.प.नं. : ६२४०/१५१४८ स्थायी ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ३० हालको ठेगाना : लमजुङ जिल्ला, बेसीशहर न.पा वडा नं. ७ बाबु : धन महर्जन बाजे : अश महर्जन कर्जा शिर्षक : क्रेडिट कार्ड	**१४) अंकु वर्णवाल** ना.प्र.प.नं. : ०५-०१-७०-१९२६२ ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं. १४ बाबु : गौतम वर्णवाल बाजे : दुखाई वर्णवाल कर्जा शिर्षक : क्रेडिट कार्ड	**१५) कवित नारायण राजवंशी** ना.प्र.प.नं. : ११८०२१८२ स्थायी ठेगाना : झापा जिल्ला, भद्रपुर उ.म.न.पा. ६ हालको ठेगाना : काठमाडौं जिल्ला, का. म. न. पा. वडा नं. १० बाबु : गोपाल मान सिह राजवंशी बाजे : मेघा राजवंशी कर्जा शिर्षक : क्रेडिट कार्ड	

नोट: ऋणी बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणीको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

आइतबार ३ वैशाख ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.के.ह.नि.इ.न. १७/०६९/७७०

रेफ्रीमाथि प्रश्न

रेफ्रीकै कारण नतिजा तल-माथि भएको भन्दै सहिद स्मारक 'ए' डिभिजन लिगका अधिकांश क्लबले असन्तुष्टि जनाउँदै आएका छन्

रमेश सुवेदी/नयाँ पत्रिका
काठमाडौं, २ वैशाख

सहिद स्मारक 'ए' डिभिजन लिग ०७९-८० मा रेफ्रीको निर्णयमाथि प्रश्न उठ्न थालेको छ। बारम्बार रेफ्रीको गलत निर्णयले क्लब डुब्ने स्थिति आएको अधिकांश क्लबले आरोप लगाएका छन्। शनिबार जारी लिगको ५८औँ खेलमा मच्छिन्द्र फुटबल क्लब र न्युरोड टिम एनआरटीले प्रतिस्पर्धा गरेका थिए। दशरथ रंगशालामा साबिक दुईपटकको च्याम्पियन मच्छिन्द्र एनआरटीसँग १-१ को बराबरीमा रोकियो। खेलपछि भएको पत्रकार सम्मेलनमा दुवै टोलीका प्रशिक्षकले रेफ्रीमाथि असन्तुष्टि जनाए। 'रेफ्री सधैं निष्पक्ष हुनुपर्छ। तर, आज त्यस्तो देखिएन,' साबिक दुईपटकको च्याम्पियन मच्छिन्द्रका प्रशिक्षक किशोरकुमार केसीले दुखेसो पोखे।

उनले घटनाको विषयमा टोली व्यवस्थापकले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई अपिल गर्ने बताए। केसी मच्छिन्द्रको प्रशिक्षण सम्हाल्न आएयता पहिलो बराबरी नतिजा निकालेको हो। अघिल्ला दुई खेलमा मच्छिन्द्रले खुमलटारलाई ७-३ र संकटालाई २-० ले पराजित गरेको थियो। केसीले सुन्दर फुटबल खेल्न आएको, तर सफल नभएको प्रतिक्रिया दिँदै एनआरटीले राम्रो प्रदर्शन गरेको भन्दै तारिफ गरे।

आफिजलाई रातो कार्ड

दशरथ रंगशाला, च्यासल मैदान र एन्फा कम्प्लेक्समा भइरहेको लिगमा सात रेफ्री र १७ असिस्टेन्ट रेफ्री छन्। जसमा चार फिफा रेफ्री र ६ असिस्टेन्ट रेफ्रीले निर्णायक भूमिका पाएका छन्। मच्छिन्द्र र एनआरटीबीचको खेल रेफ्री श्याम दनुवारले खेलाएका थिए। असिस्टेन्ट रेफ्रीमा सहदेव श्रेष्ठ र मधुकर आचार्य तथा फोर्थ रेफ्रीमा ज्ञानबहादुर मोक्तान थिए। रेफ्री एसेसर श्रीराम रज्जितकार हुन्। खेलको ८७औँ मिनेटमा पेनाल्टी नपाएपछि एनआरटीका अफिसियलले फोर्थ रेफ्रीलाई अपिल गरेका थिए। मच्छिन्द्रका विदेशी रक्षक आमोलाजा नुरैन करिमले पेनाल्टी बक्समा हातले बल रोकेका थिए। एनआरटीका पदाधिकारी र खेलाडीले पेनाल्टीको अपिल गरे पनि रेफ्री दनुवारले कुनै प्रतिक्रिया जनाएनन्।

खेलपछि मच्छिन्द्रको पूरा टोली नै रेफ्रीमाथि जाइलागेको थियो। विवादमा उत्रिएपछि रेफ्री दनुवारले मच्छिन्द्रका विदेशी स्ट्राइकर आफिज ओलावाले ओलादिपोलाई दोहोरो पहँलो कार्ड देखाए। यसपछि मच्छिन्द्रका खेलाडी र अफिसियल रेफ्रीसँग वादविवादमा उत्रिए। रातो कार्डपछि आफिजले दशौँ चरणमा विभागीय टोली सशस्त्र प्रहरी बल एपिएफसँगको खेल गुमाउनेछन्। जारी लिगमा ६ खेल खेलेका आफिजले एक ह्याट्रिकसहित आठ गोल गरिसकेका छन्।



खेलपछि रेफ्रीसँग विवाद गर्दै मच्छिन्द्रका खेलाडीहरू। तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

रेफ्रीकै कारण क्लब डुब्न सक्छ : शाक्य

खेलपछि एनआरटीका प्रशिक्षक राजुकाजी शाक्यले नेपाली फुटबल विकासमा रेफ्रीको पनि हात रहने र उनीहरूले निष्पक्ष भूमिका खेल्नुपर्ने बताए। 'फुटबलमा रेफ्रीको निर्णय नै अन्तिम हुन्छ। तर, उनीहरूले आफूलाई सुधार गर्नुपर्छ। बारम्बार रेफ्रीको गल्तीका कारण क्लब डुब्ने स्थिति सिर्जना हुन्छ,' रेफ्रीको विषयमा खासै प्रतिक्रिया नजनाउने शाक्यले शनिबार दुखेसो पोखे। 'म खासै रेफ्रीको विषयमा त्यति बोल्दिनँ। तर, आज बोल्नैपर्ने भयो। स-साना गल्तीमा पनि खेल रोकिरहेका छन्,' उनले निराशा जनाए। 'हामी रेलिगेसन क्षेत्रमा रहेको टोलीलाई सानातिना गल्तीले पनि धेरै समस्या हुन्छ। संकटाविरुद्ध पनि यस्तै निर्णय भएको थियो, जसका कारण हामी संकटाविरुद्ध हार्न पुग्यौं,' शाक्यले भने। लिगको ५३औँ खेलमा एनआरटी संकटासँग २-१ ले पराजित भएको थियो। लिगमा रेफ्रीमाथि दुई क्लब मात्रै हैन, अन्य क्लबले पनि दुखेसो पोखेका छन्। पहिलोपटक ए डिभिजन लिग खेल्दै गरेको चर्च ब्वाइज युनाइटेड, त्रिभुवन आर्मी क्लब, फ्रेन्ड्स क्लबले यसअघि प्रश्न तेर्स्याउँदै आएका छन्।

जावलाखेल शीर्ष स्थानमा

कीर्तिमानी आठौँपटकको लिग च्याम्पियन मनाङ मर्स्याङ्दी क्लबलाई हराउँदै जावलाखेल युथ क्लब तालिकाको शीर्ष स्थानमा उक्लिएको छ। च्यासल मैदानमा जावलाखेलले मनाङलाई ३-० ले हरायो। जितसँगै जावलाखेलले नौ खेलमा पाँच जित, दुई बराबरी र दुई हारको नतिजासहित १७ अंक जोडेको छ। चार जित, तीन बराबरी र दुई हारको नतिजासहित १५ अंक जोडेर मनाङ तेस्रो स्थानमा झर्‍यो। जावलाखेललाई जित दिलाउन विदेशी खेलाडी एनकोटो मासोआबीले दुई तथा फोडे फोफानाले एक गोल गरेका थिए। खेलको चोथो मिनेटमा आसोआबीले गोल गर्दै जावलाखेललाई अग्रता दिलाए। बाँकी समयमा गोल फर्काउन प्रयास गरेको मनाङले ६ मिनेटको इन्जुरी समयमा थप दुई गोल बेहोर्‍यो। इन्जुरी समयको दोस्रो मिनेटमा समिराज थोकरको पासमा फोफानाले हेड गोल गरे। इन्जुरी समयकै छैटौं मिनेटमा फोफानाले मिलाएको बललाई मासोआबीले गोलमा परिणत गरेका थिए। जारी लिगमा उनको यो छैटौं गोल हो।

खुमलटारले आर्मीलाई हरायो

खुमलटार युथ क्लबले विभागीय टोली त्रिभुवन आर्मी फुटबल क्लबलाई ३-२ अन्तरले पराजित गरेको छ। दशरथ रंगशालामा खुमलटारलाई जित दिलाउन विदेशी खेलाडी मेसौके ओलुमोउले दुई गोल गरे। कप्तान रेजिन सुब्बाले एक गोल थपेका थिए। आर्मीका लागि नवयुग श्रेष्ठ र सुशान्त चौधरीले समान एक गोल फर्काए। तेस्रो जितपछि खुमलटारले ९ खेलबाट १० अंक जोडेको छ। यता, तेस्रो हार बेहोरेको आर्मीको १२ अंक छ।

खेलको सातौँ मिनेटमा मेसौकेले खुमलटारलाई अग्रता दिलाए। १८औँ मिनेटमा नवयुगले पेनाल्टीमार्फत बराबरी गोल गरे। २७औँ मिनेटमा मेसौकेले व्यक्तिगत दोस्रो गोल गर्दा खुमलटारले पहिलो हाफमा २-१ को अग्रता बनायो। ५२औँ मिनेटमा रेजिनले तेस्रो गोल गरे। सुशान्तले अन्तिम मिनेटमा एक गोल गरे पनि आर्मीको हार टार्न सकेनन्।

खेल संक्षेप

केपिलासगढीलाई उपाधि

खोटाङ/ राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको जिल्लास्तरीय छनोट उपाधि केपिलासगढी गाउँपालिकाले जितेको छ। केपिलासगढी गाउँपालिकाले १६ स्वर्ण, १२ रजत र ११ कांस्य पदकसहित प्रथम स्थान हासिल गरेको हो। जिल्लाका दशमध्ये सात स्थानीय तहका विद्यालयमा अध्ययनरत छात्र-छात्रा सहभागी जिल्लास्तरीय १३औँ राष्ट्रपति रनिङ सिल्ड आयोजना भएको थियो। प्रतियोगितामा ६ स्वर्ण, दुई रजत र १२ कांस्य पदकसहित साकेला गाउँपालिका दोस्रो भयो। चार स्वर्ण, चार रजत र १० कांस्य पदकसहित दिप्रुङ चुइचुम्म गाउँपालिका तेस्रो भएको छ। दुई स्वर्ण, दुई रजत र एक कांस्य पदकसहित ऐँसेलुखर्क गाउँपालिका चौथो तथा दुई स्वर्ण र दुई रजत पदकसहित हलेसी तुवाचुङ गाउँपालिका पाँचौं भयो।

जिल्लास्तरीय रनिङ सिल्ड प्रतियोगितामा विभिन्न पाँच विधा (एथलेटिक्स, भलिबल, कबड्डी, सितोरियो कराँते र तेक्वान्दो)मा १३८ पदकका लागि प्रतिस्पर्धा गरिएको हो। दिक्तेलस्थित माटिकोरे खेलमैदानमा सञ्चालन भएको जिल्लास्तरीय प्रतियोगिताअन्तर्गत एथलेटिक्समा २६ स्वर्ण, २६ रजत र २६ कांस्य, कबड्डीमा दुई स्वर्ण, दुई रजत र दुई कांस्य, भलिबलमा दुई स्वर्ण, दुई रजत र दुई कांस्य, सितोरियो कराँतेमा आठ स्वर्ण, आठ रजत र आठ कांस्य तथा तेक्वान्दोमा आठ स्वर्ण, आठ रजत र आठ कांस्य पदकका लागि प्रतिस्पर्धा गरिएको हो।

उपाधिका लागि आर्मी र एनबिएससी भिड्दै

विराटनगर/ विराटनगरमा जारी प्रथम ऋचा मेमोरियल टी-२० क्रिकेट प्रतियोगिताको उपाधिका लागि त्रिभुवन आर्मी क्लब र घरेलु टोली एनबिएससीले प्रतिस्पर्धा गर्ने भएका छन्। शनिबार विभागीय टोली नेपाल पुलिस क्लबलाई ४ रनले स्तब्ध पार्दै एनबिएससी उपाधिनजिक पुगेको हो।

समूह बीमा एनबिएससी लगातार तेस्रो जित निकाल्दै शीर्ष स्थानमा रह्यो। यसअघि, आर्मी समूह एमा लगातार तेस्रो जित निकाल्दै अन्तिम दुईमा स्थान बनाउन सफल भयो। शनिबार नै भएको खेलमा सुदूरपश्चिमको एनबी ग्रुप धनगढीले पहिलो जित निकालेको थियो। पहिलो जित निकालेको सुदूरपश्चिम तेस्रो भयो। पाहुना टोली दिल्ली भने जितविहीन रहँदै घर फर्कियो।

अवार्ड वितरण पारदर्शी हुनुपर्नेमा जोड

कास्की/ कास्की जिल्लाका खेल संघ तथा क्लबले सातौँ संस्करणको 'पोखरा स्पोर्टस् अवार्ड २०७९' लाई सघाउने प्रतिबद्धता जनाएका छन्। शनिबार आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले पोखरा रंगशालामा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सहभागी बन्दै संघहरूले अवार्ड वितरणलाई पारदर्शी बनाउनुपर्नेमा जोड दिए। साथै, उनीहरूले अवार्डको उचाइ बढाउँदै लैजानुपर्ने बताएका थिए। २३ वैशाखमा अवार्ड आयोजना हुँदै छ। अवार्ड कार्यक्रममा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिनेछ।

कारु ट्रस्टलाई उपाधि

काठमाडौं/ कारु ट्रस्टले यू-१५ माझिटार गोल्डकपको उपाधि जितेको छ। गोरखाको माझिटारमा भएको उपाधि भिडन्तमा कारु ट्रस्टले नलाङ युवा क्लब कालिदहलाई २-० ले पराजित गरेको हो। जितसँगै कारु ट्रस्टले १५ हजार नगद पुरस्कार जितेको छ। उपविजेता भएको नलाङले १० हजार पायो। गण्डकी युवा क्लबले आयोजना गरेको प्रतियोगिताको फाइनल खेलमा सुलभ खतिवडाले दुवै गोल गरेका थिए। प्रतियोगितामा धादिङ र गोरखाका १५ टिमले सहभागिता जनाएका थिए।

घरेलु मैदानमै रोकियो बायर्न

एजेन्सी/ च्याम्पियन्स लिगमा म्यानचेस्टर सिटीसँगको हारपछि स्वाभाविक लय गुमाएको बायर्न म्युनिख जर्मन बुन्डेस लिगामा शनिबार होफेनहाइमसँग १-१ गोलको बराबरीमा रोकिएको छ। घरेलु मैदान एलिएन्ज एरिनामा एक गोलको अग्रता जोगाउन नसक्दा बायर्नले दुई अंक गुमाएको हो। खेलको १७औँ मिनेटमा बेन्जामिन पाभर्डले गोल गर्दै बायर्नलाई १-० को अग्रता दिलाएका थिए। किङ्स्ले कोम्यानको पास सदुपयोग गर्दै पाभर्डले गोल गरेका हुन्। पहिलो हाफमा १-० ले पछि परेको होफेनहाइम ७१औँ मिनेटमा फर्कियो। आन्द्रेज क्रामारिकले बराबरी गोल गरे। खेलपछि बायर्नले २८ खेलमा १७ जित, आठ बराबरी र तीन हारसहित ५९ अंक जोडेको छ। बायर्न डर्टमन्डभन्दा दुई अंक माथि रहँदै शीर्ष स्थान कायम राखेको छ। एकै समय भएको खेलमा डर्टमन्ड स्टुटगार्डसँग ३-३ गोलको बराबरीमा रोकिँदा शीर्ष स्थानमा बायर्नलाई फाइदा भएको हो। बायर्नलाई रोकेको होफेनहाइम २९ अंक जोडेर १३औँ स्थानमा रहेको छ।



जारी सिजन बायर्न खराब लयबाट गुज्रिएको छ। बिहीबार बिहान मात्रै क्लब च्याम्पियन्स लिगको पहिलो लेगमा सिटीसँग ३-० ले पराजित भएको थियो। सिटीको मैदानमा बायर्नले कुनै पनि समय दबाब सिर्जना गर्न सकेन। दोस्रो लेग २३ अप्रिलमा बायर्नको घरेलु मैदानमै हुनेछ। बायर्नले गत हप्ता मात्रै थोमस टुचेललाई मुख्य प्रशिक्षकमा नियुक्त गरे पनि लयमा फर्कन सकेको छैन। दोस्रो लेगबाट माथि बढ्न बायर्नलाई सिटीविरुद्ध कम्तीमा ४-० को जित आवश्यक पर्नेछ।

चेल्सी पराजित

इंग्लिस प्रिमियर लिगमा चेल्सी ब्राइटनसँग पराजित भएको छ। घरेलु मैदान स्टामफोर्ड ब्रिजमा चेल्सी २-१ ले पराजित भयो। हारपछि चेल्सी ३१ खेलबाट ३९ अंक जोड्दै ११औँ स्थानमा छ। ब्राइटन २९ खेलबाट ४९ अंकसहित सातौँ स्थानमा रहेको छ। ७३ अंक जोडेको आर्सनल शीर्ष स्थानमा छ। फ्राङ्क लाम्पार्टको प्रशिक्षणमा रहेको चेल्सीले सुरुवाती अग्रता जोगाउन नसक्दा हार टार्न सकेन। ब्राइटनको जितमा डानी वेलबेक र जुलियो एनचिसोले एक-एक गोल गरेका थिए। चेल्सीका लागि कोनर घालाघेरले एक गोल गरे। खेलको १३औँ मिनेटमा कोनरले घरेलु टोलीलाई अग्रता दिलाएका थिए। पहिलो हाफमै भ्रमणकारी ब्राइटन खेलमा फर्कियो। वेलबेकले पास्कलको पास सदुपयोग गर्दै बराबरी गोल फर्काएका थिए। ६९औँ मिनेटमा जुलिओले विजयी गोल गरेका हुन्।

अभ्यास खेलमा नेपालले ओमानलाई हरायो

नयाँ पत्रिका
काठमाडौं, २ वैशाख

एसिसी प्रिमियर कपअघि भएको अभ्यास खेलमा नेपाली राष्ट्रिय क्रिकेट टोलीले ओमानलाई पाँच विकेटले हराएको छ। कीर्तिपुरस्थित त्रिवि खेलमैदानमा भएको खेलमा प्रशिक्षक मोन्टी देसाईले युवा खेलाडीलाई अवसर दिएका थिए। ओमानले दिएको दुई सय ४७ रनको लक्ष्य नेपालले ४४.४ ओभरमा ५ विकेट गुमाउँदै भेट्टाएको थियो। अर्को अभ्यास खेलमा कुवेतले बहराइनलाई एक विकेटले हरायो।

अर्जुन, रोहित र दीपेन्द्रको अर्धशतक

नेपालको जितमा युवा ओपनर अर्जुन साउद, कप्तान रोहितकुमार पौडेल र दीपेन्द्रसिंह ऐरीले अर्धशतक इनिङ्स खेलेका थिए। ओपनर अर्जुनले सर्वाधिक ६७ रन बनाए। कप्तान रोहितले ५८ र दीपेन्द्रले ५९ रन बनाए। ओमानका कप्तान जिसान मकसुदले २ विकेट लिए। यसअघि, टस हारेर पहिला ब्याटिङ गरेको ओमानले ५० ओभरमा ९ विकेट गुमाउँदै दुई सय ४६ रनको मध्यम स्कोर बनाएको थियो।

ओमानका सोएब खानले शतकीय इनिङ्स खेले। सोएबले एक सय १० रनको अविजित इनिङ्स खेले। यसैगरी, ओपनर जतिन्दर सिंहले ४२ रन बनाउँदा मोहम्मद नदिमले २४ रनको योगदान गरे। नेपालका किशोर महतोले सर्वाधिक तीन विकेट लिए। यसैगरी, युवा बलर प्रतिश जिसी र सूर्य तामाङले समान दुई विकेट हात पारे।



पहिलो खेल मलेसियासँग

प्रतियोगिताको पहिलो खेलमा नेपालले मलेसियासँग खेल्ने तालिका छ। खेल मंगलबार कीर्तिपुरमा हुनेछ। समूह एमा नेपालसँगै ओमान, कतार, मलेसिया र साउदी अरेबिया छन्। समूह बीमा संयुक्त अरब इमिरेट्स (युएई), हङकङ, कुवेत, सिंगापुर र बहराइन छन्। प्रतियोगिताका ११ खेल मूलपानी क्रिकेटको माथिल्लो मैदानमा हुनेछ। नेपाल र साउदी अरेबियाबीचको खेलसमेत मूलपानीमा हुने कार्यक्रम छ।

१० टोली सहभागी प्रतियोगिताको उपाधि जित्ने टोलीले एसिया कप खेल्ने अवसर पाउनेछ, जहाँ भारत र पाकिस्तानसँग प्रतिस्पर्धा हुनेछ।

दिल्लीको पाँचौं हार

एजेन्सी/ दिल्ली क्यापिटल्सले इन्डियन प्रिमियर लिग (आइपिएल)मा लगातार हार शृंखला पाँचौं खेलमा पुऱ्याएको छ। शनिबार भएको खेलमा दिल्ली रोयल च्यालेन्जर्स बेंगलोरसँग २३ रनले पराजित भयो। बेंगलोरको जितमा विराट कोहलीले अर्धशतकीय इनिङ्स खेले। यसअघि, दिल्ली लखनऊ सुपर जायन्ट्ससँग ५० रन, गुजरात टाइटन्ससँग ६ विकेट, राजस्थान रोयल्ससँग ५७ रन र मुम्बई इन्डियन्ससँग ६ विकेटले पराजित भएको हो।

लगातारको हारपछि दिल्लीको शीर्ष चार यात्रा कठिन बनेको छ। दिल्ली विनाअंक पुछारमा छ। बेंगलोरको चार खेलबाट चार अंक छ। एक सय ७५ रनको विजयी लक्ष्य पछ्याएको दिल्लीले प्रत्युत्तरमा एक सय ५१ रन मात्रै बनाउन सक्यो। दिल्लीका मनीष पाण्डेले अर्धशतकीय इनिङ्स खेले।

पाँचौं नम्बरमा क्रिजमा आएका मनीषले ३८ बलमा पाँच चौका र एक छक्कासहित सर्वाधिक ५० रन बनाए। त्यसअघि, घरेलु मैदानमै टस हारेर पहिला ब्याटिङ गरेको बेंगलोरले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै एक सय ७४ रन बनाएको थियो। बेंगलोरका कोहलीले ३४ बलमा ६ चौका र एक छक्कासहित सर्वाधिक ५० रनको योगदान गरेका थिए।

रोहित र पर्सिकबीच सम्झौता नवीकरण

काठमाडौं/ नेपाली राष्ट्रिय फुटबल टोलीका डिफेन्सिभ मिडफिल्डर रोहित चन्द ठकुरीले इन्डोनेसियाको लिग वान क्लब पर्सिक कदिरी एफसीसँगको सम्झौता नवीकरण गरेका छन्। पर्सिक र रोहित दुवैले सामाजिक सञ्जालमार्फत नयाँ सिजन २०२३-०२४ का लागि सम्झौता नवीकरण भएको जनाएका हुन्। 'सन् २०२४ सम्म क्लबमै रहने निर्णय गरेको छु,' रोहितले लेखेका छन्। पर्सिकले लिगमा सँगै रहने हुँदा खुसी व्यक्त गरेको छ। 'हामी फेरि सँगै रहने भएका छौं,' क्लबले भनेको छ। 'यो सिजनका लागि धन्यवाद, आगामी सिजनसमेत क्लबसँगै रहेर प्रतिस्पर्धा गर्नेछौं।'



सम्झौता नवीकरणसँगै ३१ वर्षीय रोहितले लगातार दोस्रो सिजन पर्सिकबाट खेल्ने भएका छन्। रोहित गत वर्ष पर्सिकमा अनुबन्धित भएका थिए। लिगको सुरुवाती आठ खेलसम्म रेलिगेसन क्षेत्रमा रहेको पर्सिक पुनरागमन गर्दै लयमा फर्किएको थियो। ३४ खेलमा १२ जित, आठ बराबरी र १४ हार बेहोरेको पर्सिक ४४ अंक जोड्दै ११औँ स्थानमा रह्यो। त्यसअघि, रोहितले पाँच वर्ष पर्सिजा जकार्तामा बिताएका थिए। क्लबले उपाधिसमेत जितेको थियो। रोहितले पिएसपिएस पेकान्बारूबाट खेल्दै इन्डोनियाको यात्रा सुरु गरेका हुन्। रोहितको महत्त्वपूर्ण प्रदर्शनमा नेपालले भुटान र लाओस सम्मिलित थ्री नेसन्स कपको उपाधि जितेको थियो।

एपिएफ च्याम्पियन

सशस्त्र प्रहरी बलको एपिएफ क्लबले नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा पराजित गऱ्यो

नयाँ पत्रिका
काठमाडौं, २ वैशाख

सशस्त्र प्रहरी बलको एपिएफ क्लबले पहिलो पोष्टबहादुर बोगटी स्मृति कप राष्ट्रिय पुरुष भलिबल प्रतियोगिताको उपाधि जितेको छ। शनिबार त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा एपिएफले पुलिसलाई ३-१ को सेटमा हरायो। पहिलो सेट एपिएफले २५-२० ले जित्यो। ११-७ को अग्रता बनाए पनि पुलिस ब्लक र सर्भिसमा कमजोर रहँदा पहिलो सेट गुमाउन पुगेको थियो। दोस्रो सेटमा पुनरागमन गर्दै पुलिस २५-१८ ले विजयी भयो। तर, राष्ट्रिय टोलीका खेलाडीको साथ पाएको एपिएफले तेस्रो सेट २५-१६ र चौथो सेट २५-२२ जित्न सफल भएको हो। जितसँगै एपिएफले समूह चरणमा बेहोरेको ३-० को सोझो सेटको हारको बदलासमेत लिएको छ।

च्याम्पियन एपिएफले चार लाख र दोस्रो भएको पुलिसले २ लाख नगद प्राप्त गरे। पोष्टबहादुर बोगटी स्मृति प्रतिष्ठानद्वारा आयोजित प्रतियोगिताको तेस्रो स्थान विभागीय टोली त्रिभुवन आर्मी क्लबले प्राप्त गऱ्यो। आर्मीले गण्डकी प्रदेशलाई ३-० को सोझो सेटमा हरायो। २५-१८, २५-११ र २ ९-२७ ले खेल जितेको आर्मीले एक लाख पायो। चोथो भएको गण्डकीले ५० हजार प्राप्त गरेको छ।



टेकराज सर्वोत्कृष्ट खेलाडी

एपिएफका ओपन स्पाइकर टेकराज अवस्थी सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन्। राष्ट्रिय टोलीका सदस्यसमेत रहेका टेकराजले नगद १५ हजार प्राप्त गरे। प्रतियोगिताको उत्कृष्ट स्पाइकरमा आर्मीका धनबहादुर भट्ट क्षेत्री, लिबेरोमा एपिएफका विनोद चन्द, सेटरमा एपिएफकै लोकेन्द्र गिरी, ब्लकरमा एपिएफका सुनील घर्तीमगर, सर्भरमा पुलिसका इम रानामगर तथा प्रशिक्षकमा एपिएफका महेशप्रसाद चौधरी उत्कृष्ट भए। उत्कृष्ट सबैले जनही १० हजार नगद पुरस्कार जितेका छन्। पाँच टोली सहभागी प्रतियोगिताका विजेतालाई सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा, राखेपका सदस्यसचिव टंकलाल घिसिङ, आयोजक प्रतिष्ठानका अध्यक्ष श्रीकृष्ण अधिकारी र महासचिव निर्मल आचार्यलगायतले पुरस्कृत गरे।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com